वर्षका १० आख्यान र गैरआख्यान

आइतबार • २ वैशाख २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक
nepal.ekantipur.com



शक्तिमान्

वर्षव्यक्ति : केपी ओली

साथमा, प्रधानमन्त्री ओलीसँग विशेष अन्तर्वार्ता

DOMINAR 400	Pulsar 200NS	Pulsar NS160	Pulsar 220F DTS-i	Pulsar 180 DTS-i	Pulsar 150 DTS-i	AVENGER CRUISE 220	AVENGER STREET 220 / 150	V	Discover 150	Discover 125 DISC / DRUM	PLATINA ES
Rs. 4,69,900/-	Rs. 2,95,900/-	Rs. 2,63,900/-	Rs. 2,93,900/-	Rs. 2,54,900/-	Rs. 2,42,900/-	Rs. 3,09,900/-	Rs. 2,98,900/- Rs. 2,60,900/-	Rs. 2,15,900/-	Rs. 2,05,900/-	Rs.1,90,900/- Rs. 1,81,900/-	Rs. 1,56,900/-

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
चिसो चिसो
COOL COOL
नवरत्न
आयुर्वेदिक तेल

मित्र

आइतबार, २ वैशाख २०७५ (वर्ष १८, अंक ३५)

NEPAL National Weekly, 15 April 2018 (Vol. 18, No.35)

नेपाल

www.nepal.ekantipur.com

२२

प्रधानमन्त्री केपी ओली भारतीय समकक्षी नरेन्द्र मोदीसँग, २३ चैत नयाँदिल्लीमा

केपी ओलीको वर्ष

तस्बिर स्रोत : नरेन्द्र मोदीको ट्वीट

समाचार निर्माताहरू

३४

४४ वर्षका ५ फिल्म

१६ प्रतिनिधिसभा

पार्टीका स्वतन्त्र

२० यातायात

सिन्डीकेटलाई खुच्चिङ !!

४२ वर्षका १० आख्यान र गैरआख्यान

५१ पर्सोनाज/कुमार नगरकोटी

डीपी भण्डारीको वेडिङ कार्ड

५४ झल्याकझुलुक

कुर्दाकुर्दै हैरानी

४८ जीवन यात्रा

नारायणगोपालकै लागि जन्मिएकी

स्थायी स्तम्भ >>

चिठ्ठी (६), स्मरण (७), सोझै (८), परिहास (१०), सूचना/प्रविधि (५२), झल्याकझुलुक (५४), अचानक (५६), नोटबुक (५८)

सुप्पत बात : सुरेन्द्र लाभ १२

बगानमा लालाबाला १४

शिक्षा : घोकन्ते होइन, व्यावहारिक ४६

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा

सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल

कपी डेस्क : ईश्वरी ज्ञवाली, गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २५ चैत २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

यसरी पो चलेको रहेछ देश !

अनर्थतन्त्र

मुलुकको अर्थतन्त्रको औपचारिक आकार बराबरकै भूमिगत कारोबार रहेछ भन्दा आश्चर्य लाग्यो *(अनर्थतन्त्र, चैत २५)* ! यसबाट पनि पुष्टि हुन्छ, नेपालको अर्थतन्त्रमा भूमिगत कारोबारको हिस्सा कति रहेछ भन्ने । अझ रोचक पक्ष त के भने कुल गार्हस्थ्य उत्पादनको ४० प्रतिशत अनौपचारिक माध्यमबाट कारोबार हुने गरेको छ । कानुनी दायरामा नआएका कारोबारलाई अनौपचारिक अर्थतन्त्र भन्ने गरिन्छ भने वास्तविकताभन्दा कम वा बढी खरिद मूल्य देखाएर गरिने कारोबारलाई अनौपचारिक कारोबार । अनौपचारिक अर्थतन्त्रमा वैध कारोबार भए पनि कर नतिरी सम्पत्ति कमाइएको हुन सक्छ । यस्तै, बारम्बार न्यून वा अधिक बिजकीकरणका कारण सरकार तथा व्यापारीबीच सधैं खिचातानी भइरहेको अवस्था पनि छ । अवैध सुन ओसारपसार, लागूऔषध, वन्यजन्तु र त्यसका अंगहरूको कारोबार, मानव तस्करी, अवैध विदेशी मुद्राजस्ता आपराधिक क्रियाकलापबाट हुने आम्दानीको अनौपचारिक स्रोत भूमिगत कारोबार हो । वैध कारोबार गरी राज्यलाई कर तिरेर मुलुकलाई समृद्ध बनाउनुको साटो कर नतिरी कालो धनको स्रोत बढाउँदै जाँदा समृद्धि झनै पछि धकेलिने खतरा हुन्छ ।

● **सविन केसी**
धापासी, काठमाडौँ

राजनीतिमा दाउपेच

राजनीतिक विरासतका लागि आफ्नै परिवारभित्र छोरी-बुहारीबीच चर्को प्रतिस्पर्धा भइरहेको रिपोर्टिङ साह्रै घत लाग्यो *(प्रचण्डपछि को ?, २५ चैत)* । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का एक मात्र उत्तराधिकारी पुत्र प्रकाश दाहालको निधनपछि परिवारभित्रै विरासत कसले थाम्ने भन्नेमा छोरी-बुहारीबीच जुहारी चलेको छ । प्रचण्डले आफ्नो विरासत परिवारका सदस्यलाई नै हस्तान्तरण गर्न बुहारी बिना मगर र छोरी रेणु दाहाललाई ठूलठूला राजनीतिक कुम्ला-कुटुरा बोकाइरहेका छन् । चितवनको भरतपुर महानगरपालिकाकी मेयर दाहाल र हाल खानेपानी मन्त्रीको पद सम्हालिरहेकी मगरमध्ये कसले प्रचण्ड परिवारको मन जित्ने हुन् ? अहिल्यै भन्न हतार हुनेछ ।

● **सीमा शर्मा**
गैंडाकोट, नवलपरासी

रक-पप ब्यान्डको सफलता

नेपालमा कुनै बेला थियो, रक-पप म्युजिक गाउनेलाई ट्यापे र आवाराको संज्ञा दिइन्थ्यो तर पछिल्लो समय नेपाली रक-पप ब्यान्ड 'पायोनियर'का रूपमा दर्ज भएका छन्

(नेपाली रकको रजत यात्रा, २५ चैत) । रक-पपलाई लोक-रकमा मिश्रण गराएर नेपाली श्रोताको मन जित्न सफल भएका चार रक-पप ब्यान्डलाई बधाई । अढाई दशकको निरन्तर संघर्षस्वरूप नेपालका रक-पप ब्यान्ड १९७४ एडी, मुक्ति एन्ड रिभाइभल, नेपथ्य र कबवेबले पप गीति-यात्रालाई उचाइमा पुऱ्याउनु चानचुने सफलता होइन ।

● **नितेश मगर**
झम्सिखेल, ललितपुर

असंवेदनशील राज्य

तत्कालीन माओवादीले सुरु गरेको सशस्त्र क्रान्ति शान्ति सम्झौतामार्फत ११ वर्षअघि 'सेफल्यान्डिङ' भए पनि अहिलेसम्म युद्धका बाछिटा बेहोर्दै छन् सर्वसाधारण *(...अनि पूर्णमाया जेनेभातिर, २५ चैत)* । सशस्त्र क्रान्तिका नाममा माओवादी र राज्यपक्षबाट भएका गम्भीर मानव अधिकार हननका विषयमा सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत सहजीकरण गर्ने भनिए पनि हालसम्म पीडित पक्षले न्याय नपाउनु सरकारको कमजोरी हो । द्वन्द्वकालमा राजनीतिक रूपमा सरकार पक्ष र विद्रोही पक्ष कोहीसँग पनि साथ-संगत नभएका महिला विशेष गरी यौनहिंसाबाट बढी प्रताडित भएका रहेछन् । अझ यौनहिंसा-पीडित महिलाले न्यायका लागि हारगुहार गर्दा जाहेरीसमेत नलिनु प्रहरीको निकम्मापन हो । १३ वर्षसम्म कुर्दा पनि न्याय नपाएपछि नागरिकले न्यायका लागि अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था गुहार्नु सरकारका लागि लाजमर्दो कुरा भएन र ?

● **सुनकेशरी खड्का**
साँफेबगर, अछाम

विहारीकृष्ण श्रेष्ठ ॥

यसरी जन्मियो आमा समूह

वि सं २०४४ को एक दिन प्रधानमन्त्री कार्यालयबाट हामी केही सहसचिवहरूलाई बोलावट आयो । सिंहदरबारमा आयोजित त्यस भेटघाट कार्यक्रममा प्रधानमन्त्री मरीचमान सिंहले भन्नुभयो, 'तपाईंहरूलाई प्रमोसन गरेको छु। अझ राम्रोसँग काम गर्नुहोला ।' सबैले आ-आफ्नो ठाउँबाट कृतज्ञतास्वरूप धन्यवाद टक्र्यायौं ।

आधारभूत आवश्यकताको कार्यक्रमप्रति उत्सुक र लालायित रहेकाले योजना आयोगकै जिम्मेवारी आफ्नो काँधमा आइपरेको होला भनेर म पनि ज्यादै खुसी भएँ। मैले कार्यक्रमबारे केही कुरा बोल्न मात्र लागेको थिएँ, प्रधानमन्त्रीले भनिहाल्नुभयो, 'विहारीजी ! तपाईंलाई मैले स्वास्थ्य मन्त्रालयमा पठाएको छु।' प्रधानमन्त्रीको यो वाक्य कानमा ठोक्किँदा मेरो अनुहार अमिलो भयो। त्यतिबेला स्वास्थ्य मन्त्रालयमा सरुवा हुनु भनेको सजायजस्तो मानिन्थ्यो र अपमानित भएको ठानिन्थ्यो। सायद मेरो अनुहार पढेरै हुनुपर्छ, प्रधानमन्त्रीले तत्कालै थप्नुभयो, 'मुलुकको स्वास्थ्य स्थिति ज्यादै बिग्रिएकाले तपाईंलाई त्यहाँ पठाएको हुँ।'

यसरी अतिरिक्त सचिवको जिम्मेवारी बोकेर स्वास्थ्य मन्त्रालय पुगेको दुई-तीन महिना त मलाई त्यहाँको वातावरण बुझ्नमै लाग्यो। म स्वास्थ्य मन्त्रालयमा पुग्नु १० वर्षअघि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)को 'सबैका लागि स्वास्थ्य' भन्ने कार्यक्रममा सरिक भइसकेको थिएँ । मैले त्यो कार्यक्रम सम्झेँ। त्यसपछि सिनियर डाक्टरहरूलाई बोलाएर मुलुकको स्वास्थ्य अवस्थाबारे छलफल गरेँ । त्यतिबेला मुलुकमा ८ सय १६ स्वास्थ्य चौकी थिए र प्रत्येकले चार-पाँचवटा गाउँ पञ्चायतलाई सेवा पुऱ्याउनुपर्थ्यो । सबैका लागि स्वास्थ्य सेवा पुऱ्याउन गाउँ-गाउँमा स्वास्थ्य स्वयंसेवकहरूको व्यवस्था गरिएको रहेछ। तर, कर्मचारीका बेहोरासित राम्ररी परिचित रहेकाले उनीहरूको प्रभावकारितालाई गाउँमै गएर 'चेक-जाँच' गर्नु आवश्यक ठानेर गाउँमा नियुक्त स्वास्थ्य स्वयंसेवक भेट्न एक युवा डाक्टरलाई लिएर म पूर्वाञ्चल भ्रमणमा निस्किएँ । काठमाडौंबाट सीधै झापा पुगेँ र त्यहाँका स्वास्थ्य चौकी हेरेँ । दिनभरि गाउँका स्वास्थ्य चौकी घुमेर राती अर्को सदरमुकाम जाने व्यवस्था मिलाएर १० दिनमा पूर्वी तराईका आठ जिल्लाको भ्रमण गरेर काठमाडौं फर्किएँ ।

प्रतिनिधि जिल्लाको भ्रमण गरेर जब काठमाडौं फर्किएँ, सिंगो मुलुककै स्वास्थ्य अवस्था बीभत्स लाग्यो। लोग्नेमान्छेको तुलनामा स्वास्नीमान्छे र केटाकेटीको स्वास्थ्य अवस्था झन् नाजुक थियो। त्यतिबेला मुलुकमा शिशु मृत्युदर १ हजारमा १ सय ११ र बच्चा जन्माउने क्रममा १ लाखमा ६ सय ७५ जना आमाको मृत्यु भइरहेको तथ्यांक थियो ।

सबैका लागि स्वास्थ्य भन्नुको अर्थ मुख्यतः महिला र बालबालिका लक्षित नै हुनुपर्ने थियो । तर, स्वयंसेवक सबै पुरुष थिए । गाउँका ठालूहरूलाई नै स्वास्थ्य स्वयंसेवकका रूपमा एक दिनको २० रुपियाँ भत्ता उपलब्ध गराएर पाँचदिने तालिम दिइएको थियो । तालिमपछि स्वास्थ्य चौकीको लक्ष्य पूरा भयो । लक्ष्य अनुसार उपलब्धि हासिल भएको दाबी गर्न पाए। तर, तालिमप्राप्त व्यक्ति समुदायप्रति जिम्मेवार छन्/छैनन् भन्नेतर्फ कर्मचारीको ध्यानै गएको थिएन । त्यसपछि स्वास्थ्य मन्त्रालयका वरिष्ठ कर्मचारीलाई भेला गरेँ र समस्या अगाडि राखेर स्वयंसेविका महिला हुनुपर्ने, तिनीहरूको दक्षता राम्रो हुनुपर्ने र जिम्मेवारी स्पष्ट रूपले समुदायमै केन्द्रित हुनुपर्ने बताएँ ।

मदर्स क्लबका नाममा महिला संस्थाहरू फाट्टफुट्ट खुलेका थिए । त्यसमा नेतृत्वदायी भूमिका त्यतिबेला राजा वीरेन्द्रकी काकी प्रिन्सेप शाहले खेलेकी थिइन् । पञ्चायती व्यवस्थाको समयमा संघ-संस्था खोल्नमा केही कडाइ भएकाले त्यही कार्यक्रमलाई आधार मानेर गाउँ-गाउँमा आमा समूहको परिकल्पना गरियो। तर, यसको संस्थागत स्वरूपको परिकल्पना ०३९ को विकेन्द्रीकरण ऐनमा व्यवस्था भएको उपभोक्ता समूहलाई स्थानीय जनताको सशक्तीकरण गर्ने अवधारणामा आधारित गरियो । त्यस अनुरूप नै गाउँमा प्राथमिक स्वास्थ्य सेवा सञ्चालनका लागि आमा समूह स्थापना गर्ने सोच बन्यो र उनीहरूमध्येबाट छानिएका एक सदस्यलाई स्वास्थ्य मन्त्रालयले महिला स्वास्थ्य स्वयंसेविकाका रूपमा तालिम दिने नीति तथा कार्यक्रम तर्जुमा गरियो ।

आमाहरूको संगठन गाउँनजिकै हुनुपर्ने भएकाले प्रत्येक वडामा एउटा आमा समूहका हिसाबले त्यतिबेलाका चार हजार गाउँपञ्चायतमा ३६ हजार आमा समूह र त्यति नै संख्यामा स्वास्थ्य स्वयंसेविका नियुक्त गर्दा मुलुकको स्वास्थ्य अवस्थामा उल्लेख्य सुधार ल्याउन सक्ने विश्वास थियो। तीन वर्षमा मुलुक ढाक्ने लक्ष्यसहित पहिलो वर्ष ०४४-४५ मा मध्यमाञ्चल र मध्यपश्चिम विकास क्षेत्रका २८ जिल्लाबाट कार्यक्रम सुरु गरियो। त्यतिबेला यस्तो ठूलो कार्यक्रमका लागि अर्थ मन्त्रालयलाई गुहारेर आर्थिक स्रोत जुटाउन सम्भव थिएन। तर, स्वास्थ्य मन्त्रालयमा कार्यरत आठ दातृ संस्थालाई दबाब दिई आवश्यक रकम जुटाइयो । यही कार्यक्रमले गर्दा संयुक्त राष्ट्रसंघको स्वास्थ्य सहस्राब्दी लक्ष्य हासिल गर्नेमध्ये नेपाल शीर्षस्थ स्थानमा पुगेको थियो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

सोझै



विदेशबाट

अमेरिकाले फर्कायो चोरिएका मूर्ति

अमेरिकामा अवस्थित एक कला संग्रहालयले तीन दशकअघि नेपालबाट चोरी गरी त्यहाँ पुऱ्याइएका बुद्ध र उमामहेश्वरका मूर्ति फिर्ता गरेको छ । उमामहेश्वरको मूर्ति टंगालहिटी, पाटनबाट सन् १९८० मा चोरी भएको थियो भने बुद्धको मूर्ति एट्खाटोलबाट सन् १९८६ मा चोरी भएको थियो । फिर्ता गरिएका मूर्ति अहिले छाउनीस्थित राष्ट्रिय संग्रहालयमा राखिएका छन् ।



'लैनसिंह वाङ्देलको पुस्तक *स्टोलन इमेजेज अफ नेपालमा* उल्लेख नभइदिएको भए हामीलाई यी मूर्ति कहाँ छन् भन्ने पनि थाहा हुंदैनथ्यो,' पुरातत्त्व विभागका प्रमुख अधिकृत श्यामसुन्दर राजवंशीले भनेका छन् ।

भारतीय समाचार संस्था *द हिन्दु*ले लेखेको छ, 'नेपालमा ऐतिहासिक महत्त्व बोकेका सम्पदाको संरक्षण कार्यले धेरै महत्त्व पाइरहेका छैनन् । यस्ता लापरबाही नरोकिए कला-संस्कृति संरक्षण तथा प्रवर्द्धनका निम्ति नेपालले पाउँदै आइरहेको सहयोग भविष्यमा खोसिन सक्ने चेतावनी युनेस्कोले नेपाललाई दिइसकेको छ ।' ◆

सुर-बेसुर



"भारतका लागि नेपालसँगको नयाँ शिराको सम्बन्ध यस कारण महत्त्वपूर्ण छ कि भारत आफ्नो छिमेकमा अलि एक्लिएको महसुस गर्दैछ ।"

एसडी मुनी
भारतीय प्रोफेसर
ट्रिबुन इन्डिया

Lead the Nation

Admissions Open

PG/Nursery to Grade VIII

Excellent SLC / SEE Results

Kathmandu District First (Board Fourth)

100% Distinctions

- Technology Friendly Education: Smart Class / E-Library
- Continuous Assessment System
- Music, Dance, Drama, Arts, Yoga, TT, Basketball, Football, Martial Arts, Scout & IT Classes
- Exclusive Classes on 21st Century Skills
- Transporttation Facility Avaible

riviera

international academy

Riviera International Academy

Chabahil, Kathmandu

Tel: 01-4485087, 4462223, 4493801

info@riviera.edu.np

www.riviera.edu.np

नेता वार्ता

- भूकम्पपीडितलाई बस्ती कसले बनाउने ?
- धुर्मुसेले गरिहाल्छ नि !
- बाढीपीडितका लागि व्यवस्थित बसोवास

कसले मिलाउला ?
- धुर्मुस-सुन्तली छँदैछन् नि !
- मुसहरलाई एउटा राम्रो बस्ती चाहियो, कसले बनाइदेला ?
- धुर्मुस-सुन्तलीको के काम छ र ? बनाइहाल्छन् नि !
- नमुना एकीकृत बस्ती कसले बनाउला ?
- धुर्मुस-सुन्तलीले ।
- अन्तर्राष्ट्रिय क्रिकेट मैदान चाहियो क्या, हतारै भइसक्यो ।
- धुर्मुस-सुन्तली बेकार बसिरा'छन्, उनीहरूले गर्छन् ।
(हजूर, भुजा तयार भो ।)
- भुजा पनि धुर्मुस-सुन्तलीले खाइदिहाल्छन् होला नि, होइन ?
- विचराहरूलाई कति दुःख दिनू ? कुनै काम त मलाई गर्न दिनूस् ।

■ **छुल्याहा गुरु**

एकता कि अप्रिल फुल !

फेरि एक थान सुसमाचार आयो, सत्ता किताका एमाले-माओवादीबीच ९ वैशाखमा एकता हुने । एकता हुने भयो भनेपछि दसैँअगाडि पनि दस बित्ता उफ्रिएकै हो । तिहारअगाडि पनि तीन बित्ता उफ्रिएकै हो । प्रधानमन्त्री कमरेड केपी ओलीको भारत भ्रमणअघि पनि भरमार उफ्रिएकै हो । अब फेरि पनि उफ्रिएकै छ । तर, उडन्ते समाचारको भर लाग्न छाडिसक्यो । कोही अझै सूर्य र जनयुद्धको टुंगो लागेको छैन भन्छन्, कोही ७०-३० को हिसाब मिलेन भन्छन्, कोही समय र ठाउंको टुंगो लागेको छैन भन्छन् । के टुंगो लागेको छ भन्दाखेरि एकता हुने मात्रै । एकता हुने टुंगो त दसैँअगाडि नै लागेको होइन र भन्या ? कि महिनाभरि अप्रिल फुलको मजाक उडाइरहने हो केपी-पीके कामरेडहरू !

■ **लाल कुमाल**

लौ आयो, नयाँ नियम

सरकारले कहिले सार्वजनिक यातायातका झ्यालबाट थुक्न नपाउने नियम ल्यायो, कहिले हर्न बजाउनै नपाउने नियम पनि ल्यायो । अर्को नियम पनि सुन्नमा आएको थियो, गाडीमा कुनै केटाले केटीलाई घुरेर हेर्न नपाइने । यस्ता नियम कार्यान्वयनचाहिं कति भए, सरकारै जानोस् । नियमै-नियमका बीच अर्को नियम पनि घोषणा भएको छ, गाडीमा गीत बजाएबापत रोयल्टी तिर्नुपर्ने । हरेक सार्वजनिक सवारीले रूट इजाजतपत्र र बिलबुक नवीकरण गर्ने समयमा संगीत रोयल्टी चुक्ता गरिसकेको प्रमाणपत्र पेस गर्न अनिवार्य गर्ने रे !

यस्तै पारा हो भने गीतकार/संगीतकार छिट्टै करोडपति बनेको देख्न पाइएला । नबुझेको कुरो, नेपाली गीत बजाएको रोयल्टी त कलाकारले पाउलान् । हिन्दी तथा अंग्रेजी गीतको रोयल्टी थाप्न को आउने हुन् ? कि, हामी नै बुझाउन जानुपर्ने हो ?

■ **ताराबाजी**

आफू हिरो, अरु भिलेन ?

गृहमन्त्री रामबहादुर थापा 'बादल'ले भन्नुभएछ, 'मैले हिन्दी फिल्म हेरेको थिएँ, *शोले* । त्यसमा भएको खलपात्र गब्बर सिंहका पनि बाउ रहेछन् हाम्रो देशमा ।' हैट् गृहमन्त्रीज्यूले केका लागि यो कुरा भन्नुभयो ? यो बबुरोले बुझ्न सकेन । तर, बबुरोको मनमा एउटा शंका के उब्जियो भने त्यही *शोले* फिल्ममा तिनै खलपात्र गब्बरले काँधमा बन्दुक र कम्मरभरि गोलीको माला भिरेको देखेर कतै तपाईं पनि त्यही रहर पूरा गर्न माओवादी पार्टीमा प्रवेश गर्नुभएको त होइन ? यदि यस्तो हो भने आफूले बन्दुक भिर्दा हिरो अनि अरूले बन्दुक भिर्दा भिलेन ? यो त *शोले* फिल्ममा तिनै गब्बरले बोलेको डाइलगजस्तो भयो, 'यह तो बहुत नाइन्साफी हुआ ।'

■ **सूर्जे नेवाः**

फर्मुला ५०/५०

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले 'फिफ्टी/फिफ्टी'को नयाँ फन्डा फालेका छन् । एमाले-माओवादीले ६०/४० को अनुपातमा निर्वाचन लडे । मतदाताले ७०/३० को अनुपातमा परिणाम दिए । एमाले मुखिया केपी ओली यही अनुपातमा पार्टी एकीकरण हुने बताउँदै छन् । प्रचण्ड भने 'प्यारका वादा फिफ्टी-फिफ्टी' भन्दै छन् । ५० प्रतिशतप्रतिको प्रचण्ड-प्रेम एक बाध्यता पनि हो । किनभने, पार्टी एकीकृत भयो भने फुटाउनुपर्ने अवस्था पनि आउन सक्छ । फुट्नका लागि जुट्ने र जुट्नका लागि फुट्ने वंशानुगत रोगमुक्त छैनन्, नेपालका वाम दलहरू । फुट्नुपर्ने स्थितिमा कम्तीमा ४० प्रतिशत होल्ड भएन भने त्यसले छुट्टै पार्टीको मान्यता पाउँदैन । संसदीय दलमा माओवादीको अंश २८ प्रतिशत मात्र हो । ४० प्रतिशत पुऱ्याउन १२ प्रतिशत कहाँबाट चोर्ने ? त्यसैले पो प्रचण्डलाई फिफ्टी/फिफ्टीको फर्मुला फुरेको रहेछ ।

■ **वाटरगेट उपाध्याय**

श्वेतपत्र कि पीतपत्र ?

कर्मचारीको कुर्सीबाट उठेका युवराज खतिवडालाई मन्त्रीको चिट्ठा पऱ्यो । र, उनले श्वेतपत्रको पोको खोले । तर, श्वेत पोकोभित्र सेता कुरा कम भेटिए । ओइलाएका र पहेँलिएका तथ्य-बिस्कुन मात्रै । श्वेतपत्रभन्दा पीतपत्र भन्न सुहाउने त्यो पोकोको दाबी छ, देशमा लगानीको वातावरण छैन । अवैध धनलाई वैध बनाउने बाटोमा तगारो हालिराख्ने, लगानीमैत्री परिस्थिति पनि पैदा नगर्ने अनि विदेशी बैंकमा नलुकाएर के गर्ने ? वाग्मतीमा बगाउने ? यो कुरा अलि हजम भएन कि अर्थमन्त्रीज्यू ?

■ **भर्जिन ब्वाय**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

गणतान्त्रिक जाममा बकबक ?

महामहिम राष्ट्रपतिज्यूको कारकेड सवारीमा परेर केही घन्टा जाममा के परेका थिए, केही मुट्ठीभर मानिस रिसले दाह्रा किट्दै बकबकाउन थालिहाले । ती बकबकाउनेहरू जाममा परेर वा कुनै काम बितेर होइन, लोकतन्त्रको संस्थागत विकास भइरहेको खप्न नसकेर डाहले बर्बराएका हुन् ।

अस्तिसम्म राजाको सवारीमा यसैगरी घन्टौं जाम हुन्थ्यो, ती बटुवाहरू नतमस्तक भएर सडक किनारमा उभिन्थे । सवारी आउँदा-जाँदा राजाको नाकमुखै नदेखे पनि अष्टवक्र मुद्रामा गाडीलाई नै दर्शन टक्र्याउँथे । दिनैभरि ट्राफिक जाम भए पनि चुइँक्क बोल्दैनथे । तर, आज राष्ट्रपतिको सवारीमा केही बेर सडक किनारामा उभिनुपर्दा तिनीहरू पाखुरा सुर्किने भएछन् । राष्ट्रप्रमुखविरुद्ध तथानाम बोल्ने भएछन् । यो सबै परिवर्तन र स्वतन्त्रता यिनै राष्ट्रपति र उनका सहयोद्धाहरूले दिएका होइनन् यिनीहरूलाई ? हिजो दिलोज्यान दिएर यिनै नागरिकका लागि लडेका ती महामहिमविरुद्ध तथानाम बोल्न यिनीहरूलाई अलिकति सरम लाग्दैन ?

यत्रा वर्षसम्म लोकतन्त्रका लागि लडेको, जेल बसेको, भूमिगत भएको, परिवार गुमाएको, डेरामा, सेल्टरमा, झुपडीमा खाइनखाइ अनिँदो रात बिताएको यही परिवर्तनका लागि होइन ? यत्रो परिवर्तनपछि पनि मुलकको राष्ट्रपतिले झुपडीमै बस्नू ? खस्रा चामलकै भात खानू ? साधारण लुगा लगाएर झत्तेमत्ते भएरै सडकमा निस्कनू ? आफ्ना जुत्ताको तुना आफैँ बाँध्नू ? गाडीको ढोका आफैँ खोलेर बाहिर निस्कनू ? बाहिर निस्कँदा मखमली पिरामा नटेकेर सोझै खस्रो भुइँमा टेक्नू ? कस्तो अन्यायी कुरा । कारकेडविरुद्ध किन कसैले बकबक गर्नू ? अगाडि-पछाडि



घोडा कुदाएर के बिग्रियो ? दाना खुवाएर पालेका घोडा हुन् । तलब खुवाएर राखेका सेना हुन् । तिनको उपयोग नगर्नू ? राजाहरूले त्यसको प्रयोग कसरी गरेछन् भनेर अनुभव नलिनू ? त्यसको आनन्द नलिनू ? बटुवाहरूलाई दर्शन नदिनू ? हात नहल्लाउनू ?

राजा र राष्ट्रपतिमा के फरक भयो भनेर पनि कतिले समाचार बनाए । फरक छुट्याउन जान्नुपर्‍यो नि ! राजाहरू प्रजालाई हात हल्लाउँदैनथे, गमक्क परेर मुन्टो बंग्याएर बस्थे । राष्ट्रपतिहरू जनतालाई हात हल्लाउँदै हिँड्छन् । राजाहरू नारायणहिटी दरबारमा बस्थे, राष्ट्रपतिहरू शीतलनिवासमा बस्छन् । राजालाई श्री ५ लेखिन्थ्यो, राष्ट्रपतिलाई लेखिँदैन । राजाको सन्तान मात्र राजा हुन्थ्यो, जनताको सन्तान पनि राष्ट्रपति हुन्छ । राजतन्त्रमा पुरुष मात्र राजा हुन्थ्यो, गणतन्त्रमा महिला पनि राष्ट्रप्रमुख हुन सक्ने भए । कति फरक छ कति ! खानपान, रहन-सहन, वेशभूषा, सानसौकत र सवारी मात्र त मिल्दै गएको हो नि ! त्यति सानो कुराका लागि यत्रो रडाको किन ?

हेर, बटुवाहरू हो ! केही घन्टा सडक जाम हुँदैमा आकाशै खसेर तिम्रा टाउकामा लागिहाल्दैन । धेरै भए एक-दुई जना बिरामी समयमा अस्पताल नपुग्लान्, धेरै भए कसै-कसैको ज्यान जाला । ज्यान त सवारी नभए पनि गएकै छन् । त्यसैले हे शीतलनिवास ! वर्षमा दुई-चारपटक सडक जाम पर्दा कोकोहोलो मच्याउने प्रतिगामीहरूका कुरा नसुन । मुलुकको राष्ट्राध्यक्ष सडकमा निस्कँदा दुई-चार घन्टा सडक जाम नहुने, सहर अस्तव्यस्त नहुने, बटुवाहरूले सवारीको झिलिमिली देख्न नपाउने, सञ्चार माध्यमहरूलाई दुई-चार दिनका लागि समाचार नबन्ने हो भने के काम यो गणतन्त्रको ! अतः हामी राष्ट्रपतिका शुभचिन्तक समर्थकहरू, यस्ता सवारी र तामझामलाई अझै कैयौं गुणा बढाउँदै लैजान बिन्ती टक्र्याउँछौं ! आगे शीतलनिवासको जो मर्जी !

सुरेन्द्र लाभ

चेपुवामा मुख्यमन्त्री

मुख्यमन्त्री ! नेपाली राजनीतिको सर्वाधिक ताजा शब्द । छिमेकी देशका समाचारमा मुख्यमन्त्री शब्द सुनिँदै आए पनि नेपाली राज्यव्यवस्थाको सागरमा यो शब्दले नयाँ तरंग ल्याएको छ । रहस्यमय पद भएको छ, मुख्यमन्त्री । बेहुलाले बेहुलीको अनुहार अवलोकन गर्न देखाउने आतुरताझैँ आमसमुदाय मुख्यमन्त्रीको काम-कर्तव्य, शौर्य, पराक्रम, नियत नेतृत्व आदिको अनुभूति गर्न उत्तिकै व्याकुल देखिन्छन् ।

तर, मुख्यमन्त्री विचरो ! गर्ने त के गर्ने ? पद नयाँ । अनुहार नयाँ । जिम्मेवारी नयाँ । बाटो नयाँ । केन्द्र नयाँ । स्थानीय तह नयाँ । साथी नयाँ । संविधान नयाँ । स्थान नयाँ । पद्धति नयाँ । चारैतिर सबै नयाँ । बस्, एउटै कुरो पुरानो छ, त्यो हो मानसिकता । १०० पूर्णांकबाट १ झिक्नुस् । परिणाम के होला ?

प्रदेश-२ को मुख्यमन्त्रीलाई सबैभन्दा गाह्रो परेको अनुमान सहजै गर्न सकिन्छ । अन्य सबै प्रदेशको आँखा यतैतिर छ । यहाँ संघीयता सफल नभएमा यसको प्रभाव अन्यतिर पनि पर्न सक्छ । जस र अपजसको गुरुत्तर जिम्मा प्रदेश-२ को मुख्यमन्त्रीमाथि चाहेर-नचाहेर आइसकेको छ । अरू ६ जना मुख्यमन्त्री र संघीय सरकारको स्कुलिङ एउटै छ । प्रदेश-२ को मुख्यमन्त्रीको फरक धार छ । उता संघीयता मजबुरीमा स्वीकार गरेको भाव यता आन्दोलनबाट संघीयता लिइछाडेको प्रफुल्लता छ । 'प्रदेश-२ लाई हेरौँ न त !' भन्ने सोचबाट सिर्जित दबाब छ यहाँ । फेरि आफ्नै पार्टी अध्यक्षले पनि भन्दैछन्, 'दुई नम्बरीको परिचय फेर्नूस् ।' विचरा मुख्यमन्त्री संकटमा परे । कसरी फेर्ने यो परिचय ? कुनै नाम राखौँ, विवादै-विवाद छ । भाषाको कुरा गरौँ, भयंकर विवाद छ । राजधानीको विषय उठाऔँ, नयाँ संकट उत्पन्न हुने आशंका ।

प्रदेश विकासका लागि कानुन बनाऔँ, त्यहाँ पनि संवैधानिक झन्झट छ । प्रदेश लोकसेवा आयोगको स्थापनार्थ कानुन बनाउनु आवश्यक छ । प्रदेश सरकारलाई संवैधानिक एवं कानुनी विषयमा राय-सल्लाह दिन मुख्य न्यायाधिवक्ताको व्यवस्था संविधानमा गरिएको छ । तर, सरकारी वकिल तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवा-सर्तसम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुने कुरो संविधानको धारा १६१ ले गरेर अन्तर्विरोध पनि सिर्जना गरेको छ । प्रदेशको अधिकार सूचीको पहिलो नम्बरमै छ, प्रदेश प्रहरी प्रशासन र शान्ति-सुरक्षा । तर, यो विषय पनि घुमाइ-फिराइ संघीय कानुनमै ठोकिन्छ । यी केही उदाहरण मात्र हुन् । यस्ता अनेक जटिलता छन्, जहाँ मुख्यमन्त्री मौनताभित्रको अनेक भयानक आवाज सुनिरहेका होलान् । र, सबैभन्दा ठूलो चुनौती, यी कानुन एक वर्षभित्र बनिसक्नुपर्ने संवैधानिक बाध्यता छ ।

आर्थिक पक्षकै कुरा गरौँ । संघीय अर्थमन्त्रीले ढुकुटी रित्तो रहेको उद्घोष गरिसकेका छन् । अब प्रदेशको नयाँ संरचनाले विकास गर्ने तर कसरी ? त्यसमा पनि २ नम्बर ? यस प्रदेशमा हुन त आठवटा जिल्ला मात्र छन् । तर, कुल जनसंख्याको २०.४० प्रतिशत बसोवास गर्छन् । प्रदेश-३ मा मात्र अलि बढी जनसंख्या छ, कुल जनसंख्याको २०.८७ प्रतिशत । अन्य प्रदेशमा झन् थोरै-थोरै प्रतिशत बसोवास छ । तर, वन सम्पदा यस प्रदेशमा सबभन्दा न्यून अर्थात् कुल वन क्षेत्रको मात्र ३.९९ प्रतिशत रहेको देखिन्छ । यस प्रदेशमा कुल कृषियोग्य भूमि झन्डै ५ लाख ३० हजार हेक्टर रहेकामा कुल सिञ्चित भूमि ३९ हजारभन्दा केही बढी हेक्टर मात्र रहेको तथ्यांक छ । प्रतिव्यक्ति आयको दृष्टिकोणबाट पनि यो प्रदेश हाल त्यति उत्साहप्रद अवस्थामा छैन । जम्मा ९ सय २२ अमेरिकी डलर प्रतिव्यक्ति आयले प्रदेशको गरिबीलाई प्रमाणित गरिरहेको छ । कुनै जमानामा 'फुड बास्केट' भनेर चिनिने प्रदेश-२ हाल खाद्यान्न न्यूनीकरणको समस्याबाट ग्रस्त छ । उद्योगधन्दा पनि खासै उत्साहजनक अवस्थामा छैनन् । कुल ४ सय ७८ संगठित उद्योगमा ५० हजार जनाले पनि रोजगारी पाएका छैनन् । मानव विकास सूचकांकको दृष्टिबाट प्रदेश-२ का जिल्ला तल रहेको तथ्य सर्वविदितै छ ।

यी र यस्ता अनेक तथ्यांकले प्रदेशको मुखियालाई चैनको बाँसुरी बजाउन अनुमति दिन्छ ? जनताका आकांक्षा गगनचुम्बी छन् । हाल जनता मौन साधनामा देखिन्छन् । पर्ख र हेरको सोचमा छन् आमजन । संवैधानिक जटिलता र साधनको न्यूनताबारे आमजनता अज्ञात छन् । केन्द्रमाथि सबै दोष थोपर्दै कार्यकाल बिताउन गाह्रो हुने निश्चित छ । संघीयता विकासका लागि पनि हो । टाढाको सरकार नजिकै भइसक्यो । अब भागेर जाने कहाँ मुख्यमन्त्रीज्यू ! मुख्यमन्त्रीका लागि आफ्नो क्षमताको परिचय दिने अवसर पनि हो । सीमित घेरालाई तोडेर खुला छलफल अगाडि बढाउनुपर्छ । जनताको धैर्यको बाँध टुट्नेवाला छ । टीका-टिप्पणी सुरु भइसके । अलमल चिर्दै संघीयताको सार्थकतालाई आमजनमा अनुभूति गराउन सक्नुपर्छ । प्रमुख अतिथि बनेर उद्घाटन गर्दै हिँड्न बन्द गर्न आचारसंहिता नै बनाउनुपर्छ । आमजनताले चाहेको द्रुत विकासका लागि शक्ति केन्द्रित गर्नु आवश्यक छ । शून्यबाट प्रारम्भ गरेको पहिलो मुख्यमन्त्रीमाथि परम्पराको थालनी गर्ने जिम्मा हुन्छ । बिलकुल नयाँ मानसिकता, नवऊर्जा र नवीन उत्साहका साथ अगाडि बढ्नुपर्ने जनअपेक्षा छ । ◆

ADMISSIONS OPEN
Grade I - Grade VIII

At Apex Life School, we believe every child is special. With our dedicated and able team, state-of-art infrastructure, we facilitate students to attain their creative dream as well as develop their socio -environmental and deep-rooted spiritual strength.

Saraswoti Nagar-06, Chabahil, Kathmandu
P.O. Box: 21854
Tel: +977-01- 4821723 / 4812920
E-mail: info@apexlifeschool.edu.np
http: www.apexlifeschool.edu.np

APEX Life School
Schooling for Life. Since 1983.

बगानमा लालाबाला

महिला श्रमिकलाई काखे बच्चा च्यापेरै काममा जानुपर्ने बाध्यता

तस्विर : पर्वत पोर्तेल

पर्वत पोर्तेल/काँकडभिट्टा

सहरिया कामकाजी महिलाले आफ्ना नानीहरूलाई महँगा स्कुल या चाइल्ड केयर सेन्टर पठाउँछन् । झापाका देहाती गाउँका चिया श्रमिकचाहिँ बच्चा च्यापेरै श्रम गर्न जान्छन् । नकलबन्दा चिया बगानकी श्रमिक महिला रूपा उराउ काखे बच्चा आफैँसँग लिएर बगान जान्छिन् । उनका पति पनि बगानमै काम गर्छन्, त्यही भएर घरमा बच्चा स्याहार्ने समस्या छ ।

पहिला पिठ्युँमा बच्चा च्यापेर काम गर्नुपर्ने बाध्यता थियो । तर, अचेल छैन । बगानले नै श्रमिकका बालबच्चा स्याहार्ने व्यवस्था मिलाउन थालेको छ । "पहिला साह्रै कष्ट थियो, बच्चा च्यापेरै पत्ती टिप्नुपर्थ्यो," रूपाको अनुभव छ, "अचेल सजिलो छ, बच्चा बगानले नै हेरिदिन्छ ।'

बगानभित्रै सानो टहरा छ । टहरामा झोलुंगो झुन्ड्याइएको छ । त्यही झोलुंगोभित्र दुई महिनादेखि चार वर्षसम्मका नानीहरू एकोहोरो चिच्याइरहेका हुन्छन् । ती बालबच्चाको प्रायः दिन झोलुंगोमा बित्छ, त्यो पनि रोएरै । बच्चा स्याहार्न सुसारे छन् । सुसारेको पारिश्रमिक बगानले नै बेहोर्छ । एक सुसारेले गुनासो गरिन्, "यत्रा नानीहरू स्याहार्नुपर्छ, पैसा भने साह्रै थोरै छ ।" सुसारेले बिहानदेखि साँझसम्म नानीहरू स्याहार्छन् ।

झापाका चिया बगानहरूले श्रमिकका नानीहरूको स्याहारका लागि यसैगरी झोलुंगोमा राख्ने व्यवस्था मिलाएका छन् । टहरा व्यवस्था गरिएका छन् । टोकला चिया बगानमा अस्थायी टहरा छन् । त्यहाँ पनि सुसारे छन् । उनीहरूले दर्जनौं बालबालिका स्याहार्नुपर्छ । "बिहान बगान छिरेका श्रमिक आमाहरू दिउँसो १२ बजे खाना खान आउँदा आ-आफ्ना बच्चालाई दूध, खाना खुवाउँछन्," नकलबन्दाका स्थानीय दशरथ खडिया भन्छन्, "त्यसपछि फेरि बगानमा छिर्छन्, साँझ परेपछि मात्रै फर्किन्छन् ।"

झापासहित यस भेगका चार जिल्लामा करिब ४५ हजार चिया श्रमिक कार्यरत छन्, जसमा ९० प्रतिशतभन्दा बढी महिला श्रमिक छन् । चिया मजदुरीमा आदिवासी र दलित महिलाको बाहुल्य छ । सबैभन्दा बढी झापामा ३० हजारको हाराहारीमा यस्ता श्रमिक छन् । महिला श्रमिकले काखेबच्चा च्यापेरै काममा जानुपर्ने बाध्यता कहिलेसम्म ? ◆

CG | EDUCATION

Proudly Managing

THE CHANDBAGH SCHOOL (SLC Board)
Bansbari | Kathmandu | 01-4371628 | 4371229

THE CHANDBAGH SCHOOL (CBSE Board)
Bansbari | Kathmandu | 01-4379360

DELHI PUBLIC SCHOOL (SLC & CBSE Board)
Birgunj | Bara | 051-411069 | 411070

CAMPION SCHOOL
Lagankhel | Lalitpur | 01-5535087

CAMPION ACADEMY
Lagankhel | Lalitpur | 01-5535131

CAMPION COLLEGE
Kupondole | Lalitpur | 01-5521753

CAMPION KATHMANDU SCHOOL
Gahanapokhari | Kathmandu | 01-4431494 | 4431495

Admission OPEN | PG-VIII

GLOBAL AFFILIATES / PARTNERS

राजेन्द्र लिङ्देन

प्रेम सुवाल

दुर्गा पौडेल

पार्टीका स्वतन्त्र

तीन प्रतिशत थ्रेसहोल्ड नकटाएका साना पार्टीका सांसद दलीय हैसियतविहीन

जनक नेपाल

वि सं ०६४ को संविधानसभा निर्वाचनबाट पहिलो पार्टी बन्दा माओवादी नेता बाबुराम भट्टराई सर्वाधिक लोकप्रिय थिए । पार्टीभित्र गुट कमजोर हुँदाहुँदै उनलाई त्यही लोकप्रियताले कार्यकारी प्रधानमन्त्री बनायो । उनको पक्षमा यति माहोल थियो कि गैरमाओवादी शुभेच्छुकले समेत 'बाबुरामलाई काम गर्न देऊ' भन्दै नारा लगाउन भ्याए । तर, एक दशकपछि उनी एकसिटे पार्टीका स्वतन्त्र सांसदको हैसियतमा संसद्भित्र पुगेका छन् ।

२१ फागुनमा सुरु भएको प्रतिनिधिसभामा चैत पहिलो साता संसद् सचिवालयले सदस्यहरूको परिचयपत्र बाँड्यो । भट्टराईजस्तै तीन प्रतिशत थ्रेसहोल्ड नकटाएका साना पार्टीका सांसदहरूको परिचयमा 'स्वतन्त्र' लेखिएको थियो । संसद् कक्षको कुर्सीमा पनि नयाँ शक्ति पार्टीका सांसदको सट्टा पूर्वप्रधानमन्त्री मात्र थियो । भट्टराईले पार्टी नखुलाएको परिचयपत्र स्वीकार गरेनन् । अनि, साना पार्टीहरूको टोलीसहित गुनासो बोकेर संसद् सचिवालयका महासचिव मनोहर भट्टराईकहाँ डेलिगेसन गए । "म थ्रेसहोल्डको विपक्षमा छैन । संविधानमा तीन प्रतिशत नकटे समानुपातिक प्रतिनिधित्व नहुने भनिएको हो," उनी भन्छन्, "प्रत्यक्ष निर्वाचित सांसदको प्रतिनिधिसभामा दलीय हैसियत

छक्कबहादुर लामा

नहुने भनिएको होइन । गलत व्याख्या भयो, त्यसैले हामी विरोध गरिरहेका छौँ ।" संसद्भित्र पार्टीको नामै नहुने भए त्यो पञ्चायतकालमा झैँ दलमाथि अघोषित प्रतिबन्ध हुने उनको टिप्पणी छ ।

राष्ट्रिय जनमोर्चाकी सांसद दुर्गा पौडेलले सिंहदरबारस्थित संसद् सचिवालयको सुविधा शाखा गएर परिचयपत्र लिइन् । तर, त्यसमा पनि दलीय पहिचान नदेखेपछि सच्याउन आग्रह गरेकी छन् । "पार्टीका नेता हौँ । स्वतन्त्र लेखिएको परिचयपत्र कसरी लिन सक्छौँ ?" सांसद पौडेल भन्छिन्, "राष्ट्रिय पार्टीले पाउने सेवा-सुविधामा हाम्रो कुनै दाबी छैन । तर, संसद्भित्र पार्टीले मान्यता पाउनुपर्‍यो ।"

अहिलेको संसद्मा एकसिटे पार्टीका स्वतन्त्र सांसदले चाहेर पनि कुनै प्रस्तावमा संशोधन पेस गर्न सक्ने स्थिति छैन । किनभने, प्रस्ताव दर्ता गर्न प्रस्तावक र समर्थक चाहिन्छ । शून्य र विशेष समयमा मात्र उनीहरू बोल्न पाउँछन् । महत्त्वपूर्ण विषयमा संकल्प प्रस्ताव ल्याउन सक्छन् । "अप्ठ्यारो हुँदो रै'छ । संसद्मा आफ्ना मुद्दा अघि बढाउन प्रस्तावै दर्ता गराउनसमेत प्रस्तावक र समर्थक अभाव हुने रहेछ । मतदानमा गए एक्लो भइन्छ," जनमोर्चा सांसद पौडेल भन्छिन्, "तर, यो एउटा राजनीतिक मञ्च हो । प्रतिनिधित्व हुँदै नहुनुभन्दा भएर धेरै गर्न सकिन्छ भन्ने लागेको छ ।" आफ्ना मुद्दा राख्न र सत्ता पक्षका गलत कदमको भण्डाफोर गर्न भने थोरै सांसद पनि पर्याप्त हुने उनको धारणा छ ।

संविधानमा तीन प्रतिशत थ्रेसहोल्ड कटाउनेले मात्र राष्ट्रिय पार्टीको मान्यता पाउने उल्लेख छ । तर, थ्रेसहोल्ड नकटाउने पार्टीका प्रत्यक्ष निर्वाचित सांसदलाई स्वतन्त्र लेख्नुपर्ने कुनै संवैधानिक बाध्यता नभएको भन्दै उनीहरूले संसद् सचिवालयमा गुनासो पोखेका छन् । संसद् सचिवालयका महासचिव भट्टराईले निर्वाचन आयोगले पठाएको मापदण्ड अनुसारै सिट व्यवस्थापन र परिचयपत्र जारी गरिएको भन्दै सांसद टोलीलाई फर्काएका थिए । सिटमा भने नाम र पार्टी लेखिएको छ । संसद् सचिवालयका प्रवक्ता भरत गौतम संवैधानिक व्यवस्था र संसदीय परम्परा अनुसार साना पार्टीहरूको सिट व्यवस्था गरिएको बताउँछन् । "थ्रेसहोल्ड कटेका राष्ट्रिय पार्टी र नकटेका पार्टीबीच फरक पक्कै छ," उनी भन्छन्, "तर, स्वतन्त्र भनेर संसद्मा कुनै सदस्यलाई फरक व्यवहार हुँदैन । सांसदहरूका गुनासाको उपयुक्त सुनुवाइ हुनेछ ।"

राष्ट्रिय मान्यता नपाएका पार्टीहरूलाई स्थानीय तह निर्वाचनमा दलीय चुनाव चिह्न नदिने भनिएकामा पनि पूर्वप्रधानमन्त्री भट्टराईको आपत्ति छ । ऐन संशोधन नभए साना पार्टीलाई अघोषित प्रतिबन्धसरह हुने उनको तर्क छ । कार्यकारी प्रधानमन्त्री भइसकेको नेता स्वतन्त्र सांसदको हैसियतमा संसद्मा बस्दा कस्तो अनुभूति भइरहेको होला ? भट्टराई भन्छन्, "अहिले अँध्यारो सुरुङमा पसेजस्तो देखिए पनि एउटा इन्जिनियरलाई थाहा हुन्छ, सुरुङदेखि कति पर उज्यालो छ । मैले उज्यालो देखिसकेको छु । त्यसैले धेरैले अनुमान गरेजस्तो विचलित छैन, बरू उत्साही छु ।" *(हेर्नूस् बक्स, पृ १८)*

पूर्वसभामुख दमननाथ ढुंगाना राष्ट्रिय मान्यता नपाएका पार्टीहरूको हैसियत संसद्मा राजनीतिक समूहजस्तै हुने बताउँछन् । तर, व्यक्तिगत भूमिका भने कुनै ठूला पार्टीका सांसदभन्दा कम नहुने उल्लेख गर्दै भन्छन्, "संसदीय दलको व्यवस्था र सुविधा हुँदैन । पार्टीगत औपचारिक मर्यादा पाउँदैनन् । त्यसबाहेक राष्ट्रिय पार्टीको भन्दा कुनै कुरामा कमी हुँदैन ।"

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल प्रतिपक्ष कमजोर हुँदा प्रतिनिधिसभामा कुनै पनि विषयको बृहत् छलफल नभएको दुखेसो पोख्छन् । "ठूला र राष्ट्रिय भनिएका पार्टीका सांसदहरू हुन्छ र हुन्नमा हात उठाउनेबाहेक अरू केही गर्दैनन् । साना पार्टीको कुनै अस्तित्व छैन," उनी भन्छन् । पार्टी अध्यक्ष नारायणमान बिजुक्छेको परम्परागत निर्वाचन क्षेत्र भक्तपुर-१ बाट विजयी भई उनी संसद्मा पुगेका हुन् । त्यसो त नेमकिपाजस्ता साना पार्टीका लागि राष्ट्रिय पार्टीको मान्यता नपाउनु कुनै नौलो घटना होइन । ०४७ को संविधानले पनि एक प्रतिशत लोकप्रिय मत पाउने दललाई मात्र राष्ट्रिय पार्टीको मान्यता

'सुरुङभित्र पसेजस्तो'

- बाबुराम भट्टराई

तपाई संसद्मा नयाँ शक्तिको सांसद कि स्वतन्त्र ?

नयाँ शक्तिको सांसद । संविधानको गलत व्याख्या गरेर दलमाथि अघोषित प्रतिबन्ध लगाउन खोजिएको छ । त्यो हामीलाई मान्य छैन । थ्रेसहोल्ड समानुपातिक प्रतिनिधित्वका लागि हो । प्रत्यक्ष निर्वाचित सांसदहरूको दलीय पहिचान मेट्न पाइँदैन भनेका छौं ।

सुनुवाइ भयो त ?

सिटमा पार्टीको नाम उल्लेख गर्न भनेका छौं । स्वतन्त्र लेखिएका परिचय-पत्र नलिएर पार्टीको पहिचान खुलाउन भनेका छौं, सुनुवाइ होला ।

दशकअघि ठूलो पार्टीको चर्चित नेता हुनुहुन्थ्यो । अहिले स्वतन्त्र सांसद हुनुहुन्छ । पीडा हुँदैन ?

नयाँ शक्ति पार्टी भर्खरै गठन भएको हो । जन्मिनासाथ चुनावमा जानुपरेकाले यसपटक धेरै सिट जित्न सकेनौं । त्यसैले म एक्लै संसद्मा छु । तर, वैकल्पिक राजनीतिक शक्तिको भविष्यप्रति म पूर्ण विश्वस्त छु ।

तपाई हराउन लाग्नुभो भन्ने शुभेच्छुकको चिन्ता छ नि !

अहिले म अँध्यारो सुरुङभित्र पसेजस्तो, हराउने हो कि भनेजस्तो देखिएको छु । तर, एउटा इन्जिनियरलाई थाहा हुन्छ, सुरुङदेखि कति पर उज्यालो छ । मैले प्रस्टैसँग अँध्यारोपछिको उज्यालो देखिसकेको छु । त्यसैले धेरैले अनुमान गरेजस्तो म विचलित छैन, बरू उत्साहित भएर लागेको छु ।

दिएको थियो । त्यस हिसाबले ०५६ सम्मका निर्वाचनमा साना पार्टीहरू राष्ट्रिय पार्टी हुनबाट वञ्चित थिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्रीसमेत रहेका सांसद राजेन्द्र लिङ्देन एउटा सांसदका रूपमा आफ्नो कुरा राख्न पार्टी ठूलो हुनैपर्छ भन्ने नभएको तर्क गर्छन् । "अहिले सरकार ढाल्ने कुनै कल्पना छैन । सरकारले जनसरोकार सुन्ने गरी राख्न एउटै सांसद काफी छ," उनी भन्छन् । थ्रेसहोल्ड क्रस नगरेकाले संसदीय दलको मान्यता नपाए पनि संसद्मा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न कुनै अवरोध नभएकाले धेरै चिन्ता नगरेको लिङ्देन बताउँछन् । मिलेर शक्ति आर्जन गरेका वामपन्थीहरूले अब पनि कुनै बहानामा अल्मलिए देश भयानक अस्थिरतामा जाने र आमनागरिकमा ठूलो निराशा पैदा हुने उनको बुझाइ छ ।

पार्टीबाट बागी उम्मेदवार उठेर जित्ने एक्ला सांसद हुन्, हुम्लाका छक्कबहादुर लामा । ०४८ को निर्वाचनमा तत्कालीन संयुक्त जनमोर्चाबाट जित्ने नौ सांसदमध्ये एक थिए, उनै लामा । उनी ०६१ मा राजा ज्ञानेन्द्र नेतृत्वको सरकारमा पनि सहायकमन्त्री भएका थिए । ०७० को संविधानसभा निर्वाचनमा माओवादी केन्द्रबाट उठेर तेस्रो भएका लामाले यसपटकको निर्वाचनमा पार्टीले उम्मेदवार नबनाएपछि स्वतन्त्र उम्मेदवारी दिए । वाम गठबन्धनका दलहरू एमाले र माओवादीको आन्तरिक सहयोगमा उनी विजयी भए । "प्राविधिक रूपमा मात्र म स्वतन्त्र हुँ । वास्तवमा म वाम गठबन्धनको सांसद हुँ," लामा भन्छन् ।

कांग्रेसको इतिहास लेखेका पुरुषोत्तम बस्नेत नेपाली संसद्मा बागी र विद्रोहीको परम्परा कांग्रेसभित्रको असन्तुष्टिले जन्माएको बताउँछन् । तर, ०१५ यताका कांग्रेसका सबै बागी उम्मेदवार निर्वाचित भएपछि कांग्रेस प्रवेश गर्ने गरेका छन् । "राजनीतिक अस्थिरता ल्याउन स्वतन्त्र सांसदहरूको ठूलो भूमिका छ," उनी भन्छन्, "संविधानसभाका दुई निर्वाचनपछि भने स्वतन्त्रभन्दा साना पार्टीहरूले विकृति निम्त्याए । थ्रेसहोल्डले कम्तीमा त्यो विकृति मत्थर हुँदैछ ।"

स्वतन्त्र सांसदका कारण विगतमा अस्थिरता र संसद्को गरिमा घटेको इतिहास छ । ०५१ पछि नेपाली कांग्रेस, नेकपा एमाले र मालेबीच स्वतन्त्र सांसदलाई आफ्नो पक्षमा लिएर सरकार ढाल्ने र बनाउने होडबाजी नै चलेको थियो । ढल्ने र नयाँ बन्ने सरकार दुवैमा उनै स्वतन्त्र सांसदहरू हुन्थे । ०५१ देखि ०५६ सम्ममा २० सिट भएको राप्रपाबाट सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भए अनि सबै सांसदहरू मन्त्री । थ्रेसहोल्ड नहुँदा ०७० को संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ एउटै सिट नजितेको राप्रपा, नेपाल समानुपातिकतर्फ २५ सांसदसहित सरकार गठन र विघटनको सूत्र बन्यो । खासगरी ०६४ को संविधानसभापछि मधेसकेन्द्रित पार्टीका नेतापिच्छेका महत्त्वाकांक्षाले पार्टी टुटफुटको शृंखला नै चल्यो । मधेसी जनअधिकार फोरम झन्डै आधा दर्जन पटक फुट्यो । तराई-मधेस लोकतान्त्रिक पार्टी र मालेमा पनि त्यस्तै विकृति देखियो । टुटफुटको शृंखला थ्रेसहोल्डको व्यवस्था नहुँदासम्म कायम रह्यो । संवैधानिक व्यवस्थापछि भने फुटेका पार्टी जुट्न थाले । चुनावको मुखमा मधेसकेन्द्रित पार्टी र राप्रपा एकताको खास कारण त्यही थियो । "थ्रेसहोल्ड र बलियो सरकारले कम्तीमा विकृतिले धमिलिएको नेपाली संसदीय राजनीतिलाई केही सङ्ल्याउन सघाउने आशा गर्न सकिन्छ," बस्नेत भन्छन् । ◆

Admission Open

For

Nursary to Grade VIII

सोच र खोजको लागि शिक्षा

Jagat Mandir Seconday School

Chabahil, Kathmandu

Tel.: 01-4481893, @jagatmandirschool

Education to equip humanity

सिन्डीकेटलाई खुच्चिङ !!

सार्वजनिक यातायातमा एकाधिकारविरुद्ध सरकार

माधव बस्नेत

भक्तपुर र काभ्रेका ११ यातायात व्यवसायी संघले २१ चैतमा अरनिको राजमार्गमा चल्ने सार्वजनिक सवारी साधन बन्द गरे । उनीहरूले यातायात बन्द गर्नुको कारण थियो, त्यस रुटमा मयूर यातायात नामक नयाँ कम्पनीलाई सञ्चालन अनुमति दिएको विरोध । सरकार र यातायात व्यवस्था विभागबाट पटक-पटक दिइएको निर्देशन एवं अदालतको आदेशलाई समेत लत्याएर सार्वजनिक यातायात व्यवसायीले सिन्डीकेट जारी राखेको पछिल्लो उदाहरण हो यो । समृद्धि र सुशासनको नारा दिएको एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारलाई यातायात व्यवसायीले दिएको पहिलो चुनौती पनि हो यो घटना । हुन पनि अवस्था कस्तो थियो भने यसअघि राजनीतिक संरक्षण, आर्थिक प्रभाव र दबाबमा यातायात व्यवसायीले राजमार्गमा खुलेआम सिन्डीकेट लादेका थिए ।

तर, सरकारले बलियो अडान लियो । पटक-पटक यातायात व्यवसायी महासंघसामु झुक्दै आएको सरकार यसपटक भने झुकेन । यातायात व्यवस्था विभागले सिन्डीकेटधारी व्यवसायीसामु नझुक्ने भन्दै २१ चैतमा धुलिखेलसम्मको रुट इजाजतलाई खुला मात्र गरेन, तिनीहरूले पाएको रुट इजाजत खारेजी प्रक्रिया नै अघि बढायो । यसपछि आन्दोलनरत पक्ष पछि हटे । उनीहरूले २२ चैत बिहानैबाट चुपचाप आफ्ना बस सञ्चालनमा ल्याए । यस घटनाले एकसाथ दुईवटा सन्देश दियो । एक, सरकारले चाहँदा सिन्डीकेटधारीहरू घुँडा टेक्न बाध्य हुन्छन् । दोस्रो, सिन्डीकेटधारीको छन्दविहीन आन्दोलनले प्रतिस्पर्धीलाई ढोका खुल्यो ।

मयूर यातायातले अरनिको राजमार्गमा सञ्चालन अनुमति लिएर गाडीहरू चलाउन थालेपछि सिन्डीकेट पक्षधरहरू तोडफोडमै उत्रिए । मयूर यातायातलाई अवरोध पुऱ्याएपछि प्रधानमन्त्री केपी ओलीले राजमार्गमा सार्वजनिक सवारी साधन निर्वाध रूपमा चलाउन निर्देशन दिन ढिलो गरेनन् । भौतिक योजना तथा यातायात मन्त्रालय मातहतको यातायात व्यवस्था विभागले पनि सार्वजनिक सूचना जारी गरेर सार्वजनिक सवारी सञ्चालनमा अवरोध गरे कारबाही गर्ने चेतावनी दियो । तर, सिन्डीकेटधारीले यस्तो जब्बर रूप देखाए, विगतझैं यसपटक पनि सरकारलाई गलाएरै छाड्ने धम्की मात्र दिएनन्, सवारी आवागमन नै ठप्प बनाए ।

तर, उनीहरूको आन्दोलनले स्वयंलाई 'ब्याक फायर' गरिदियो, जो उनीहरूले सोचेका पनि थिएनन् । सिन्डीकेटधारीले आन्दोलन सुरुआत गरेकै दिन यातायात व्यवस्था विभागले सिटी मेट्रो, महानगर, अन्नपूर्ण, मयूर, साझालगायतका व्यवसायीलाई थप रुट अनुमति दियो । ठूला बस सञ्चालन गरिरहेका कम्पनीले धमाधम रुट इजाजत लिएर धुलिखेल र पनौतीसम्म सेवा विस्तार गरे । सिन्डीकेटवालाले आन्दोलन सुरु गर्नुअघि मयूर यातायातले बनेपासम्म रुट इजाजत लिएको थियो । उनीहरूको आन्दोलनकै कारण मयूरले धुलिखेलसम्म सेवा विस्तार गर्ने अनुमति पायो । त्यसैगरी साझा यातायातले पनौती र धुलिखेलको रुट इजाजत लिएर १०-१० वटा बस चलाउन थाल्यो । सिटी मेट्रोले पनि बनेपासम्म रुट पायो, जुन रिङरोडभित्र मात्र सीमित थियो । चक्रपथ परिक्रमा मात्र गरिरहेको महानगर यातायातले

तस्विरहरू : भास्वर ओझा

पनि बनेपा-धुलिखेलसम्मको इजाजत लियो। अन्नपूर्ण यातायातलाई पनि त्यही अवसर जुऱ्यो । यसपछि सिन्डीकेटवाला व्यवसायी पछि हट्न बाध्य भए । "हामीले मयूर, साझा, महानगर, सिटी मेट्रो, अन्नपूर्णलगायतका यातायातलाई धुलिखेल-बनेपासम्मको रुट इजाजत दिएपछि सिन्डीकेटका पक्षमा अनिश्चितकालीन बन्द गर्छौं भनेर कुर्लिनेहरू एकाएक पछि हटे," यातायात व्यवस्था विभागका महानिर्देशक रूपनारायण भट्टराई भन्छन्, "उनीहरू कानुनीराजको विपक्षमा थिए। कानुनी डन्डाले कसैलाई पनि छाड्दैन भन्ने सन्देश दिन खोज्दा पछि हटेका हुन सक्छन् । भलै, औपचारिक रूपमा चाहिँ आन्दोलन फिर्ता भयो भनेका छैनन् ।"

स्रोतका अनुसार सार्वजनिक यातायात व्यवसायीको छाता संगठन यातायात व्यवसायी महासंघले दोहोरो भूमिका निर्वाह गरेको थियो । दोहोरो भूमिका कस्तो भने यातायात विभागसमक्ष 'हामी सिन्डीकेटका पक्षमा छैनौं, व्यवसायीले आफूखुसी सेवा बन्द गरेका हुन्' भनेको थियो । अर्कोतिर सिन्डीकेट पक्षधरलाई बन्दमा उत्रन सघाएको थियो । बन्दमा उत्रेका ११ वटै घटक संगठन महासंघमा आबद्ध छन् । मुलुकले खुला बजार अर्थतन्त्र अवलम्बन गरे पनि सिन्डीकेटको सञ्जाल यति बलियो थियो, प्रहरी प्रशासन र सरकारी कर्मचारीतन्त्र त्यसैका पक्षमा देखिन्थे । कतिसम्म भने पोखरामा सिन्डीकेटको विपक्षमा उभिएका एक सरकारी अधिकृत जीवन सेढाईंमाथि २८ जेठ ०६१ मा गोली नै दागिएको थियो। यात्रु र प्रतिस्पर्धी व्यवसायीका पक्षमा थुप्रै नियम-कानुन भए पनि तिनलाई खोस्टा साबित बनाइएको थियो । झन्डै तीन सयको संख्यामा रहेका यातायातसम्बन्धी संघ, समिति र तिनको छाता संगठन नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघ राजनीतिक संरक्षणमा थियो । र, त्यही समितिले सर्वत्र सिन्डीकेट लादेको थियो ।

सिन्डीकेटका पक्षमा कोटेश्वरपूर्व राजमार्ग बन्दको अगुवाइ गर्ने अरनिको यातायात समितिका अध्यक्ष श्याम लामा माओवादी कार्यकर्ता हुन् भने अन्य समितिका अध्यक्ष पनि कुनै न कुनै पार्टीमा आबद्ध छन्। स्रोतका अनुसार यसपटक पनि राजनीतिक दलमा आबद्ध यी व्यवसायीले नेतालाई भनसुन गरेर सिन्डीकेट कायम राख्न ठूलै प्रयत्न गरेका थिए । जसका लागि उनीहरू भक्तपुर-२ का एमाले सांसद महेश बस्नेत, काभ्रे-२ बाट विजयी भई सूचना, सञ्चार तथा प्रविधि राज्यमन्त्री बनेका गोकुल बास्कोटाको शरणमा परे। भौतिक योजना तथा यातायातमन्त्री रघुवीर महासेठ, कानुनमन्त्री शेरबहादुर तामाङ, माओवादी केन्द्रका सांसद अग्नि सापकोटा र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को दैलोसम्म सिन्डीकेट पक्षधरहरू पुगेका थिए । तर, सिन्डीकेटविरुद्ध प्रधानमन्त्री ओली टसमस नभएपछि उनीहरूको दौडधुप बेकामे बन्यो । प्रधानमन्त्री ओलीले यातायात व्यवस्था विभागका महानिर्देशक भट्टराईलाई कानुनी डन्डा दह्रो चलाउन निर्देशन दिएको स्रोत बताउँछ। यही निर्देशनपछि भट्टराई कडा रूपमा प्रस्तुत भएका थिए ।

"हामीले बजारको नियम अनुसार स्वच्छ प्रतिस्पर्धा गरौं। जसरी पनि यात्रुलाई गुणस्तरीय सेवा-सुविधा दिऔं भनेर रुट इजाजत लिएका थियौं," मयूर यातायातका अध्यक्ष मोहन श्रेष्ठ भन्छन्, "तर, हामीभन्दा अघि अनुमति लिएका व्यवसायीले उनीहरूको रुट इजाजत खोसिदिएजस्तो ठानेर ६-७ वटा गाडी तोडफोड गरिदिए । बन्दमै उत्रिए ।" यातायात व्यवस्था विभागले काठमाडौं-बनेपा भाडा ४० रुपियाँ तोकेको छ । सिन्डीकेट पक्षधर व्यवसायीले त्यसभन्दा बढी भाडा लिँदै आएका छन् । तर, मयूरले विभागले तोकेभन्दा पनि कम ३५ रुपियाँमा बनेपा पुऱ्याउने भाडा तोकेको छ। त्यसैगरी ७० वर्षभन्दा माथिका, अपांगता/अशक्त र ट्राफिक प्रहरीलाई निःशुल्क व्यवस्था गरेको छ। मयूरले वाइफाइ, टेलिभिजन, डिजिटल कार्ड प्रणाली, सीसीक्यामेरा जडान गरिएका सुविधायुक्त बस सञ्चालन गरिरहेको छ । मयूर सस्तो र गुणस्तरीय सेवा-सुविधासहित प्रतिस्पर्धामा आएपछि आफ्नो मनपरीतन्त्र खोसिने त्रासमा अरनिको राजमार्गका सिन्डीकेटवालाहरू बलजफ्तीमा उत्रिएका थिए। यद्यपि, यसपटक सरकार नगलेपछि सिन्डीकेट पक्षधरको नूर गिरेको छ। ◆

कानुनी व्यवस्था

सर्वोच्च अदालतले गत वर्ष नै सरकारलाई सिन्डीकेट खारेज गर्न आदेश दिएको थियो। त्यसअघि पनि सर्वोच्चबाट सिन्डीकेट प्रणाली हटाउन आदेश जारी भइसकेको थियो। तर, यातायात व्यवसायीले अदालतको आदेशलाई लत्याइरहेका थिए। सर्वोच्च अदालतको आदेश मात्र किन ! सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले सिन्डीकेट गर्न नपाइने भनेको छ । सरकारले पनि पटक-पटक सिन्डीकेट अन्त्य गर्ने निर्णय गरेकै हो । तर पनि, सार्वजनिक सवारी सञ्चालकले सिन्डीकेट लादिरहे । यही बेला सरकारले पछिल्लोपटक १८ चैतमा मात्र 'रुट (बाटो) निर्धारण निर्देशिका-२०७४' जारी गरेको छ।

यसअघि नयाँ कम्पनीले रुट इजाजत लिन यातायात व्यवसायीका संघ-संगठनसँग सिफारिस लिनुपर्ने व्यवस्था थियो । पछिल्लो निर्देशिकाले रुट इजाजत लिन यातायात व्यवसायीका संघ-संगठनबाट सिफारिस लिनुपर्ने बाध्यकारी व्यवस्था हटाएको छ। नयाँ व्यवसायीलाई रुट इजाजत सिफारिस नदिने, दिए पनि ५०-६० लाख रुपियाँसम्म लिने, उनीहरूको सर्त मान्नुपर्ने गरी लिन्थे। पछिल्लो निर्देशिका काठमाडौंको कोटेश्वरपूर्व अरनिको राजमार्गबाट कार्यान्वयन हुँदैछ । निर्देशिका देशभर कार्यान्वयन भए सडक-सिन्डीकेट मुलुकभरिबाटै हट्ने निश्चित छ।

शक्तिशाली कार्यकारी

हरेक वर्षजसो नयाँ प्रधानमन्त्री पाइरहने नेपालले अब भने स्थिर सरकार र गतिमान् अर्थतन्त्र पाउने सम्भावना देखाएको छ । यो राष्ट्रिय आशाको अगुवाइ गरेका छन्, सर्वोच्च कार्यकारी बागडोर सम्हालेका प्रधानमन्त्री केपी शर्मा ओलीले ।

प्रधानमन्त्री ओली, *नेपाल*को वर्षव्यक्ति-२०७४ यसर्थ कि- बिनाकुनै सम्झौता उनी राजनीतिक असन्तुष्टिका एजेन्डाहरूको बैठान गराउन सफल भए । आफ्ना अडानका लागि तीन तहका चुनावमार्फत व्यापक जनअनुमोदन पाए । अर्को ठूलो वाम घटक माओवादीसँग एकताको मार्गचित्रसहित चुनावी गठबन्धनमार्फत उदाएका यी नेताले प्रधानमन्त्री चुनिएसँगै संसद्मा हालसम्मकै सर्वाधिक तीन चौथाइ विश्वासको मत पाए ।

एमाले अध्यक्ष ओली सत्ताको नेतृत्वमा झैं आफ्नो पार्टीभित्र पनि प्रतिस्पर्धीविहीन देखिए । प्रधानमन्त्रीमा अधिकार केन्द्रीकृत गर्दै उनी हालसम्मकै शक्तिशाली लोकतान्त्रिक कार्यकारी बन्दैछन् । अनि, बराबरीका आधारमा छिमेकीसँग सम्बन्धको वकालत गर्दै उनी भूराजनीतिक मैदानका उल्लेख्य खेलाडीका रूपमा अघि सर्ने तयारीमा छन् ।

आवरणसहित तस्बिरहरू : रवि मानन्धर

‘राजनीतिक क्रान्ति गरि

वर्षव्यक्ति अंकका लागि *नेपाल* टिमले भेटेको भोलिपल्ट २३ चैतमा प्रधानमन्त्री **केपी शर्मा ओली**लाई नयाँदिल्ली उड्नुपर्ने थियो । सायद राजकीय भ्रमणकै तयारी हुनुपर्छ, दस्तावेजजस्ता लाग्ने कागजका प्रतिहरू बोकेर मन्त्री र उच्च तहका कर्मचारीहरू ओहोरदोहोर गरिरहेका थिए । पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत शीर्ष नेताहरू प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारतिरै व्यस्त देखिन्थे । मधेसवादी नेताहरू आउँदै-जाँदै थिए । ओलीको सहयोगी टिम पनि हस्याङफस्याङमै थियो । स्वयं ओली भने आफ्नै सुरमा । कुनै हतारोभाव थिएन ।

प्रधानमन्त्री भएको दुई महिना पुग्नै लाग्दा पहिलोपल्ट नेपाली प्रेसका लागि ओली खुल्दै थिए । डेढ घन्टा लामो अन्तर्वार्ताका क्रममा उनले आफ्नो पहिलो प्रधानमन्त्रीकालको सगर्व सम्झना गरे । वाम एकताका सजिला-अप्ठ्याराहरूको चर्चा गरे । विकास र समृद्धिका एजेन्डा छुटाउने कुरै भएन । भारत र चीनसँगको भूराजनीतिक उहापोह, प्रधानमन्त्रीका आफ्ना प्राथमिकता अनि भविष्यमुखी इच्छाहरू- यो अन्तर्वार्ता यसैको वरिपरि छ । प्रधानमन्त्री ओलीसँग **सुधीर शर्मा, बसन्त बस्नेत** र **बाबुराम विश्वकर्मा**का प्रश्नहरू :

दुई तिहाइभन्दा बढी मतसहित शक्तिमान् प्रधानमन्त्री बन्नुभएको छ । जनअपेक्षा बढ्तै छन् । कत्तिको जिम्मेवारीबोध भइरहेको छ ?

म जेलमा थुनिँदा पनि आफूलाई देश र जनताप्रति समर्पित इमानदार नागरिक ठान्थेँ । ममा देशप्रतिको माया-ममता, निष्ठा र कर्तव्यबोध थियो । कर्तव्य पूरा गर्ने परिस्थिति र सामर्थ्यको अधिकता वा न्यूनता फरक हुन सक्छ । तर, देशप्रतिको निष्ठा फरक हुँदैन ।

म सम्पूर्ण इमानका साथ काम गर्छु । मलाई जनताले दिएको अभिमत र शक्ति काम गर्न सजिलो होस् भनेर हो । त्यसले मेरो निष्ठा र कर्तव्यबोधमा कुनै फरक पार्दैन । मैले यसपटकको निर्वाचनमा व्यक्तिगत तबरमा सर्वाधिक मत पाएँ । संसद्मा ऐतिहासिक रूपमा करिब ७८ प्रतिशत मत पाएँ र मानिसले कल्पना गरेभन्दा फरक ढंगले मधेसकेन्द्रित दलको पनि समर्थन पाएँ । नेपाली कांग्रेसका केही साथीहरूले पनि भने,

यो, अब विकासमा क्रान्ति'

तपाईंलाई संसद्मा भोट हाल्ने इच्छा थियो तर दलीय बन्धनले गर्दा सकिएन, नमज्जा लागेको छ। यो समर्थन र सद्भावलाई मैले दुरुपयोग गर्दिनँ, सदुपयोग नै गर्छु।

देशको अर्थतन्त्र नाजुक छ तर प्रकृति धनी छ। हिमाल, नदीनाला, हरिया पहाड, उर्बर फाँट सबै जीवनमय छन्। हावा, पानी, जमिन र जंगलमा जीवन छ, त्यसकारण यसलाई विकास गर्न सकिन्छ। राजनीतिक संघर्ष गरेर अहिलेको स्थितिमा पुगेका हौँ। अब हाम्रा एजेन्डा सुशासन र भ्रष्टाचार नियन्त्रण हुनेछन्। प्रशासनयन्त्रलाई शासन गर्ने नभई जनतालाई सेवा दिने यन्त्रका रूपमा प्रयोग गर्ने हो। विकासको औजार, उपकरण, अभियन्ता र संयोजन गर्ने सेतुका रूपमा प्रशासनयन्त्र प्रयोग हुन्छ। विकासको चालकका रूपमा प्रशासनयन्त्रलाई अघि बढाइन्छ।

समृद्धिका लागि विज्ञान र प्रविधिको प्रयोग तथा योजनाबद्ध जनशक्ति विकास अबको प्राथमिकता हुन्छ। देशका लागि मानवीय स्रोतको विकास जरुरी छ। विज्ञ, विशेषज्ञ उत्पादन अहिलेको संसद् र मेरो प्रधानमन्त्रीको कार्यकाल (पाँच वर्षको होला वा कतिको होला, बेग्लै कुरा)मा एउटा महत्त्वपूर्ण काम हुनेछ। तर, हामीले पाँच वर्षमा सक्ने मात्र योजना बनाउने होइन, देशलाई विकास र अग्रगमनमा लैजान बाटो, बिजुली र कनेक्टिभिटी, हवाई मैदान र रेलको काम तीव्र गतिमा हुन्छ।

विकास र समृद्धिको नारामा चुनावी समर्थन पाउनुभयो। तपाईंका खास प्राथमिकताचाहिँ के-के हुन् ?

प्राथमिकता भनेर एउटा क्षेत्रमा मात्र जोड दिने कुरा होइन। हामी चौतर्फी विकासका प्रयासलाई अघि बढाउँछौँ। यसको अर्थ हो, ४०-५० लाख युवा देशबाहिर छन्, तिनलाई फर्काउन आकर्षक रोजगारी सिर्जना गर्नुछ। किनभने, युवाहरूले तुलनात्मक आकर्षण अन्यत्र देखे भने विदेश जाने खतरा हुन्छ, जुन अहिले भइरहेको छ। त्यसलाई रोक्न रोजगारीको विकल्प छैन। पूर्वाधार, ऊर्जा, कृषिको आधुनिकीकरण अनि त्यसले उत्पन्न गर्ने स-साना औद्योगिकीकरणबाट लाभ उपलब्ध गराउने अवसर सिर्जना गर्नेछ।

पर्यटन, होटल व्यवसाय, विज्ञान प्रविधि, ई-गभर्नेन्स, ई-एजुकेसनका क्षेत्रमा व्यापक आधुनिकीकरण जरुरी छ। यसका लागि राष्ट्रिय अभियान छेडिन्छ, ड्राइभ दिइन्छ। सरकारी तबरबाट मात्र नभई निजी तबरबाट यसरी नै काम हुनुपर्छ। कर्णाली वा दुर्गमको साक्षरता प्रतिशत, विद्यालय भर्ना र पढाइ छाड्ने दर हेरियो भने ९६ प्रतिशत छ। अनि, रौतहटजस्तो सुगम ठाउँको भर्ना दर साह्रै न्यून छ। त्यसलाई बदल्नु छ। यसमा सबैले सहयोगी हात बढाउनैपर्छ। हरेक क्षेत्रमा यसरी ड्राइभ दिन्छौँ। राजनीतिक क्रान्ति गरियो, अब विकास, कृषि, व्यापार र औद्योगिक क्षेत्रमा क्रान्ति सुरु हुन्छ।

उत्तर-दक्षिण, पूर्व-पश्चिम रेलको कुरा गर्नुहुन्छ। नेपालीले कहिले देख्न पाउलान् ?

तपाईंहरूले सम्पादन गर्दा यो लाइनचाहिँ नकाट्नुहोला, उत्तर-दक्षिण रेल, रक्सौल-काठमाडौँ रेल, केरुङ-काठमाडौँ रेल, काठमाडौँ-पोखरा रेलमार्ग बन्ने पक्का छ। काठमाडौँमा मेट्रो रेल अनि पूर्व-पश्चिम रेल गुड्छ, त्यो पनि निकट भविष्यमै।

कतिपय मानिस भन्छन्, केपी ओली सपना देखाउँछन्, काम गर्दैनन् !

केपी ओलीले काम गर्दैन भन्नेहरूका लागि म एउटा रजिस्टर राखिदिन्छु। र, त्यहाँ नाम लेखेकाहरूलाई मैले कम्तीमा एकपटक काठमाडौँ-पोखराको रेल टिकट निःशुल्क उपलब्ध गराउँछु। (प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालतिर हेर्दै) एउटा रजिस्टर राखिहाल्नुप¥यो, काम गर्दैन भन्नेहरूको नाम लेख्न। मेरो कुरा कति झूटो, कति साँचो भनेर उहाँहरूले रजिस्टरमा कमेन्ट पनि लेखे हुन्छ। त्यो कमेन्टको फोटोकपी म उहाँहरूलाई दिन्छु।

म विद्रोही स्वभावको रहेँ। सत्ताविरुद्ध विद्रोह बोलेँ। धेरै वर्ष जेल बसेँ। अहिले मलाई जनताले कार्यकारी प्रधानमन्त्रीको कुर्सीमा यत्रो विश्वासका साथ राखेका छन्। मैले अरू गर्नु के छ ? अनेक घटना-दुर्घटनाबाट

जोगिँदा-जोगिँदा नाफा (फाउ)को जिन्दगी पाएको छु, मलाई अरू केही गर्नु छैन । अविश्वास र शंका गर्न चाहनेलाई देखाइदिन चाहन्नँ । तर, म नेपालमा विकास गर्न चाहन्छु, त्यो विकास तिनीहरू आफैँले देख्छन् ।

यी सब कुरा हुँदाहुँदै पनि तपाईंको यो कार्यकालको सुरुआत ज्यादै सुस्त भएन र ?

म जादुगर होइन, रुमाल देखाएर अन्डा बनाउने अनि अन्डा देखाएर रुमाल बनाउने । मैले रेल बनाउने कुरा एकछिनको होइन । सोचाइ, योजना, इन्जिनियर, सर्वे, लगानी आदि सबैको परिपूर्तिमा रेल चल्छ । यो कष्टसाध्य प्रयास र आकांक्षाको प्रतिफल हुन्छ । त्यसैले यो गफ होइन ।

अर्थमन्त्रीले सार्वजनिक गर्नुभएको श्वेतपत्रमा देशको ढुकुटी रित्तो नै देखाइएको छ, विकासको काम अघि बढाउन स्रोतको जोहो कसरी गर्ने त ?

देशको ढुकुटी रित्तिँदै गएको अलिअघिसम्म मात्र भन्न मिल्थ्यो । अब यो सरकार बनेपछि रित्तिँदै गएको भन्न मिल्दैन । नेपालले अब कहिल्यै पनि यसरी रित्तो अर्थतन्त्रको श्वेतपत्र जारी गर्ने छैन । दुई वर्षभित्र तुइन विस्थापित गरेर झोलुंगे पुल निर्माण गर्ने भनेँ । मैले जनताको दुःख नजिकबाट देखेकाले भारतसँग कुरा गरिरहेको छु, महाकालीपारिका गाउँको तुइन विस्थापित गरेर झोलुंगे पुल हाल्न देऊ भनेर । आज देशमा जुन रफ्तारमा झोलुंगे पुल बनेका छन् र तुइन विस्थापित भएका छन्, त्यो कुनै कथा होइन । कतिले भन्छन्, केपी ओलीले उखान-टुक्का हाल्यो । म भन्छु, झोलुंगे पुल उखान-टुक्का हो ?

तपाईंलाई आफ्नाबारेमा गरिने टीका- टिप्पणी र आलोचना कसरी थाहा हुन्छ ?

(हाँसो) । म नेपालमै छु ।

तपाईं राती अबेरसम्म इन्टरनेट, सोसल मिडिया आदि चलाउनुहुन्छ रे !

हो, म अध्ययन गर्न रुचाउँछु । म मेला हेर्न जाने मानिसभन्दा पनि मेला सुरु गर्ने मान्छे हुँ । म अभियानमा सरिक हुनेभन्दा अभियान सिर्जना गर्ने मान्छे हुँ ।

भनेपछि तपाईं आफैँ सूचना लिनुहुन्छ ?

हो, म ब्रिफिङ सुन्नेभन्दा बढी आफू अध्ययन गर्छु ।

> हरेक क्षेत्रमा यसरी ड्राइभ दिन्छौं । राजनीतिक क्रान्ति गरियो, अब विकास, कृषि, व्यापार र औद्योगिक क्षेत्रमा क्रान्ति सुरु हुन्छ ।

वाम सरकारप्रति निजी क्षेत्र आश्वस्त हुन सकेको छैन, यस्तो स्थितिमा आर्थिक स्रोत जुटाउन कसरी सहज होला ?

म त्यसमा चिन्ता गर्दिनँ । पैसा भएर, धनी भएर कसैले विकास गरेको होइन र छैन । विकास गरेर मात्र देशहरू धनी भएका छन् । चीनसँग पैसा भएर विकास गरेको होइन, विकास गरेर धनी भएको हो । भारतले पनि पैसा भएर विकास गरेको होइन, विकास गऱ्यो अनि पैसा हुन थाल्यो । विकास पहिलो कुरा हो अनि पैसा । विकास आकांक्षा हो, विकास दृष्टिकोण र भिजन हो, विकास संकल्प हो । यति भएपछि विकास व्यवहारमा बदलिन्छ । बजेट नभएर विकास नभएको होइन ।

उदाहरण हेरौँ : खेत बाँझै छन् । तर, हाम्रा युवा गाउँतिर खाट जोडेर पप्लु-म्यारिज खेलेर बस्छन् । त्यहाँ पैसा नभएर खेत बाँझा भएका होइनन्, बाजी राख्न पैसा पुग्छ, कोदालो लिएर बारी खन्ने जाँगर छैन । बाँझो खेत खन्न बजेट र मानसिकतामध्ये दोस्रोले बाधा पारेको छ । हाम्रो जमिन, पाखुरा र पसिनाको सदुपयोग गर्ने हो, विकास हुन्छ । यहाँ बजेटको कुरा कहाँ छ ? त्यसैले विकासका कुरा आउनेबित्तिकै सम्पूर्ण कुरा बजेटको टाउकोमा हाल्ने प्रवृत्ति उचित होइन ।

कोदालो लिएर खेतमा नजाने, खाटमा बसेर पप्लु खेल्ने अनि भाग्यका भरमा बसेर उन्नति हुँदैन । काम नगरेर गरिब भएको हो भने त्यो उल्टिनुपर्छ । त्यसकारण विकासका लागि बजेट बाधक बन्दैन । किनभने, हाम्रा विकासका आकांक्षाहरूमा हाम्रा सबल छिमेकीहरू सहयात्री हुन तयार छन्, विकास अघि बढाउन अप्ठ्यारो छैन ।

तपाईं अलि ठूला पूर्वाधारमा लगानी बढाउनेमा ध्यान दिँदै हुनुहुन्छ तर कतिपयले जनतालाई चाहिँ सफा हावा, सफा पानी, महँगी नियन्त्रण, सुलभ शिक्षा, स्वास्थ्य चाहिएको भनी बहस गर्छन् । आवश्यकता र योजनाबीच कसरी सन्तुलन मिलाउने ?

गाउँमा एउटा बूढा थिए, हिँड्दाखेरी एक दिन उनको गोडाले ठक्कर दिएर लोटाको पानी पोखियो । उनले भने, 'अलि छेउमा राख्नुपर्छ नि लोटा, बीचमा राख्ने ?' सबैले उनको कुरा सुनेर गल्ती भएको महसुस गरे । अर्को दिन कुनामा राखेको लोटा बूढाले फेरि लडाएर पानी पोखे । फेरि भने, 'कुनामा लगेर राखेकाले लोटा देखिएन, देखिने ठाउँमा राख्नुपर्ने' । केही मान्छे यस्ता हुन्छन्, जसरी पनि आलोचना गर्छन् ।

खुद्रा कुरामा अल्झेको छ सरकार भनेर जति पनि आलोचना गर्न सकिन्छ । कहिले आउँछ मेलम्ची ? कहिले आउँछ रेल ? कहिले बन्छ एयरपोर्ट ? स्वच्छ पानी दिन नसक्ने, स्वच्छ हावा दिन नसक्ने, ठूला कुरा गर्ने ? सरकारलाई यस्तो भनेको सुन्छु । तर, त्यस्तो होइन, सबै कुरा आवश्यक छ । ठूला एयरपोर्ट, ठूला सफा बाटा, सफा सहर, स्वच्छ खानेपानी, स्तरीय र सुलभ शिक्षा, सुलभ स्वास्थ्य सबै चाहिन्छ ।

यी सबै काम गर्न विज्ञ टिम र सहयोगीको खाँचो पर्ला, त्यस्तो विशेषज्ञता हासिल गरेको जनशक्ति छ तपाईंसँग ?

क्याराभान फिल्मका थिन्ले कलाकार होइनन्, जिविस सदस्य हुन् । त्यो फिल्ममा धेरै व्यावसायिक कलाकार छैनन् । उनीहरूलाई भनियो, तिम्रो ठाउँको तिम्रो कथा तिमीले भन्दा राम्रोसँग अरू कसले भन्न सक्छ ? तिमीजस्तै मान्छे तिमीबाहेक अरू को हुन सक्छ ? तिम्रोजस्तो दैनिकी अरू कसको हुन सक्छ ? त्यसकारण सबभन्दा राम्रो नायक तिमी हुन सक्छौ भनियो, थिन्लेलाई उत्प्रेरित गरियो र अभिनय गराइयो । थिन्लेको अपर डोल्पाको कला उत्कृष्ट बन्यो । हो, त्यसैगरी हाम्रा मान्छेले पनि विकास गर्न सक्छन् । गरेपछि जानिन्छ, हुन्छ । जन्मिँदा आइन्सटाइन वैज्ञानिक थिएनन्, पछि पढ्दै गएर बनेका हुन् । हामी पनि त्यस्तै हौँ । नेताहरूलाई प्रेरित गर्नुपर्छ, आत्मविश्वास जगाउनुपर्छ, काम हुन्छ । हामी यस्ता पुर्खाका सन्तान हौँ, जो असाधारण थिए, ती विद्वान् अनुसन्धाता थिए । हामीसँग भएको जनशक्ति र प्रकृतिको संयोजनबाट अधिकतम उपलब्धि हासिल गर्ने हो ।

तपाईंले प्रधानमन्त्री कार्यालयलाई थप शक्तिशाली बनाएर आफ्नो क्षेत्राधिकार पनि बढाउँदै लैजानुभएको छ, शक्तिमान् प्रधानमन्त्रीले त्यो शक्ति सदुपयोग नै गर्छ भनेर कसरी ढुक्क हुने ?

म शक्तिशाली भएर जनताले अनुमोदन गरेका होइनन् । मसँग केही शक्ति छ र हो भने त्यो जनताले बनाएको शक्ति हो । मैले लिएको राष्ट्रिय एकता, समृद्धि, जनताको सुख र सुन्दर भविष्यको विचार सही भएकाले त्यसलाई समर्थन गरे । त्यो समर्थन शक्तिलाई होइन । सरकार सञ्चालनको अनुमति जनताले दिनु भनेको शक्ति दिनु नै हो । शक्तिलाई दुई आधारमा लिइन्छ । पहिलो, द्रव्य शाहले जस्तो लोकतन्त्र मासेर प्राप्त गरिन्छ । दोस्रो, राम्रो विचारका कारण जनताको समर्थनबाट प्राप्त गरिन्छ । द्रव्य शाहले जसरी शक्तिमा पुगेपछि आफ्नो वरिपरि किल्ला बनाए, शक्तिमा बसिरहन, टिकिरहन । तर, म किल्ला बनाउने होइन, किल्ला भत्काउने

मान्छे हुँ । किल्ला निर्माण गरेर मलाई शक्ति आर्जन गर्नु छैन, किल्ला भत्काएर टाकुराबाट जनतासँग मिलेर देश बनाउनु छ । यो जमाना शक्ति हातमा लिएर शासन गर्ने होइन । पुरानो जमानामा शासकहरूले दण्ड हातमा लिएर शासन गर्थे, दण्ड शक्तिको विम्ब थियो । अहिले त्यसो गर्न खोजियो भने त्यही नै पतनको कारण बन्छ ।

अर्को प्रसंग, एमाले–माओवादीबीचको पार्टी एकता प्रक्रिया कहाँ पुग्यो, हुन्छ पार्टी एकता ?

निकट भविष्यमै एमाले र माओवादी केन्द्रबीच एकता हुन्छ । यो एकता गरिबी, पछौटेपन, झगडालु मानसिकता, साम्प्रदायिक विद्वेषविरुद्ध र राष्ट्रिय एकताको पक्षमा हो । यो समृद्धि, लोकतन्त्र र राष्ट्रियताका निम्ति हो । त्यसकारण यो एकताबाट अधिनायकवाद आउँछ, लोकतन्त्र खतरामा पर्छ भन्ने गरिएको छ भने केही ठाउँ नपाएपछि त्यस्तो भनिएको हो ।

चुनावका बेला पनि हामीले हाम्रा नीति र कार्यक्रम भन्यौं । तर, अरूसँग न भन्ने नीति छ, न त कार्यक्रम । त्यसकारण यिनीहरू आए भने अधिनायकवाद ल्याउँछन् भने । चुनावमा पनि हामीले गरेका राम्रा कामको चर्चा गर्‍यौं, अरूसँग राम्रा काम गरेको रेकर्ड नै नभएकाले त्यसो गरेनन् । हामीले सुन्दर भविष्य बनाउने केही योजना भन्यौं, अरूसँग भविष्यका कुनै योजना नभएकाले केही भन्न सकेनन् ।

वाम वर्चस्वले लोकतन्त्र खतरामा पर्छ भनेर प्रमुख विपक्षी नेपाली कांग्रेसले शंका गरिरहेको छ, के भन्नुहुन्छ ?

लोकतन्त्रका लागि जनताले लामो बलिदान गरेका छन् । त्यसमध्येको एउटा सामान्य पात्र हुँ म । लोकतन्त्रका लागि आधा शताब्दी खर्च गरेको छु । मेरोजति निष्ठाका साथ अथवा देखावटी नै सही, कसैले लोकतन्त्रका लागि योगदान गरेको भए प्रतिस्पर्धामा आए हुन्छ । चिलीमा आइन्देको निर्वाचित सरकारलाई अनिर्वाचित ढंगले गिरफ्तार र हत्या गर्ने काम गरे, त्यो पनि लोकतन्त्र बचाउने नाममा । त्यसपछि तानाशाही लादियो । त्यसैले यहाँ अधिनायकवाद ल्याउँछन् भन्नु पिनोसेका प्रेतहरूको कुरा हो । सुकार्नो राष्ट्रपतिलाई गिरफ्तार गरेर हत्या गर्ने काम गरे इन्डोनेसियामा, लोकतन्त्र खतरामा पर्ने भो भनेर । त्यसपछि ३२ वर्ष सुहार्तोले तानाशाही लादे, २० वर्ष मार्कोसले लगाए, लोकतन्त्रका नाममा । तिनका प्रेतहरू सलबलाउँछन् कहिलेकाहीं यता पनि । अरू केही होइन । हामी लोकतन्त्रका लागि लडेका हौं र लोकतन्त्रको रक्षा गर्छौं । हामीलाई अहिले बहस, वादविवाद र यताउतामा धेरै रुचि, समय र फुर्सद छैन । हामी विकास र सुशासनका काममा केन्द्रित भएर अघि बढ्न चाहन्छौं । तसर्थ, विभाजित होइन, एकताबद्ध भएर अघि बढ्नुपर्छ भनेर पार्टी एकता गर्न लागिएको हो । देश बनाउने हो, भाइब्रेन्ट इकोनोमी हो हाम्रो लक्ष्य । त्यसका लागि पार्टी एकता । कांग्रेस कोमामा छ, भेन्टिलेटर लगाएर मुद्दा जिउँदो राख्छु भन्दैछ, यसमा हाम्रो रुचि होइन ।

तपाईं हिजो माओवादी र प्रचण्डको खुब आलोचक हुनुहुन्थ्यो, देश बनाउने आवश्यकताले विगत बिर्सेर चुनावी गठबन्धन हुँदै पार्टी एकतामा पुग्नुभएको हो ?

मैले जतिबेला जसले जहाँ अनुपयुक्त नीति र बाटो लिन्छ, देशका सन्दर्भमा त्यहाँ आलोचना गरेको हुँ, त्यो पनि बिनाआग्रह, बिनावैरभाव । म ओपन छु, बेठीक भएको छ भने बेठीक भन्छु, बेठीक नगर्नेबित्तिकै अब राम्रो भो भन्छु । राम्रो गर्ने भनेपछि लौ अघि बढौं साथसाथै भन्छु ।

पहिलो प्रधानमन्त्री कालपछि र माओवादीसँगको चुनावी गठबन्धनअघिसम्म तपाईंको भारत, माओवादी र मधेसी दलसँग कटाक्ष थियो तर दोस्रोपटक प्रधानमन्त्री बन्नुअघि नै तीनै पक्षसँग तपाईंको सम्बन्ध राम्रो भयो, के जादु गर्नुभयो ?

यी तीनवटै पक्षसँगको सम्बन्धलाई उल्टो गियरमा लगेको होइन, फर्वार्ड गियरमा लगेको हुँ । बरू, अरूले रिभर्स गियरमा सम्बन्धलाई धकल्दै थिए । तर, मैले त्यसलाई अलिकति न्युट्रलमा लैजानेबित्तिकै मान्छेहरू छक्क परे । पहिला पनि नेपाल–भारत सम्बन्ध, नेपाल–चीन सम्बन्ध र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध न्युट्रल गियरमा छ भन्ने तर त्यो न्युट्रल भनेको कतै ढल्केको र झुकेको भन्ने रहेछ । मैले न्युट्रल भनेको कतै पनि ढल्केको होइन, साँच्चै न्युट्रल हो भनें । यो न्युट्रल गियर हामीलाई अघि बढ्न चाहिएको हो । त्यसपछि गियर नम्बर एक, गियर नम्बर दुई, गियर नम्बर तीन एन्ड पुस द एक्सलेटर अगेन गर्ने हो । अहिले मधेसी, भारत र माओवादी सबैसँग गरिएको यही हो ।

२० वर्षपछिको पुस्ताले केपी ओलीलाई कसरी सम्झियोस् भन्ने चाहनुहुन्छ ?

त्यो मलाई मतलब नै नभएको कुरा । म नेपालको गरिबी हटाउन चाहन्छु, जनतालाई सुखी बनाउन चाहन्छु । मलाई मरेपछि मान्छेले सम्झिन्छन् कि सम्झिँदैनन्, राम्रो भन्छन् कि नराम्रो भन्नेमा केही मतबल छैन । आउँदो पुस्ताले दुःख नपाओस् । मेरो यही सपना छ । मरेपछि मलाई सम्झिनुभन्दा आफ्ना सन्ततिको भविष्य बनाउनेतिर लाग्नु राम्रो हुन्छ ।

सम्झिनु त पर्दोरहेछ नि, तपाईं पनि इतिहास र पुर्खालाई बेलाबेला सम्झिनु हुन्छ ?

इतिहासको कुरा एउटा हो । जहाँसम्म मेरो कुरा हो, निस्पृह छु यसमा । लोभ छैन ।

अब छिमेक सम्बन्धको प्रसंग । तपाईंको यो भ्रमणले नेपाल–भारत सम्बन्धमा के–कस्तो आयाम थप्ने अपेक्षा गर्न सकिन्छ ?

हामीले समय, सन्दर्भ, उद्देश्य र आकांक्षालाई बुझ्नुपर्छ । एउटा युगमा समृद्धि हासिल गर्न कुनै देशलाई उपनिवेश बनाउने, कच्चा पदार्थ कब्जा गर्ने अनि तयारी वस्तु उत्पादन गरेर बजारमा बेच्ने गरिन्थ्यो । त्यो औपनिवेशिक युग थियो, समाप्त भयो । अरूको सम्पदा खोसेर, अरूमाथि शोषण गरेर विकास गर्ने पुरानो जमानाको मोडल हो । त्यो मोडल आजको जमानामा काम लाग्दैन, थोत्रो भइसक्यो । अब आफ्नो विकास आफैंले गर्नुपर्छ । हिजो आक्रमण, दमन र नियन्त्रणबाट विकास गर्ने तरिका थियो, आज मित्रता र सहकार्यबाट मात्र विकास गर्न सकिन्छ र गर्नुपर्छ ।

जमानासँगै विकाससम्बन्धी अवधारणा पनि बदलिएकाले छिमेकीसँगका हाम्रा सम्बन्ध के हुन् भन्ने बुझिन्छ । हाम्रो मात्र होइन, ठूला देशको हकमा पनि यही कुरा लागू हुन्छ । अहिले ठूला र बलिया देशको पनि विकासबारे दृष्टिकोण बदलिएको छ । आजको विकासको तरिका नै फरक छ । एक्काइसौं शताब्दी, संयुक्त राष्ट्रसंघको स्थापना, उपनिवेश युग समाप्ति र शीतयुद्धपछिका सम्बन्धलाई अब पारस्परिक लाभ, समानता, अहस्तक्षेप र आपसी सम्मानका साथ सहकार्य गरेर

अघि बढाउन जरुरी हुन्छ । छिमेकीसँग सम्मानका साथ सहकार्य गरेर पारस्परिक लाभ लिने हो । यसभित्र छिमेकी, क्षेत्रीय, महादेशीय र विश्व अवधारणा पनि पर्छन् । यी अवधारणामा सन्तुलन कायम गर्नुमै हाम्रो जोड हुन्छ । तथापि, कतिपयले छिमेकीसँगको सम्बन्धलाई सैद्धान्तिक वा भावनात्मक विषय बनाउँछन् । त्यो बेठीक हो ।

यो तपाईंको नयाँ बुझाइ हो कि पुरानै अडान ?

कतिपयलाई मैले हिजो भारतसँग सम्बन्ध बिगारेँ भन्ने भ्रम छ । म पहिलोपटक प्रधानमन्त्री हुनुभन्दा दुई-तीन महिना पहिला तराई बन्द थियो, तीन हप्तादेखि नाकाबन्दी थियो, मैले त्यसलाई खोल्ने नाममा अनुचित काम गरिनँ । नाकाबन्दी खोल्नुपर्थ्यो, खोल्ने प्रयास गरेँ । त्यसमा केहीलाई चित्त बुझेन । त्यसका राजनीतिक कारण छन् । उचित तबरले पारस्परिक लाभ र सम्मान अनि राष्ट्रिय स्वाभिमानसहित नै भारतसँगको सम्बन्ध सुधार्न सकिन्छ भनेर त्यसै अनुसार प्रयास गरेँ ।

अरूले हेपेका छन्, झुक्नुपरेको छ अथवा अरूले भनेर टेरिँदैनजस्ता मानसिकता लिएर कसैसँग वास्तविक मित्रता हुँदैन । आजको मित्रता समानता, विश्वास, समझदारी र पारस्परिक सम्मानको आधार हो, यो माथिल्लो स्तरको मित्रता हो । मैले पहिलो प्रधानमन्त्रीकालमा छिमेकसँगको मैत्री सम्बन्धलाई सही अर्थमा असमझदारी-अविश्वासरहित अनि सम्मानपूर्ण एवं पारम्परिक लाभका आधारमा अघि बढाउन खोजेको हुँ । त्यसको चुरो के भने हाम्रो आन्तरिक मामिलामा कसैले हस्तक्षेप नगर्ने । यस आधारमा मैले सम्बन्ध बनाउन खोजेँ र त्यो बाटोमा छिमेकीसँगको सम्बन्ध अघि बढ्यो पनि । त्यतिबेला पर्याप्त समय नहुँदा अरू प्रकारका गतिविधि हाबी भए ।

अरू प्रकारका गतिविधि भनेको के हो ?

अरू प्रकारका गतिविधिका कारण सरकार नै परिवर्तन भयो । त्यसबाट पाठ सिकेर यसपालिको भारत भ्रमणमा दुई देशबीचको मित्रता मुख्य विषय बन्छ । किनभने, हाम्रो विदेश सम्बन्धको मुख्य चुरो नै मित्रता हो । मित्रताको आधार असमानता, हेपाइ र थिचोमिचो हुन सक्दैन । समानताका आधारमा मित्रता हुन्छ । एउटाले थिचोमिचो गर्ने र अर्कोले सहनु मित्रता नै होइन, त्यो दास युगमा मालिकसँग दासहरूले सहेको अन्याय हो । यो दास युग होइन । त्यसैले नेपाल-भारत सम्बन्ध इतिहासमा पहिलोपटक समानता र पारस्परिक हितका आधारमा नयाँ ढंगले अघि बढ्दै छ ।

तपाईंकै कारण नेपाल-भारत सम्बन्धमा ठूलो बदलाव आएको देखिन्छ, भारत बदलिएको कि तपाईं ?

मित्रता जब सही बाटो र गन्तव्यमा छ भने यस्तो बेला हामीले कुनै कुरालाई भावनात्मक विषय बनाउनुहुँदैन । साना कुरालाई हारजितको विषय बनाउनुहुँदैन । समयक्रममा जहाँ समस्या देखिन्छ, तिनलाई संवादका माध्यमबाट समाधान गर्नुपर्छ ।

नेपाल-भारतबीच समस्या छन् भन्दा सम्बन्ध बिग्रने होइन । तपाईं र म छिमेकमा बसेपछि समस्या हुन्छन्, समस्या छन् भनेको सम्बन्ध छ भनेको हो । जति नजिक सम्बन्ध छ, त्यति नै बढी समस्या हुन सक्छन् । एक दिन तपाईंको बाख्राले मेरो बाली खान्छ, अर्को दिन मेरो गाईले तपाईंको बाली खान्छ, त्यसपछि समस्या हुन्छ । छिमेकमा पनि यही सन्दर्भ लागू हुन्छ ।

भारतसँग हाम्रो सम्बन्ध छ, त्यसकारण समस्या छन् । किनभने, यी भइपरी आउने समस्या हुन् । तर, कुनै बेला जानी-बुझी पुरानो मानसिकताले ल्याएका र थोत्रा मान्यताले उब्जाएका समस्या पनि आउँछन् । कहिले-कहिले ठूलो आकारले प्रकट गर्ने ठूलो अहंकार, सानो आकारले पैदा गर्ने सानो हीनता पनि प्रकट हुन्छ । तर, सानोले थिचिए पनि थिचिएँ भन्न नसक्ने, ठूलाले जानी-जानी थिच्छ अनि हामीले थिच्न पाउनुपर्छ भन्ने स्थिति पनि देखियो । अब यसरी निर्देशित हुने होइन ।

नेपाल-भारत सम्बन्धलाई सानो-ठूलोको अहंकार वा हीनभावनाबाट माथि उठाउनचाहिँ के गर्नुहुन्छ ?

हाम्रो परराष्ट्र सम्बन्धलाई ठूलो र सानोको मानसिकताबाट माथि उठाउनैपर्छ । त्यो भनेको समानतामा आधारित सम्बन्ध हो । हाम्रो विदेश सम्बन्ध तीन पक्षमा आधारित हुनुपर्छ । पहिलो- राष्ट्रिय हित, दोस्रो- न्याय र तेस्रो- अन्तर्राष्ट्रिय उत्तरदायित्व । त्यसमा पनि देशले कबुल गरेका दायित्व हुन सक्छन् ।

अन्तर्राष्ट्रिय रूपमा नेपालको सुरक्षाको दायित्व, भविष्यको दायित्व आदि धेरै पक्ष छन्, जसलाई हामीले पूरा गर्नुपर्छ । हाम्रो देशको आकार र हैसियत सानो-ठूलो जे भए पनि यस्ता अहं मामिलामा ध्यान दिनैपर्छ ।

चीन र भारतसँग कसरी सन्तुलित सम्बन्ध राख्ने तयारी छ ?

म एउटा निवेदन गर्न चाहन्छु, नेपाल एउटा सार्वभौम स्वतन्त्र देश हो । धर्तीबाट हेरे पनि *गुगल*बाट हेरे पनि नेपालको दुईतिर दुई छिमेकी छन् । यो छर्लंग यथार्थ हो, यो देश कुनै स्याटलाइट (उपग्रह) होइन, यो एउटा राष्ट्र हो । बलवान् अवधारणाको ग्रन्थी वा कमजोर अवधारणाको ग्रन्थी, जेसुकैले काम गरेको होस्, हामी एक देशवेष्टित होइनौँ, हाम्रा दुई छिमेकी छन्, हाम्रो सिमाना समुद्रसँग जोडिएको छैन । समुद्र साझा हुन्छ । आकाश, स्पेस र साझा समुद्रसम्म पुग्ने हाम्रा बाटाहरू यिनै दुई छिमेकी भएर नै अघि बढ्छन् । हामी भूपरिवेष्टित भने पनि एक देशवेष्टित भयौँ, त्यसैले अब हामी भूपरिवेष्टित पनि भन्दैनौँ, ल्यान्डलक्ड होइन, ल्यान्डलिंक्ड भन्छौँ । एउटा देशबाट मात्र होइन, अर्को देशबाट पनि हामी समुद्रसँग जोडिन चाहन्छौँ । छुद्र राजनीतिभन्दा माथि उठेर राष्ट्रिय हित हेरिनुपर्छ । अघिल्लोपल्ट प्रधानमन्त्री हुँदा नाकाबन्दी (जसलाई केहीले आपूर्ति व्यवस्था असहज भन्नेजस्ता शब्दावली पनि प्रयोग गरे) नभएको भए पनि मैले चीनसँग पारवहन र यातायातसम्बन्धी सम्झौता गर्थें । किनभने, त्यो हाम्रो हक र समयको माग हो । साझा समुद्रसम्म पुग्न ल्यान्डलिंक्ड देशले दुवैतिरबाट बाटो पाउनुपर्छ ।

> कोदालो लिएर खेतमा नजाने, खाटमा बसेर पप्लु खेल्ने अनि भाग्यका भरमा बसेर उन्नति हुँदैन । काम नगरेर गरिब भएको हो भने त्यो उल्टिनुपर्छ ।

तर, हाम्रो देशमा नेतापिच्छे अलग-अलग कार्ड खेल्ने प्रवृत्ति छ भनी टिप्पणी गरिन्छ नि ?

स्पष्ट छ, हामी एउटा छिमेकीका विरुद्ध अर्को कार्ड खेल्दैनौँ । हाम्रो भूमिमा छिमेकीविरुद्ध कसैको अनुचित क्रियाकलाप हुन दिँदैनौँ । हामीलाई कुनै छिमेकीतिर ढल्किनुपर्ने आवश्यकता पनि छैन । हाम्रो हितको कुरा गर्दा छिमेकीको जायज हितप्रति सजग छौँ, छिमेकीका जायज हितलाई अवमूल्यन र अनदेखा गर्दैनौँ । उत्तर र दक्षिण दुवैका चासो, चिन्ता र सरोकार के हुन् ? हामी तिनलाई सुन्न र सम्मान गर्न तयार छौँ, यदि जायज छन् भने । देशहरू प्रतिस्पर्धा गरिरहेका हुन्छन्, त्यस्तो प्रतिस्पर्धाका अवस्था र कारण होलान् । तर, हामी छिमेकीका प्रतिस्पर्धी होइनौँ । हामी शान्ति र समझदारी चाहन्छौँ । छिमेकीबीचको प्रतिस्पर्धा पनि स्वस्थ होस् भन्ने हाम्रो कामना हुन्छ । आपसी लाभका लागि आर्थिक र व्यापारिक प्रतिस्पर्धा हुन्छ भने सक्दो सहयोग गर्न तयार छौँ । ◆

ADMISSION NOTICE

LALIGURANS BATIKA SECONDARY SCHOOL

New Admission

for **Academic Session 2075** in **limited seats** for

Montessori level and class 1 to 9

Entrance test:

15th Chaitra 2074 - 5th Baisakh 2075

Our Features:

- Well established spacious physical infrastructure
- Sound environment and contextual education
- Well equipped facilities of library, science and computer lab.
- Publicly admired residential school.
- Dedicated and experienced contingent of teachers..
- Regular based ECAs/CCAs.
- Excursion, fieldtrips & other educational tours.

Admission Forms are available:

LALIGURANS BATIKA SECONDARY SCHOOL
Narephant, Koteshwor, Kathmandu
Tel: 01-5149347

forms can be collected from reception of the School. (9 am-4 pm)

Email: laliguransbatika2072@gmail.com, Web: www.lgbs.edu.np

केपी ओलीको वर्ष



कृष्ण खनाल

विसं २०७४ ओलीमय रह्यो । *नेपाल* साप्ताहिकले प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीलाई यसपटक 'वर्षव्यक्ति' ठम्याएछ। यसलाई अस्वाभाविक मान्नुपर्दैन। यसै वर्ष सम्पन्न स्थानीय, प्रदेश र संघ तीनै तहका चुनावमा ओली नै सर्वाधिक चर्चामा रहे। परिणाम पनि उनकै पार्टीको पक्षमा आयो। नेपालको लोकतान्त्रिक इतिहासमा उनी अहिले सर्वाधिक शक्तिशाली प्रधानमन्त्री भएका छन् । २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा विश्वासको मत लिंदा उनले २ सय ८ जना सांसदको समर्थन पाए, जुन तीन चौथाइ अर्थात् ७५ प्रतिशतभन्दा बढी हो। त्यसैले उनलाई वर्षव्यक्ति रोज्न कठिनाइ हुने कुरै भएन ।

निःसन्देह ओली अहिले नेपाली राजनीतिको सर्वाधिक चर्चित व्यक्ति हुन् । चर्चित हुनु र सफल हुनु एउटै कुरा होइन । अनुकूल राजनीतिक परिस्थिति र उनको वाक्कलाका कारण मानिसहरूमा एउटा जादुगरी छाप बसिसकेको छ। उनीसँग नेपालको कायापलट गर्ने 'भिजनरी' सोच छ भन्ने धारणा बनेको छ। यतिखेर उनलाई पार्टीभित्र र बाहिर कुनै प्रतिस्पर्धीको चुनौती छैन भने पनि हुन्छ । स्वास्थ्य पनि उनका लागि अहिले सहयोगी भएको छ। अहिले देखिएको उनको यो उचाइ कति टिकाउ हुन्छ, गम्भीर परीक्षाको घेरामा छ। राजनीतिक नेतृत्वको आयु वर्षव्यक्तिजस्तै वर्षैपिच्छे बदलिने होइन, नेतृत्वको औचित्य युग निर्माणले पुष्टि गर्छ। मान्छे बित्छ तर उसले प्रारम्भ गरेको युगले शताब्दीयौंसम्म यात्रा जारी राख्छ ।

कडा मिजास र खरो बोलीका लागि चिनिँदै आएका उनी पहिलोपटक प्रधानमन्त्री भएयताका अढाई वर्ष 'राष्ट्रवादी' र नयाँ छविदार (करिस्म्याटिक) नेताका रूपमा उदाएका छन् । १४ वर्षकै उमेरदेखि कम्युनिस्ट कार्यकर्ता बनेका उनी झापा आन्दोलनका क्रममा सबैभन्दा लामो कारावास सजाय भोग्नेमध्येका पनि हुन् । ०५१ को मध्यावधिपछि एमाले नेतृत्वको सरकारमा गृहमन्त्री तथा ०६२/६३ को आन्दोलनपछि बनेको अन्तरिम सरकारमा उप-प्रधानमन्त्रीका रूपमा परराष्ट्र मन्त्रालय सम्हाले पनि उनको व्यक्तित्व एमालेमै सीमित थियो । उनी ०६२/६३ आन्दोलनको मुख्य एजेन्डा संविधानसभा, गणतन्त्र र शान्ति प्रक्रियाको प्रखर आलोचकसमेत थिए । गणतन्त्रवादीलाई 'बयलगाडामा चन्द्रमाको यात्रा' भनेर कटाक्ष गर्थे। हो, उनी एमालेभित्र प्रभावशाली मानिन्थे। तर, पहिलो संविधानसभामा तत्कालीन महासचिव माधव नेपालजस्तै उनले पनि पराजय भोग्नुपरेको थियो। त्यसलगत्तैको पार्टी अध्यक्षको चुनावमा पनि उनी पराजित भएका थिए। यसप्रकार आन्दोलनपछिको अवधि उनका लागि पार्टीभित्र र बाहिर एकप्रकारले प्रतिकूल थियो । तर, दोस्रो संविधानसभामा आइपुग्दा उनको पकड पार्टीमा मात्र होइन, राष्ट्रिय राजनीतिमा पनि जम्न थाल्यो। उनलाई अलग गरेर राजनीति अघि बढ्न सक्ने अवस्था रहेन । संविधान निर्माण र उनको सत्ता यात्राको गाँठो एकै ठाउँमा पुग्यो। ओलीको व्यवस्थापनबिना संविधान नबन्ने निश्चित थियो । संविधानमा हस्ताक्षर र प्रधानमन्त्रीलगायत मुख्य पदहरू साटासाटको सहमतिपछि संविधान बन्यो । ओली प्रधानमन्त्री बने ।

संविधान निर्माणको अन्तिम चरणमा पुग्दा भारतले देखाएको हस्तक्षेपकारी व्यवहारको तीव्र प्रतिवाद, प्रधानमन्त्री भएपछि ओलीले गरेको राष्ट्रियताको वकालत र मुलुकको विकासका सम्बन्धमा सार्वजनिक अभिव्यक्तिहरूले उनको नयाँ व्यक्तित्व स्थापित गरेको हो। भारतको नाकाबन्दीका कारण देशले चर्को इन्धन अभाव खेपिरहेका बेला घर-घरका चुलोमा पाइपबाट ग्यास पुऱ्याइदिने किसिमका चुट्किले आश्वासन, उत्तरी चीनसँग रेललगायत सडक यातायातको जालो बिच्छ्याइदिने, व्यापार र पारवहन नाका खोल्ने, भारतसँग कुनै किसिमले पनि घुँडा नटेक्ने अडानका कारण उनको राष्ट्रवादी छवि चुचुरोमा पुगेको हो । अन्ततः भारतको ज्यादती उसैका लागि प्रत्युत्पादक साबित भयो। नाकाबन्दी फिर्ता भयो। 'मधेसी कार्ड'को धार पनि नराम्ररी कुँडियो। प्रचण्डले काँध फेरे। १० महिना नबित्दै बालुवाटारबाट बाहिरिए पनि आफ्ना उत्तराधिकारी र प्रतिस्पर्धीलाई धेरै पुड्को पार्दै उनले राजनीतिक युद्ध जितेका थिए । उनको नयाँ 'करिश्मा' यहीँबाट प्रारम्भ भएको मान्न सकिन्छ। चुनौतीहरू धेरै छन्, जोखिम पनि छ। तर, समसामयिक नेपालमा ओलीको प्रधानमन्त्रीय नेतृत्व पारख र प्रयोगयोग्य छ।

यतिखेर एमाले अध्यक्ष र प्रधानमन्त्रीका रूपमा ओलीलाई सामान्यतः लोकतन्त्रमा दुर्लभ मानिने राजनीतिक अनुकूलता प्राप्त छ । पार्टीभित्र उनी सर्वाधिक शक्तिशाली देखिन्छन् । पार्टीसत्ता र राज्यसत्ता दुवैमा उनको प्रभाव र पकड चुनौतीविहीन देखिन्छ । संघीय सरकारका अतिरिक्त मुलुकमा अहिले सातवटा प्रादेशिक र ७ सय ५३ स्थानीय सरकार छन् । ६ वटा प्रदेशमा एमाले-माओवादीकै सरकार छ, स्थानीयमा पनि चार सयभन्दा बढीमा उनीहरूकै नेतृत्व छ। विपक्षी दलका रूपमा नेपाली कांग्रेसको शक्ति अत्यन्तै खुम्चिएको मात्र होइन, एक्लिएको पनि छ। यसपटक एमाले र माओवादीले पार्टी

तस्बिर : एजेन्सी

एकता गर्ने घोषणासहित संयुक्त चुनाव लडेका हुन्। प्राविधिक रूपमा दुई भए पनि राजनीतिक रूपमा एकै दलको अत्यन्त सुविधाजनक बहुमत छ भन्न सकिन्छ। त्यसमाथि छिट्टै पार्टी एकता घोषणा हुने कुरा छ। त्यसपछि सरकारको स्वरूप गठबन्धनबाट एकदलीय बहुमतमा रूपान्तरित हुनेछ। एकता कायम राखिराख्न सके एकल कम्युनिस्ट पार्टीको बहुमतीय सरकार पाँच वर्षसम्म निरन्तर टिक्ने कुरामा शंका गर्नुपर्दैन। अहिले विद्यमान एमाले-माओवादी केन्द्रको समीकरणका आधारमा हेर्दा एकतापछि पनि स्वेच्छाले छाडेमा बाहेक पार्टी र सरकारमा ओली नेतृत्वलाई चुनौती दिने विकल्प बन्न कठिन देखिन्छ। तसर्थ, चालू पाँचवर्षे शासकीय अवधि ओलीका लागि स्वाभाविक हो। चुनावका माध्यमबाट जनताले उनको नेतृत्वलाई अनुमोदन दिएको अवधि पनि हो यो।

एमालेमा ओली नेतृत्वको हालीमुहालीलाई त्यति अस्वाभाविक मान्नुपर्दैन। गएको चुनावमा एमालेको पक्षबाट देखिएको अनुहार र चुनावी खजाना ओलीकै हो। जनताले त्यसलाई अनुमोदन पनि गरेका छन्। उनलाई पार्टीभित्रको सामान्य आफ्नो टिम छान्ने सुविधाप्राप्त हुनुपर्छ। कम्तीमा एउटा अवधि ओली नेतृत्वले पाउनु संसदीय राजनीतिको स्वाभाविक चरित्र हो। अर्को चुनावमा पनि ओलीकै नेतृत्वमा लड्ने र बहुमत पाउने हो भने उनको दोस्रो कार्यकाल पनि स्वाभाविक मान्नुपर्छ। त्यसपछिको अवस्था भने पार्टीले आफ्ना लागि उचित परम्परा बसाल्न सक्छ। सामान्यतः एकै व्यक्तिले तेस्रो कार्यकाल निरन्तर नगर्नु र विश्राम लिनु उचित हुन्छ। संसदीय प्रणालीमा शासकीय स्थिरता हासिल गर्ने र नेतृत्वको स्वस्थ परम्परा स्थापित गर्ने बाटो पनि यही हो। विगतको संसदीय अभ्यासमा नेपाली कांग्रेसले यस किसिमको राजनीतिलाई संस्थागत गर्न सकेन। अहिले यो अवसर एमाले-माओवादीलाई प्राप्त छ।

एमालेको अहिलेको सफलताको हकदार, खासगरी प्रतिनिधिसभा र प्रदेशसभाको चुनावका सन्दर्भमा ऊ एक्लै होइन न केपी ओली मात्रै, सँगसँगै माओवादी पनि छ र प्रचण्ड पनि। सफलताको यो हिस्सा माओवादी केन्द्र र प्रचण्डलाई पनि जान्छ। यसलाई अस्वीकार गर्न मिल्दैन। अहिलेसम्म दुई दलको संयुक्त व्यवस्थापन त्यति कठिन देखिएको छैन, उत्साहमै अघि बढेको पाइन्छ। तर, प्रचण्डको व्यवस्थापन सबैभन्दा चुनौतीपूर्ण छ। दुई पार्टीको अर्थपूर्ण एकता पनि यसैमा निर्भर गर्छ। पार्टी एकता गर्दा ओली-प्रचण्डको तहमा के समझदारी छ वा बन्छ, त्यसले सरकारमा नेतृत्वको भविष्य पनि निर्धारण गर्ला। तर, यस सम्बन्धमा एकीकृत पार्टीले गर्ने निर्णय र पहल चुनावमा अभिव्यक्त जनमत र लोकतन्त्रको मर्यादा अनुकूल हुनुपर्छ, नेताहरूको निजी स्वार्थ र प्राथमिकता मात्र होइन।

ओलीको अध्यक्षीय कार्यकालमा एमालेमा सर्वव्यापी एकल नेतृत्व हाबी भएको छ। वैकल्पिक चिन्तन र बहस कमजोर छ। सामान्यतः लोकतन्त्रको पार्टी प्रणालीमा दलभित्र नीति र नेतृत्वका विकल्पहरू हरदम बहसमा हुन्छन्। विविध लबी र गुटहरू हुन्छन्। यसको व्यवस्थापन स्वयं पार्टीका लागि ठूलो चुनौतीका रूपमा रहेको हुन्छ।

इन्डिया-नेपाल बिजनेस फोरमको कार्यक्रममा प्रधानमन्त्री ओली, २३ चैत, नयाँदिल्ली

नेपालका पार्टीहरू पनि यसमा अपवाद छैनन्। एमाले स्वयं यसको दृष्टान्त थियो। ओलीका पूर्ववर्ती झलनाथ खनालको दयनीय हालत थियो। आफ्नै पार्टीभित्र न अध्यक्ष, न त प्रधानमन्त्रीका रूपमै उनी स्थापित हुन सकेका थिए। यसको विपरीत ओलीको नेतृत्व अहिले सर्वव्यापी छ। नेतृत्वको प्रभावकारी उपस्थिति र स्वीकार्यता राम्रो कुरा हो। पार्टीमा सबैले पालना गर्नुपर्ने वैचारिक सिद्धान्त, अनुशासन, मर्यादा एउटा कुरा हो तर वैकल्पिक चिन्तनको शून्यता भयो भने त्यो डरलाग्दो संकेत पनि हो। एकतापछि ओलीका लागि पनि प्रचण्डको उपस्थिति चुनौतीपूर्ण हुनेछ। विकल्पले ऊर्जाशील वैकल्पिक धार पाउँछ। सँगसँगै यसलाई थेग्न सक्ने संस्थागत प्रक्रिया र व्यवहार पनि अपेक्षित छ। नेतृत्व गर्ने व्यक्ति र उनको पार्टी धेरै शक्तिशाली हुनु भनेको जोखिम पनि हो। यसको दुवैतिर घातक धार हुन सक्छ, लोकतन्त्रका लागि र नेतृत्व गर्ने व्यक्ति वा पार्टी स्वयंका लागि पनि।

अब थोरै चर्चा शासकीय पक्षका बारेमा पनि गरौं। चुनावका बेला एमाले-माओवादी गठबन्धनले स्थिरता र समृद्धिलाई भोट माग्ने मुख्य नारा बनाएको थियो। प्रधानमन्त्री भएपछि यसलाई 'समृद्ध नेपाल, सुखी नेपाली' भनेर अझ सटीक बनाइएको छ। राजनीतिमा स्थिरता व्यापक विषय हो। यसका अनेकौं व्याख्या हुन सक्छन्। सोझो भाषामा भन्ने हो भने एकै पार्टी, व्यक्ति वा एकै किसिमको लामो अवधिको शासन स्थिरताको एउटा अर्थ हो। लोकतन्त्र अर्थात् प्रजातन्त्रमा थरीथरीका विचार हुने भएकाले राष्ट्र कमजोर भयो, विकास भएन भन्ने कुरा पञ्चायतको प्रारम्भमा धेरै सुनिएको थियो। सिंगापुर, मलेसियाजस्ता देशले चाँडै प्रगति गर्नुमा ली क्वान यु र महाथीर विन मोहम्मदको लामो र एकल शासनको उदाहरण दिने गरिन्छ। लीले सिंगापुरमा तीन दशक र महाथीरले मलेसियामा दुई दशकभन्दा बढी अकन्टक शासन गरे। त्यही अवधिमा त्यहाँ विकासले गति लियो र अहिलेको समृद्धि हासिल भएको हो। तर, ती दुवैको भन्दा भिन्न मूल्यको राजनीति र संवैधानिक प्रणाली हामीले अपनाएका छौं। हामीले लोकतान्त्रिक उदारता र समाजवादलाई सँगसँगै लैजाने संवैधानिक नीति अपनाएका छौं। सिंगापुर र मलेसियामा नियन्त्रित लोकतन्त्र छ। विकासका नाममा हामीले चाहेको बाटो त्यो होइन, हाम्रो समाज र अवस्था पनि त्यसभन्दा भिन्न छ।

अहिले प्रधानमन्त्रीको कार्यालयलाई शक्तिशाली बनाउने प्रयास भएको छ। यसले केही बहस, विवाद र शंका पनि जगाएको छ। मन्त्रिपरिषद्को परिवर्तित कार्यसम्पादन नियमावली अनुसार अर्थ, गृह र समाज कल्याण मन्त्रालयका राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, एनजीओ/आईएनजीओ अनुगमन, राष्ट्रिय अनुसन्धान अर्थात् गुप्तचरीलगायत कतिपय काम प्रधानमन्त्रीको कार्यालय अन्तर्गत राख्ने तयारी भइरहेको सुनिन्छ। गरिबी निवारण कोष, योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्रलगायतका कामहरू पहिलेदेखि नै प्रधानमन्त्रीले हेर्दै आएका छन्। परराष्ट्र, सुरक्षा र विकास एवं आर्थिक अनुशासनसँग जोडिने काम संसदीय व्यवस्थामा पनि प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा राख्ने चलन विश्वव्यापी छ। मुलुककै प्रमुख कार्यकारी भएकाले सबै मन्त्रालय, मन्त्री र विभाग पनि प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा रहन्छन्। ०६२/६३ को आन्दोलनपछि मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको पकड अत्यन्तै कमजोर हुँदै आएको छ। मन्त्रीहरू प्रधानमन्त्रीप्रति जिम्मेवार नरहने प्रवृत्ति हाबी भएको छ। सरकारका काममा प्रधानमन्त्रीय नेतृत्वको प्रभावकारी भूमिका स्थापित गर्नु अहिलेको आवश्यकता हो, न कि विभागीय प्रमुखता।

अहिले गर्न लागिएको प्रधानमन्त्री कार्यालयको विस्तारको प्रयोजन

के हो ? यसको वैचारिक स्रोत कहाँ छ ? प्रधानमन्त्रीका दायाँबायाँ चुरीफुरी गर्ने विज्ञ जागिरे मण्डलीको फर्माइस हो कि प्रधानमन्त्रीको विश्वासप्राप्त तर सार्वजनिक भूमिकामा नभएका पार्टी कोटरीको ? यदि प्रधानमन्त्री स्वयंको हो भने समग्र शासकीय खाकाको यो एउटा सानो रूप मात्र हो । त्यो समेत बाहिर आउनुपर्‍यो । प्रधानमन्त्रीले एनजीओ/आईएनजीओको प्रत्यक्ष निगरानी गर्दैमा राष्ट्रियता बलियो हुने होइन । समग्र प्रणालीको एउटा स्वरूप छ । त्यसभन्दा भिन्न किसिमले एउटा-दुईटा पार्टपुर्जा कस्नुको कुनै औचित्य हुन्न । सबैभन्दा आश्चर्यको कुरा त राष्ट्रिय अनुसन्धान विभागलाई किन प्रधानमन्त्रीको कार्यालय अन्तर्गत राख्नुपर्‍यो ? हिजोको सोभियत रुसमा यस्तै गुप्तचरी संस्था केजीबीमा काम गर्नेहरूको राजनीतिमा नियन्त्रण हुन्थ्यो । हालका राष्ट्रपति भ्लादिमिर पुटिनको राजनीतिक क्लाउटको अन्तर्य उनको केजीबी कनेक्सन नै मानिन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चुनावसम्म यो जोडिन पुगेको छ। तसर्थ, गुप्तचर संस्थालाई प्रधानमन्त्रीको कार्यालयसँग जोड्न खोज्नुचाहिँ गलत अभ्यास साबित हुन सक्छ। विवादास्पद र आपत्तिजनक पनि।

संवैधानिक निरन्तरता र गतिशीलता नै हाम्रो स्थिरताको मानक बन्नुपर्छ । हिजोका दिनमा यसको सबैभन्दा ठूलो बाधक राजसंस्था थियो। आज अवस्था बदलिएको छ। स्थानीयदेखि संघीय तहसम्मको राजनीतिक र प्रशासनिक संरचना अहिले वैधानिक रूपमा क्रियाशील भएको अवस्था छ। यिनले पाँच वर्षको अवधि निर्बाध रूपमा काम गर्न पाउनुपर्छ । पदावधि सकिएपछि अर्को चुनाव सुनिश्चित हुनुपर्छ । चुनावैपिच्छे पार्टी र नेतृत्व अदलबदल हुन वा दोहोरिन पनि सक्छ। आवश्यक परे समय-समयमा जनमतसंग्रह पनि गर्नुपर्छ । संविधानको मर्यादा र सीमाभित्र विविध एवं पृथक् राजनीतिक-आर्थिकलगायत सबै किसिमका चाहनाहरूको व्यवस्थापन गर्न सरकार सक्षम र खुला रहनुपर्छ। लोकतन्त्रमा स्थिरताका मानक यिनै हुन्। विकास र समृद्धिको वैधानिक एवं राजनीतिक आधार यही हो। चुनावको पूर्वसन्ध्यामा ओलीजीले 'मेरो लोकतन्त्रप्रतिको निष्ठामा शंका नगरियोस्' भनेको कुरा यसैका आधारमा सम्परीक्षण हुनेछन्।

विकास र समृद्धि नै ओलीको नेतृत्व र यो सरकारको पहिचान र परीक्षाको मुख्य कडी हो। यसमा सफल भए एउटा नयाँ युगकै प्रारम्भ हुन्छ । अन्यथा, सरकार त जसोतसो पाँच वर्ष नै जाला तर ओली-महिमा पनि पानीको थोपाजस्तै पट्ट फुटेर हराउने सम्भावना पनि उत्तिकै छ । प्रधानमन्त्री ओलीका केही चोटिला प्रसंग सान्दर्भिक छन्। आफ्नो कुरा उडाउन खोज्नेहरूलाई उनको जवाफ हुन्थ्यो, 'अरू देशमा यो सम्भव छ भने हामीकहाँ किन नहुने ?' हो, उनले भनेका कुरा अर्थात् एमाले-माओवादीले संयुक्त चुनावी घोषणापत्रमा वाचा गरेका कुरा सबै सम्भव छन् । अरू कयौं देशमा भएकै हुन्। तर, अरू देशमा देखेर रहर गर्दैमा आफ्नो देशमा पनि भइहाल्ने कुरा होइन। विकास र समृद्धि आकाशबाट खस्दैन, न कुनै विदेशी वा छिमेकीले तयारी चाउचाउजस्तो पुरिया बाँधेर दिने कुरा हो। आन्तरिक तयारी छ कि छैन ? छ भने कति छ ? अरू कति थप्नुपर्छ ? छैन भने कहिले र कसरी सुरु गरिन्छ ? यी सामान्य प्रश्न हुन्।

ओलीले विकास र समृद्धिको जुन चुनावी वाचा गरेका छन् वा प्रधानमन्त्री भएपछि जसरी 'समृद्ध नेपाल, सुखी नेपाली' भनेर सूत्रबद्ध गरिएको छ, त्यसका लागि आन्तरिक तयारी भने शून्य देखिन्छ । प्रविधि र पैसा आजको समस्या होइन । यो त युग नै प्रविधिको हो, व्यापारको हो । प्रविधि र पैसा दुवै बाहिरबाट तान्न सकिन्छ । तर, भित्रको तयारी अरूले गरिदिएर हुँदैन । विकास परियोजना तयारी र कार्यान्वयन गर्ने आफ्नै पनि न्यूनतम क्षमता अपेक्षित हुन्छ । यसका लागि चाहिने प्राविधिक जनशक्तिको योजना पनि हुनुपर्छ । चुनावी घोषणा हेर्‍यो भने पाँच वर्षभित्र रेल दौडिनेछन्। बिजुलीले मुलुक झलझलाकार हुनेछ । तर, विकास परियोजना कार्यान्वयन गर्ने हाम्रो क्षमता लाजमर्दो छ । चमेलियाको बिजुली, मेलम्चीको पानी, मुग्लिन-नारायणघाटको सडक विश्व रेकर्ड माथ गर्ने हाम्रो असफलता र सुस्तीका कथा हुन्। ठेक्कापट्टा, कमिसन र दलाली चलखेलका त कुरै छाडौं। 'यिनै पहाडका भीर-पाखाबाट रेल कुद्नेछन्' भनेर प्रधानमन्त्रीले औंला त तेर्स्याएका छन् तर हामीसँग कुनै रेल्वे इन्जिनियर छ जस्तो लाग्दैन । भए पनि भित्ता-पाखाका लागि काम लाग्छन् भनेर पत्याउन सकिन्न । आन्तरिक तयारीबिना विकास र समृद्धिको वाचा रहरलाग्दो गफ वा भाषणमा सीमित हुन्छ।

ओली प्रधानमन्त्रित्वको दुई महिना पूरा हुँदैछ । निर्वाचन आयोगले संविधानको बहानाबाजीमा ढिलासुस्ती नगरिदिएको भए उनको प्रधानमन्त्रित्वले सय दिन पूरा गरिसकेको हुने थियो। अर्थात्, प्रधानमन्त्री हुने निश्चित भइसकेपछि पनि उनीसँग दोस्रो 'इनिङ'को नीतिगत र केही नमुना कार्यक्रमको तयारीका लागि यथेष्ट समय थियो । तर, अहिलेसम्म खासै केही काम भएको छैन, प्रारम्भ पनि भएको छैन। हालसम्म उद्घाटन, सभा-समारोह, भाषण र निर्देशनमै सीमित छ प्रधानमन्त्रीको दोस्रो 'इनिङ।' संसद्को एउटा अधिवेशन प्रधानमन्त्रीमाथि विश्वासको मत जाहेर गर्न र केही औपचारिकतामा नै सकियो । ओली नेतृत्वको पहिचान गर्ने नीति र कार्यक्रम अझै बनिसकेको रहेनछ । यसका लागि अर्को अधिवेशनसम्म कुर्नुपर्ने त भयो नै । ठाडो आदेश र हुकुमी शैलीभन्दा सरकारले आफ्ना नीति र कार्यक्रम ढिलै भए पनि संसद्मार्फत सार्वजनिक गर्नु लोकतान्त्रिक ठहरिन्छ।

> **प्रधानमन्त्री हुने निश्चित भइसकेपछि पनि उनीसँग दोस्रो 'इनिङ'को नीतिगत र केही नमुना कार्यक्रमको तयारीका लागि यथेष्ट समय थियो । तर, अहिलेसम्म खासै केही काम भएको छैन, प्रारम्भ पनि भएको छैन भने हुन्छ ।**

अन्त्यमा, ओलको पारख र पहिचान गर्न कम्तीमा पनि अरू एक वर्ष पर्खिनुपर्छ। यसका लागि उल्लिखित विकास र समृद्धिका कुराका साथै छिमेकको कूटनीतिक व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण छ । भारतले अहिले देखिने गरी नेपाल नीति बदलेको छ । त्यो नीति भनेको पहिलेजस्तो ओलीलाई आफूले चाहेजस्तो साइजमा राख्न होइन, उनलाई फकाउने र खुसी राख्ने चालमा छ । यसको मुख्य आशय सम्भावित 'चीन कार्ड'को प्रयोगलाई सीमित गर्नु हो । अर्कोतर्फ, चीनले पनि अहिले नेपालमा 'एक्टिभ डिप्लोम्यासी' अख्तियार गरेको छ। हाम्रा तर्फबाट पनि विकास र समृद्धिका लागि चीनको सहयोग निकै अपेक्षित छ। वर्तमान राष्ट्रपति सी चिनफिङको अन्तर्राष्ट्रिय नीतिमा व्यापार र व्यवसाय विस्तारका साथै विश्व सामरिक एवं राजनीतिक आकांक्षा सबल भएर आएका छन्। यसको सफल प्रयोग र प्रस्तुतिमा नेपालजस्तो निकटतम छिमेकीबाट खुलेर समर्थनको अपेक्षा गरिएको हुन सक्छ । हाम्रो विकास र समृद्धिका कतिपय विषय छिमेकीको सहयोगी एवं सदाशयपूर्ण व्यवहारसँग प्रत्यक्ष जोडिन्छ । छिमेकसँगको सन्तुलित सम्बन्ध र कूटनीतिक कौशल ओली नेतृत्वको पारख गर्ने महत्त्वपूर्ण आधार हुनेछ। ◆

MACHHAPUCHCHHRE SCHOOL

MACHHAPUCHCHHRE
SCHOOL
• The school for change makers. •

ADMISSION OPEN

From Kindergarten to Grade VIII

Find Us on:

facebook.com/machhapuchhreintl

You Tube youtube.com/machhapuchchhre School

Thashikhel, Lalitpur, Nepal, Phone: +977-5193884, 5193144
Web: www.machhapuchhreintl.edu.np, Email: info@machhapuchhreintl.edu.np

वाम विजयका सारथि

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, माओवादी केन्द्र

२० वर्षदेखि स्थानीय चुनाव नहुनुका कारणमध्ये एक थियो, विद्रोही माओवादी । उही माओवादीका अध्यक्ष **पुष्पकमल दाहाल 'प्रचण्ड'**ले आफ्नो नेतृत्वमा ३१ वैशाख ०७४ मा स्थानीय तहको पहिलो चरणको निर्वाचन गराए । अझ रोचक, एकै वर्षमा प्रचण्ड दुई भिन्न गठबन्धनमा सहभागी भए । स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसदेखि राप्रपासँग समेत प्रचण्डले सहकार्य गरे । माओवादीका पक्षमा सोचेजस्तो माहोल नबने पनि भरतपुरमा उनले छोरी रेणु दाहाललाई पुनः चुनाव गराएर भए पनि 'जिताइछाडे' ।

संघ र प्रदेश चुनावसम्म आइपुग्दा प्रचण्डले एमालेसँग गठबन्धन गरे । यो गठबन्धन दुवै दलका लागि फलिफाप भयो । वाम गठबन्धनका लागि प्रचण्ड तयार नहुँदा सत्ता-समीकरण अहिलेको जस्तो सायद नहुन पनि सक्थ्यो । प्रचण्डको परिवारका हकमा भने यो वर्ष शुभ र अशुभ दुवै रह्यो । एक मात्र छोरा प्रकाशको ३ मंसिरमा निधन भयो । छोरी रेणु मेयर र बुहारी बिना मगर खानेपानीमन्त्री भए । चितवनजस्तो विरोधी किल्लामा उनी ठूलै मतान्तरले विजयी भए ।

धरमर प्रतिपक्ष

शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस

२३ जेठ ०७४ मा चौथोपटक प्रधानमन्त्री बनेका **शेरबहादुर देउवा**को यो कार्यकाल झनै विवादित रह्यो । तेस्रो वरीयताका एआईजी जयबहादुर चन्दलाई आईजीपी बनाउन गरेको जबर्जस्ती, विवादास्पद व्यक्तिलाई कांग्रेसको कोटाबाट राजदूत बनाउन गरेको सिफारिस अनि सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीलाई महाभियोग लगाउने निर्णय देउवा र कांग्रेस दुवैका लागि महाघातक ठहरिए । त्यस्तै, राज्यको ढुकुटी रित्याउने गरी उनको सरकारले वितरण गरेको जथाभावी आर्थिक सहायता सार्वजनिक लज्जाकै विषय बन्यो । परिणामतः कांग्रेसले स्थानीय, प्रादेशिक र संघीय चुनावमा अहिलेसम्मकै लज्जाजनक हार बेहोर्नुपर्‍यो । देउवाकै कृत्यले सातवटै प्रदेश सरकार कांग्रेसविहीन भए भने प्रतिनिधिसभामा ६२ सिटमा सीमित हुन पुग्यो । तैपनि, ७१ वर्ष देउवा गलेका छैनन् । पार्टीभित्रको रस्साकसीबीचमै देउवा फेरि संसदीय दलको नेता चुनिएका छन् । र, मौका परे फेरि प्रधानमन्त्री हुने पर्खाइमा छन् ।

गान्धीछाप सत्याग्रही

राजधानीमुखी र महँगो हुँदै गएको स्वास्थ्य शिक्षामा सामयिक सुधारका निम्ति आमरण अनशनको अस्त्र उपयोग गरिरहेका छन्, **डा गोविन्द केसी** । पाँच वर्षयता यी सनकी डाक्टरको सत्याग्रह शृंखला चौधौँपटक चलिसक्यो । यस वर्ष अदालतको अवहेलना अभियोगमा उनी अनशनस्थलबाटै पक्राउ परे ।

सर्वोच्च अदालतद्वारा चार वर्षअघि बर्खास्त चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम)का डीन शशि शर्मालाई पुनःबहाली आदेश दिएपछि डा केसीले प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा मागसहित अनशन मात्र थालेनन्, पराजुलीलाई न्याय किनबेचको नाइके करार गरिदिए । र, व्यापक जनदबाबपछि साधारण तारेखमा रिहा भए ।

पेसाले हाडजोर्नी सर्जन भए पनि सिंगो समाजकै सर्जनका रूपमा चिनिन्छन् केसी । सरकारसँग भएका पटके सम्झौता कार्यान्वयन नभएपछि कहिले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्की, कहिले प्रधानन्यायाधीश गोपाल पराजुली त कहिले त्रिभुवन विश्वविद्यालयका उपकुलपति तीर्थ खनियाँविरूद्ध 'गोविन्दगिरी' चलिरह्यो ।

उनकै कारण चिकित्सा शिक्षा विधेयक संसद्मा विचाराधीन छ भने सातै प्रदेशमा मेडिकल कलेज खुल्ने क्रममा छन् । बेथिति र अव्यवस्थाले घायल नेपाली जनमानसमा गान्धीछाप सत्याग्रह आशाको एउटा दियो हो ।



गोविन्द केसी
अभियन्ता/चिकित्सक

सर्वोच्च नामी र बदनामी

नेपालको न्यायिक इतिहासमा सम्भनायोग्य र भुल्नैपर्ने विपरीत पात्र बने, **सुशीला कार्की** र **गोपालप्रसाद पराजुली** । आईजीपी नियुक्ति प्रकरणमा प्रधानन्यायाधीशबाट अवकाशसम्मुख रहेकी कार्कीले १७ वैशाखमा व्यवस्थापिका संसद्को महाभियोग प्रस्ताव खेप्नुपर्‍यो, जुन नेपालको इतिहासमै पहिलो घटना थियो । अन्ततः सर्वोच्चले महाभियोग यथास्थितिमा राख्न र प्रधानन्यायाधीशलाई काममा फर्कन आदेश दियो । र, कार्कीको स्वाभाविक अवकाश भयो ।

त्यसपछि प्रधानन्यायाधीश बनेका पराजुलीले आफ्नो कार्यकाल लम्ब्याउन सबैभन्दा पछिल्लो जन्ममिति कायम गराए, न्यायपरिषद्बाट । पराजुलीको नेतृत्वकालमा न्यायालय विवादको धुरीमा पुग्यो । उनले न्यायालयलाई स्वेच्छाचारी र पूर्वाग्रह साँध्ने थलो बनाए । गोविन्द केसी र *कान्तिपुर* दैनिकविरुद्धको अदालतको मानहानि मुद्दा पूर्वाग्रहप्रेरित थिए । अधिवक्ता सुरेन्द्र भण्डारीलाई ज्यान मार्ने धम्की दिए । अनुभव र वरिष्ठतालाई पन्छाएर भान्जीज्वाइँ नहकुल सुवेदीलाई मुख्य रजिस्ट्रार मात्रै होइन, उच्च अदालतको मुख्य न्यायाधीश नै बनाए ।

अन्तरिम आदेशकै भरमा राज्यकोषमा जम्मा हुनुपर्ने ६१ अर्ब रूपियाँ गुम्यो, उनको कार्यकालमा । राजस्व छली, तस्करी, भ्रष्टाचार, क्यासिनो सञ्चालनजस्ता वजनदार मुद्दा आफैं वा आफू अनुकूलको बेन्चमा तोके । सर्वाधिक विवादित पराजुली अन्ततः जन्ममिति विवादबाटै लज्जास्पद बहिर्गमनमा परे । ३० फागुनमा न्यायपरिषद् सचिव नृपध्वज निरौलाले २१ साउनमै पदमुक्त भएको पत्र पठाएपछि प्रधानन्यायाधीश फर्जी दरिए । यस्तै कृत्यले पराजुली बहिर्गमनपछि समेत सम्मानित र आस्थावान् न्यायमूर्तिमा दरिएनन् ।

सुशीला कार्की
पूर्वप्रधानन्यायाधीश

गोपालप्रसाद पराजुली
पूर्वप्रधानन्यायाधीश

समाचार निर्माता २०७४

दानवीर दम्पती

२५ वर्षअघि **फत्तेजङ शाह**ले धर्मपत्नी **बालदिव्येश्वरी शाह**को सम्झनामा करोडौं मूल्यको जग्गा दान गरे । र, नेपालगन्जमा फत्तेबाल आँखा अस्पताल खुल्यो । २ फागुन ०७४ मा फत्तेजङका छोरा-बुहारी श्रीजंग, ९४, र रूद्रकुमारी, ९०, ले सोही आँखा अस्पताललाई एक अर्ब रूपियाँ बराबरको जग्गा उपलब्ध गराए । यो दम्पती काठमाडौंको मुटु कान्तिपथमा रहेको ३ रोपनी ३ आना २ पैसा २ दाम जग्गा दान गरेपछि चर्चाको केन्द्रमा रह्यो ।

त्यसो त शाह दम्पतीले आफ्नै सम्पत्ति दान गर्न प्रशासनिक र पारिवारिक सास्ती झेल्नुपर्‍यो । छोरी ईश्वरी राणा र ज्वाइँ रूक्मशमशेरले हकदाबी गरेपछि मुद्दा-मामिला भयो । अन्त्यमा शाह दम्पतीकै पक्षमा फैसला आयो र जीवनको उत्तरार्द्धमा यतिविघ्न सम्पत्ति अस्पताललाई सुम्पे । सोही कारण यो जोडी यस वर्ष मात्र होइन, दीर्घकालसम्म प्रेरणा र प्रशंसाको स्रोत बन्नेछ ।

तस्बिर : भास्वर ओझा

गोपालबहादुर खड्का
कर्मचारी

फत्तेजङ शाह र बालदिव्येश्वरी शाह
दानी दम्पती

घोटालाका दुई सारथि

घोटालाका पर्यायवाचीसरह भए, **गोपालबहादुर खड्का र चूडामणि शर्मा** । संयोग यी दुवै पात्र वर्षको सुरूमै अनियमिततामा मुछिए ।

कार्यकारी निर्देशक हुनासाथै अनियमितता शृंखलामा जोडिएका खड्का नेपाल आयल निगमको पेट्रोलियम पदार्थ भण्डारण स्थल बनाउन करिब डेढ अर्ब रूपियाँ बराबरको ९० बिघा जग्गा किन्दा ६७ करोड रूपियाँ अपचलन गरेको आरोप खेपिरहेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको छानबिनमा समेत छन् । सार्वजनिक खरिद ऐन र जग्गा प्राप्ति ऐनका प्रावधान छलेर चलनचल्तीको भाउभन्दा ३० गुणा बढीसम्म तिरेर जग्गा किनियो । यसअघिका विवादमा शक्तिकेन्द्रसँगको गठजोडका कारण जोगिँदै आए पनि जग्गा घोटाला काण्डबाट भने बचेनन् । २ असोजमा बर्खास्तीमा परे । तर, सर्वोच्च अदालतले २२ असोजमा कारण देखाऊ आदेश जारी गर्दै नहटाउन भन्यो । त्यसयता आपूर्ति मन्त्रालयमा हाजिर गरिरहेका छन् ।

शर्मा सदस्य-सचिव रहेको कर फर्स्योट आयोगले करिब ३१ अर्ब रूपियाँ कर निर्धारण गर्दा व्यवसायीमैत्री निर्णय गरेर अनियमितता गरेको आरोपमा अख्तियारको हिरासतमा पुगे, १९ जेठ ०७३ मा । साढे १० अर्ब रूपियाँ अनियमितता काण्डमा शर्माबाट साढे तीन अर्ब बिगो भराउने अभियोग थियो । सम्भवतः यो सबैभन्दा ठूलो भ्रष्टाचार काण्ड हो । निजी कम्पनीलाई भारी कर मिनाह गर्दा राज्यकोषमा आउने रकम त गुम्यो नै, कतिपय कम्पनीले कर फिर्तासमेत लगे । राज्यकोष रित्याउने निर्णयकर्ता शर्मा १२ मंसिरमा विशेष अदालतको आदेशबाट एक करोड रूपियाँ धरौटीमा छुटे ।

चूडामणि शर्मा
कर्मचारी

साहसी प्रहरी

दुर्गाबहादुर राना, जसले मतदान केन्द्रमा प्रहार गरिएको बम हातले समाएर फ्याँकेपछि चर्चामा रहे । उनले सम्भावित दुर्घटनाबाट सर्वसाधारणलाई जोगाए । १४ असार ०७४ मा दाङको तुलसीपुर उप-महानगरपालिका-३, अम्बासस्थित विद्यालयमा रहेको मतदान केन्द्रमा स्थानीय तह दोस्रो चरणको निर्वाचन हुँदै थियो । मतदाता लाइनमा थिए । त्यही बेला अज्ञात समूहले मतदान स्थलमा बम प्रहार गर्‍यो । विस्फोट भई क्षति पुग्नुअघि नै प्रहरी हबल्दार रानाले समातेर फ्याँकेको बम खेतमा विस्फोट भयो । जसका कारण सम्भावित ठूलो दुर्घटना टर्‍यो ।

तत्कालीन गृहमन्त्री जनार्दन शर्माले रानालाई भेटेर बहादुरीको प्रशंसा गरे । मन्त्रालयले एक तह पदोन्नतिसहित पुरस्कृत गर्‍यो । स्वदेश तथा विदेशमा रहेका पूर्वप्रहरी संगठनले समेत उनको बहादुरीको उच्च प्रशंसा गर्दै सम्मान गरे ।

दुर्गाबहादुर राना
प्रहरी



हिमालका शिक्षक

काठमाडौँमै जन्मे-हुर्केका **विनोद शाही**ले डोल्पाको यांगर गुम्बा प्राथमिक विद्यालयमा पढाउन थालेको डेढ दशक बित्न लाग्यो । स्वयंसेवी शिक्षकका रूपमा दुर्गम भेगमा शिक्षाको ज्योति छर्न लागिपरेका विनोद यस वर्ष एकाएक चर्चामा आए । कारण, उनी विश्वका उत्कृष्ट ४० शिक्षकमा परे । प्रतिष्ठित भार्गी फाउन्डेसनको सूचीमा पर्ने विनोद पहिलो नेपाली हुन् ।

एसएलसीपछि फाइन आर्ट पढिरहेका बेला बौद्धमा डोल्पाबाट आएका विद्यार्थीसँग विनोदको भेट भयो । उनीहरूकै साथमा विनोद डोल्पा पुगे । शिक्षक र चेतना अभावका कारण डोल्पाका विद्यालय बन्द थिए । उनी गएपछि यांकर गुम्बा र दशरथ चन्द प्रावि पुनः सुचारू गरियो । यही कारण उनले 'हिमालका शिक्षक'को उपमा पाएका छन् । डोल्पाको समग्र शैक्षिक विकासमा समर्पित विनोदको समन्वयमा जिल्लाका नौ विद्यालयका लागि १७ स्वयंसेवी शिक्षक काठमाडौँबाट जाँदै छन् ।

तस्बिर : केशव थापा

राष्ट्रिय क्रिकेट टिम र सन्दीप लामिछाने

नेपालका शान

विनोद शाही
शिक्षक

जिम्बाबेमा भएको क्रिकेटको विश्वकप छनोटमा पपुवान्युगिनी नेपालसँग ६ विकेटले पराजित भयो । र, त्यसपछिको अर्को खेलमा हङकङ नेदरल्यान्ड्ससँग पराजित भएसँगै **नेपाली राष्ट्रिय क्रिकेट टिम**ले अस्थायी एकदिवसीय मान्यता प्राप्त गर्‍यो । नेपालले अन्तर्राष्ट्रिय स्तरमा हात पारेको अहिलेसम्मको सबैभन्दा ठूलो उपलब्धि यही हो ।

सन्दीप लामिछाने, १७, इन्डियन प्रिमियर लिग (आईपीएल) खेल्ने पहिलो नेपाली बनेका छन् । दिल्ली डेयर डेभिल्सले उनलाई २० लाख भारतीय रूपियाँमा आफ्नो टिममा अनुबन्धित गरेको छ । नेपाललाई एकदिवसीय मान्यता दिलाउन पनि सन्दीपको भूमिका महत्त्वपूर्ण रह्यो । लेगब्रेक गुगली बलिङ सन्दीपको विशेषता हो । आईपीएलको छनोट चरणको खेलमा उनको बलिङबाट प्रभावित भएर दिल्ली डेयर डेभिल्सका प्रमुख प्रशिक्षक रिक्की पोन्टिङले टिममा राख्ने स्वीकृति दिएका हुन् ।

फोहोरमा मोहर

'फोर्ब्स एसिया'ले एसिया-प्यासिफिक क्षेत्रका लागि प्रकाशित गरेको '३० मुनिका ३०' सूचीमा नेपालकी **आयुषी केसी**, २८, पर्न सफल भइन् । नेपाललाई फोहोरमैलामुक्त बनाउन उनले सुरू गरेको सामाजिक व्यवसाय *खाली सिसी डटकम* सयौँ मानिसको आय आर्जनको स्रोत बनेको छ । हरेक महिनाको कुल आम्दानीबाट १० प्रतिशत फोहोर संकलकलाई दिइने गरेको छ ।

घरमा उत्पादन भएका फोहोर व्यवस्थापन तथा पुनःनवीकरण गर्नु यसको मुख्य उद्देश्य हो । अधिकांश फोहोर डम्पिङ साइट या नदीमा फाल्ने बानी बदल्नु छ आयुषीलाई । विभिन्न अन्तर्राष्ट्रिय स्तरका कार्यक्रममा नेपालको प्रतिनिधित्व गरिसकेकी आयुषीको यो व्यवसाय 'गुगल बिजनेस ग्रुप'ले आयोजना गरेको प्रभावकारी उद्यमहरूको प्रतियोगितामा विश्वभरका हजारौँलाई पछि पार्दै उत्कृष्ट ९ मा पर्न सफल भएको थियो ।

आयुषी केसी
व्यवसायी

तस्बिर : भास्कर ओझा

वर्षका १० आख्यान



पाठशाला

तीर्थ गुरूङकृत उपन्यास *पाठशाला*मा एक स्कुले ठिटोको डायरीमार्फत परिवार, समाज र शिक्षा क्षेत्रको टेढोमेढो चित्र छ ।



कठपुतला

तथ्य र स्वैरकल्पना घोलिएको अर्चना थापाको कथासंग्रह *कठपुतला*का आठवटै कथा शीर्षक, पात्र र कथानकमा फरक छन् ।



रानीवन

कृष्ण गौतमको उपन्यास *रानीवन*मा युवक र युवतीको एकदिने डेटिङको झिनो कथानकमार्फत नयाँ पुस्ताको समाजदृष्टि प्रस्तुत छ ।



योगमाया

नीलम कार्कीको उपन्यास *योगमाया*मा नारी विद्रोहकी प्रतीक मानिने योगमाया न्यौपानेको जीवनलाई तथ्य, कथ्य र कल्पनाको माध्यमबाट पुनर्लेखन गरिएको छ ।



हजार माइलको बाटो

काठमाडौंको काँठेली जनजीवन खिपिएको नारायण ढकालको उपन्यास *हजार माइलको बाटो*ले माओवादी विद्रोहको अँध्यारो पाटोलाई आख्यानीकरण गरेको छ ।



भुइँखाट

महेशविक्रम शाहको कथासंग्रह *भुइँखाट*मा मानवीय संवेदना, सामाजिक र राजनीतिक विडम्बनाका साथै युद्धका अभिघात समेटिएको छ ।



अविजित

विप्लव प्रतीकले *अविजित* उपन्यासमार्फत नेपालको वामपन्थी आन्दोलनले बिर्सिएको एक गुमनाम पात्रलाई नायकको हैसियत दिएका छन् ।



नथिया

सरस्वती प्रतीक्षालिखित पश्चिम नेपालको वादी बस्तीको कथानक समेटिएको यो उपन्यासले नारीलाई स्व-अस्तित्वको खोजका निम्ति प्रेरित गरेको छ ।



ऐलानी

वादी महिलाका कारूणिक कथाको मार्मिक विम्बसहित विवेक ओझाले *ऐलानी* उपन्यासमा भोक, भोग र सम्भोगको त्रिकोण तयार पारेका छन् ।



स्वप्निस्तान

सपनामाथि लेखिएका ४७ लघुकथामार्फत सुमन सौरभले सूक्ष्म कथादृष्टिको दृष्टान्त पेस गरेका छन् ।



दोचा

भाषा, विधा र शैलीमा विनिर्माण गर्न पोख्त कुमार नगरकोटी *दोचा*मा पनि पात्र र घटनाको गठजोडबाट पाठकलाई आफूसँगै डोऱ्याउँछन् ।



रजगज

वैधानिक निकायबाट राज्यकोषमा अवैधानिक हात लम्ब्याउनेहरूको सत्यतथ्य हरिबहादुर थापाको *रजगज*मार्फत उजागर भएको छ ।



समाजवादको यात्रा

डम्बर खतिवडाको *समाजवादको यात्रा* पुस्तकमा नेपाली वामवृत्तभित्र समाजवादको केन्द्रीयतामा हुने गलत क्रियाकलापको चित्रण छ ।



माइङ्गेना

सत्ताको सहजता र अनुकूलनमा लेखिएका इतिहासमा लुकाइएका सीमान्तकृत व्यथाको अनावृत्त छ, युग पाठकको *माइङ्गेना*मा ।



भुइयाँ

सरदर जीवनयापनका खातिर संघर्षरत किनारीकृतहरूको आँसुको लिपि हो, यज्ञशको *भुइयाँ* ।

वर्षका १० गैरआख्यान

लालटिनको उज्यालोमा

नेपाली समाजमा महिलाले पुरुषसँगै सहअस्तित्वको दाबी गर्न कति कठिन र चुनौतीपूर्ण छ भन्ने कुराको ज्वलन्त साक्ष्य हो, सरस्वती ज्ञवालीको *लालटिनको उज्यालोमा* ।



भूमण्डलीकरण र साहित्य

बजारमुखी उपभोक्तावादले गाँजेको सांस्कृतिक वर्चस्वको विपक्षमा छ, अमर गिरीको *भूमण्डलीकरण र साहित्य* ।



यार

नयनराज पाण्डेले *यार*मा गाढा-धूमिल, तीता-मीठा यादहरूको तस्बिर खिचेका छन् ।



महको म

जीवनको लामो हिस्सा कला-संगीतमा बिताएका कलाकार मदनकृष्ण श्रेष्ठले आफ्नै विगतलाई फर्केर हेरेको पुस्तक हो, *महको म* ।



नीपजन र नेपाल

नेपाल शब्दको व्युत्पत्ति-इतिहासमा केन्द्रित छ, दिवाकर आचार्यको *नीपजन र नेपाल* ।



वर्षका ५ फिल्म

तान्द्रो

दस वर्षसम्म चलेको माओवादी सशस्त्र विद्रोहको पूर्ण दस्तावेजीकरण होइन, *तान्द्रो* । विद्रोहमा सामेल एक घाइते योद्धाको जीवनप्रतिको प्रेम र अनुराग मात्र हो । तर, निर्देशक साम्तेन भुटियाले सोही पात्रमार्फत युद्धभित्रको मानवीयता/अमानवीयता, विद्रोहीहरूको मनोविज्ञान र द्वन्द्व, नागरिकको द्वेष, तत्कालीन शाही सेनाको ज्यादतीजस्ता पक्षलाई उतारेका छन् । कलात्मक प्रस्तुतिका हिसाबमा माओवादी विद्रोहमाथि बनेका मध्ये *तान्द्रो* एक सशक्त सिनेमा हो । मृत्यु पर्खिरहेको छापामारको भूमिकालाई दयाहाङ राईले जीवन्तता दिएका छन् ।

नाका

पात्र, कथा र कथा भन्ने नवीन शैलीले *नाका*लाई सम्झनायोग्य बनाएको छ । विद्यमान सूत्रको संक्रमणबाट मुक्त फिल्म नेपाल-तिब्बत नाकामा हुने मानव तस्करीमा केन्द्रित छ । निर्देशक अमित श्रेष्ठले यस्तो संवेदनशील कथाको सुरक्षित अवतरण गराएका छन् । मूल विषयलाई खँदिलो बनाउन सहायक कथा र पात्रको प्रयोग प्रभावकारी छ । निर्दयी र धोकेबाज तस्कर बनेका विपिन कार्की अनि उनका सहयोगी प्रकाश गन्धर्वजस्ता पात्र नेपाली पर्दामा सितिमिति देख्न पाइन्न । खासमा *नाका* नयाँपनको अभ्यासको उज्यालो प्रतिविम्ब हो ।

गाँजाबाजा



यो फिल्मको क्यानभास साघुँरो छ, दुई केटाको एकदिने गाँजा 'हन्टिङ' हो । निर्देशक गणेशदेव पाण्डेले कथालाई मूर्त बनाउन रोचक र विश्वसनीय दृश्यलाई प्रधानता दिएका छन् । पात्र अनुरूपको हुलिया, हाउभाउ र संवादले फिल्मको 'ब्युटी' बढाएको छ । मौलिक विषय र प्रस्तुति निर्माणमा तल्लीन नेपाली फिल्मका लागि *गाँजाबाजा*को योगदान उल्लेख्य हुन सक्छ । कन्टेन्ट र कमेडीको केमिस्ट्री सुहाउँदो छ । फिल्म सशक्त हुन स्टार होइन, जीवन्त अभिनय गर्ने कलाकार चाहिन्छ भन्ने प्रमाणित गरेका छन्, मुख्य कलाकारद्वय अनुपम शर्मा र सुशील सिटौलाले ।

देश खोज्दै जाँदा

झापाको शरणार्थी शिविरमा रहेका भुटानी शरणार्थीको पीडा र स्वदेश फर्कने तीव्र अभिलाषाको मार्मिक प्रस्तुति हो, *देश खोज्दै जाँदा* । निर्देशक प्रकाश आङदेम्बेले फिल्म कोरा मनोरञ्जन मात्र होइन, समाजको प्रतिविम्ब र सवाल खडा गर्ने माध्यम पनि हो भन्ने मान्यतालाई आत्मसात् गरेका छन् । शरणार्थीका स-साना भोगाइलाई काव्यिक स्वाद दिएका छन् । हामीकहाँ यस्तो जटिल विषयलाई पर्दामा पस्कने जाँगर र साहस भएका फिल्मकर्मीको खडेरी छ । सोही कारण नेपाली फिल्मको समृद्धि र दीर्घायुका लागि पनि *देश खोज्दै जाँदा*लाई बेवास्ता गर्न सकिन्न/मिल्दैन ।

घामपानी

तामाङ केटा र बाहुनी केटीको प्रेमविवाहको कथा हो, *घामपानी* । ग्रामीण भेगको जीवनशैली, फरक जातिको मनोविज्ञान, व्यवहार, प्रेमप्रतिको दृष्टिकोणलाई रोचक शैलीमा बुनेका छन्, निर्देशक दीपेन्द्र लामाले । सामाजिक सद्भाव जागृत गराउन पनि यस्ता कोटिका फिल्म प्रभावकारी हुन सक्छन् । यसले भिन्न जाति, संस्कृति र संस्कारलाई सम्मान गर्नुपर्ने सन्देश दिन्छ । न सूत्र र मसलामा रूमल्लिएको छ, न त कहीं-कतैबाट थोरै पनि 'कपी-पेस्ट' गरिएको छ । बरू, दयाहाङ राई र केकी अधिकारीको जोडी हाम्रो सन्दर्भमा झर्रो लाग्छ । ◆

ADMISSIONS OPEN

FROM NURSERY TO EIGHT

VACANCY ANNOUNCEMENT

Prolific Secondary School, Dhumbarahi invites application from the qualified dynamic & enthusiastic candidates for the following post:

S.N.	Levels	Subjects	Qualifications
1	Pre-primary Level	All	10+2 above & experienced/trained
2	Primary & Basic Level (1-5)	Maths, Science, English, Social Studies	10+2 or above in the related subjects
3	Primary & Basic Level (6-8)	Maths, Science, OBT, English, Social Studies	Bachelors' Degree
4	Secondary Level (9-10)	All Subjects	Masters' Degree in related subjects

** Walk in for interview with copies of academic records & updated CV.*
** Fluency in English is preferred .*
** Salary no bare for deserving candidates*

PROLIFIC SECONDARY SCHOOL

Dhumbarai, Kathmandu, Ph.: 01-4429411, 9841510582

घोकन्ते होइन, व्यावहारिक

बाल–मनोविज्ञानमा आधारित शिक्षण पद्धति उचित

विभु लुइटेल

विद्यार्थीलाई सिद्धान्त घोकाउनुपर्छ भन्ने मान्यताभन्दा निकै पर रहेका छन् अचेलका विद्यालयहरू । पढाइबाहेकका अतिरिक्त क्रियाकलापलाई महत्त्व नदिने विद्यालय अधिकांश अभिभावकको रोजाइमा पर्न छाडिसकेका छन् । विद्यार्थीलाई घोकन्ते विद्या दिनुको साटो मनोविज्ञान अनुसार अध्ययन गराउँदा उनीहरूको बाल-मस्तिष्कमा अझै निखार आउन सक्ने सिद्धान्त प्रमाणित भइसकेको छ । "अब पनि व्यावहारिक शिक्षालाई प्राथमिकतामा नराख्ने हो भने नेपालमा अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्रणाली लागू गर्न कैयौं वर्ष कुर्नुपर्छ," जगत् मन्दिर स्कुल, चाबहिलका प्रधानाध्यापक राजन आचार्य भन्छन् । विद्यार्थीको रुचि र प्रतिभा अनुसार विद्यालयले शिक्षण गराइरहेको उनको भनाइ छ ।

रिभेरा इन्टरनेसनल स्कुलका प्रधानाध्यापक प्रज्ज्वल कोइराला पनि यसमा सहमत छन् । विद्यार्थीलाई घोकन्ते शिक्षाभन्दा व्यावहारिक शिक्षण पद्धति अनुसार खेलका माध्यमबाट आवश्यक ज्ञान तथा सीप सिकाउने गरिएको उनी बताउँछन् ।

अहिले निजी बोर्डिडले अभिभावकबाट लिने महँगो शुल्कका विषयमा पनि धेरै विवाद सतहमा आउने गरेका छन् । तर, धुम्बाराहीमा रहेको प्रोलिफिक स्कुलका सञ्चालक हरि श्रेष्ठको भने यसमा बेग्लै धारणा छ । भन्छन्, "सामान्य परिवारका विद्यार्थीले पनि अन्तर्राष्ट्रिय स्तरको शिक्षा पाउनुपर्छ । धेरै शुल्क लिँदैमा विद्यार्थीले राम्रो शिक्षा पाउँछन् भन्ने ग्यारेन्टी हुँदैन । त्यसका लागि विद्यार्थीलाई व्यावहारिक शिक्षा दिनुपर्छ ।"

विद्यार्थीलाई व्यावहारिक शिक्षण पद्धति अनुसार अध्ययन गराउन खेलकुद, अतिरिक्त क्रियाकलापका साथै शैक्षिक भ्रमणजस्ता कार्यक्रम अगाडि बढाउनुपर्ने सुझाव उनको छ ।

विद्यार्थीलाई भविष्यको दक्ष र सक्षम नागरिक बनाउन घोकन्ते शिक्षण पद्धतिको साटो व्यावहारिक शिक्षा दिनुपर्ने तर्क गर्छन्, नरेफाँट, कोटेश्वरस्थित लालीगुराँस बाटिका स्कुलका निर्देशक सुदर्शन पराजुली । विद्यार्थीलाई व्यावहारिक शिक्षा प्रदान गर्न आफ्नो देशका परम्परा, संस्कार, मूल्य-मान्यताजस्ता विषय पनि सिकाउनुपर्नेमा उनी जोड दिन्छन् ।

विद्यार्थीलाई शिक्षाबाहेक धार्मिक, सामाजिक गतिविधिमा एकरूपता ल्याउन साना-ठूला सबै पर्व एकै ठाउँमा मनाउने गरिएको बताउँछन्, पेप्सीकोला, काठमाडौंस्थित नेक्सस स्कुलका सञ्चालक आरबी कटुवाल । विद्यार्थीलाई नियमित अध्ययन गराइने पाठ्यक्रमका अलावा धार्मिक, सांस्कृतिक पर्वबारे पनि जानकारी दिनुपर्ने उनको तर्क छ ।

स्कुले विद्यार्थीलाई व्यावहारिक शिक्षा प्रदान गर्न जापान, ताइवानजस्ता देशमा कक्षाकोठा सफाइ गर्ने, विद्यालयका उद्यानमा फूल रोप्ने तथा मलजल गर्नेसम्मका सबै काम गर्न लगाइने गरेको बताउँछन्, सरस्वतीनगर, चाबहिलको एपेक्स लाइफ स्कुलका कार्यकारी निर्देशक सुवास न्यौपाने । यस्ता कार्यले विद्यार्थीलाई कक्षा-कोठामा सीमित भएर दिइने शिक्षाभन्दा बाहिरी जीवन-कौशल सिक्न सहज हुने उनको बुझाइ छ ।

देशमा सरकारले जारी गरेका शैक्षिक सामग्री समयसापेक्ष नभएका गुनासा अभिभावक र सरोकारवाला निकायबाट आइरहेका छन् । स्कुले शिक्षालाई समयसापेक्ष बनाउन पाठ्यक्रम र व्यावहारिक शिक्षामा जोड दिन राज्यले नै पहल गर्नुपर्ने उनीहरूको भनाइ छ ।

विद्यार्थीलाई पाठ्यक्रममा भन्दा व्यावहारिक शिक्षामा जोड दिनेमध्येमा पर्छन्, बाँसबारी, काठमाडौंस्थित चाँदवाग स्कुल, वीरगन्जको दिल्ली पब्लिक स्कुल, ललितपुरका क्याम्पियन एकेडेमीका स्कुल तथा कलेज । त्यसका लागि यी स्कुलहरूले सबैमा एसईई र सीबीएसई बोर्डका पढाइ सञ्चालन गर्दै आएका छन् ।

विद्यालयमा अध्ययन गरिरहेका सबै विद्यार्थीलाई एकैखाले शैक्षिक प्रणाली लागू नगरिने र उनीहरूको मनोविज्ञान बुझेर सोही अनुरूपको पाठ्यक्रम अध्ययन गराइँदै आएको बताउँछिन्, सीजी ग्रुपकी महाप्रबन्धक गर्ली अग्रवाल । त्यसका लागि विद्यालयमा फुटसल, ई-पुस्तकालय, विज्ञान तथा कम्प्युटरका आधुनिक प्रयोगशाला राखिएको उनको भनाइ छ । ◆

GIVE YOUR CHILD THE GIFT OF PROPER EDUCATION.

Admission Open for 2075

from Montessori to Grade VIII

INTERNATIONAL QUALITY ASSURED NOW Nexus

An ISO 9001:2008 Certified School

Bringing world class education to you.

www.nexus.edu.np

Nexus International Academy Estd. 2005

Nexus INTERNATIONAL ACADEMY

Old Sinamangal, Pepsicola, Kathmandu
Tel.: 977+1-4990303, Email: Info@nexus.edu.np

JAS-ANZ ICS
www.jas-anz.org register
ISO 9001:2008
Reg No.: RQ977/8306

नारायणगोपालकै लागि जन्मिएकी

पेमाला बाँचुन्जेल नारायणगोपालकै लागि बाँचिन् र मृत्युपछि पनि नारायणगोपालकै लागि बाँच्ने सत्कार्य गरिन्

■ रमण घिमिरे

संगीतज्ञ बुलु मुकारुङको एउटा खिरखिरे मोटरबाइक थियो । जात थियो मोपेट । पाइडल पनि हान्न मिल्ने । मोपेट कहिलेकाहीँ बुलुजस्तै मुडी भइदिन्थ्यो । उकालो त देख्नै नहुने । थकित भरियाले झैँ स्वाँस्वाँ गर्न थाल्थ्यो र बीचमै सास छाडिदिन्थ्यो । अनि, त्यसलाई बुलु घिसार्थे र म ठेल्थेँ । कालोपुलको उकालोमा त्यसले धेरैपटक हाम्रो पाइन जाँचेको छ ।

हो, त्यही मोटरबाइकमा चढेर हामी बिहान-बिहान नारायणगोपालको घर पुग्थ्यौँ । प्रायः नारायण दाइ एक्लै भेटिन्थे । कहिलेकाहीँ काशीराम पनि हुन्थे तर विरलै । भाउजूलाई कहिल्यै देखेनौँ पनि । त्यस समय नारायण दाइ बढो फुर्सदिलो समय बिताइरहेका थिए । नाचघरको महाप्रबन्धकबाट निवृत्त भएका थिए, सायद ललितकला क्याम्पस पनि जान छाडिसकेका थिए । उनी रमाइला-रमाइला 'किस्सा' सुनाउँथे । अद्वितीय 'सेन्स अफ ह्युमर' भएका व्यक्ति थिए उनी । ठट्टा गरेका हुन् कि साँच्चै कुरा भनिरहेछन्, ठम्याउन धौ-धौ पर्थ्यो । हम्मेसी उनी हाँस्दैनथे । र, नहाँसी नै हामीलाई हँसाइरहन्थे ।

कुनै एक बिहानको कुरा हो, बुलु र म त्यही खिरखिरेको कान निमोठ्दै पुग्यौँ नारायण-पेमाला निवास । हामीले घन्टी थिच्यौँ । उनैले ढोका खोले । सायद नारायण दाइ चुरोटको सर्को लगाउँदै हार्मोनियमका पर्दामा कुनै नयाँ धुन फिटिरहेका थिए । हामीलाई बस्ने मौन संकेत गरे र हार्मोनियमको पर्दामा क्लिप लगाएर छेउतिर घचेडे । अनि बोले, 'बिहान-बिहान आइपुग्नुभएछ !' यो औपचारिकता मात्र थियो, वातावरण सहज बनाउने । किनभने, हामी बिहान-बिहान मात्र फुर्सदिला हुन्थ्यौँ । यसबारे उनलाई राम्रो हेक्का थियो ।

'कुन गीतमा अभ्यास गर्दै हुनुहुन्छ ?' प्रश्न गर्‍यौँ । यो पनि औपचारिकताका लागि वातावरण सहज पार्न । उनले भने, "खासै केही होइन । काम केही छैन । घरमा पेमाला पनि हुँदिनन् । अनि, यही हार्मोनियमसँग बेलाबेला गफ चुट्छु ।" वास्तवमा उनलाई भेट्न जानुको कुनै खास तात्पर्य या उद्देश्य हुँदैनथ्यो हामीसँग । हाँस्नै बिर्सेको मान्छेजस्तो लाग्थ्यो मलाई । कथम्‌कदाचित मुस्काइहाले पनि पातला जुँगा मात्र फुरफुर हल्लिन्थे । तैपनि, मौनता चिर्ने केही उपाय त खोज्नुपर्थ्यो ।

यस्ता भेट धेरै ठाउँमा धेरै भए नारायण दाइसँग । तर, त्यसबेलासम्म मैले उनकी धर्मपत्नी पेमाला गुरुवाचार्यसँग साक्षात्कार गर्ने अवसर पाएको थिइनँ । हामी नारायण दाइलाई भेट्न पुग्दा उनी कार्यालय गइसकेकी हुँदिरहिछिन् । पछि थाहा भयो, उनी कान्तिपथको ओरियन्टल बिमा कम्पनीमा जागिरे रहिछन् । त्यसैले पेमाला भाउजूसँग भेट्न मैले लामो समयको प्रतीक्षा गर्नुपर्‍यो । संयोग कस्तो भने नारायणगोपाल हुन्जेल जुर्न सकेन । उनी दिवंगत भएपछि नारायणगोपाल संगीत कोष स्थापित भयो । त्यसपछि पेमाला भाउजूसँग सम्पर्क र संगत गर्ने मौका पाएँ । अनि मात्र उनलाई देखेँ, चिनेँ र बुझेँ ।

पेमाला भाउजूसँग भेट्नुअघि मेरा कल्पनामा थोरै सुनेका र धेरै कल्पनामा निर्मित उनको बेग्लै छवि स्थापित थियो । त्यसअघि मैले केही प्रसिद्ध गायक-संगीतकारका पत्नीहरूको मनोभाव र व्यवहार अनुभव गरिसकेको थिएँ । तीमध्ये केही 'ख्यातनामा'का पत्नी लोग्नेको ख्यातिको अभिमानयुक्त भारी बोकेर हिँड्न कहलिएका थिए । घरमा गएर तिनका पतिका बारेमा सोध्यो भने उनी भित्र बोलेको आवाज बाहिर सुनिइरहेको हुन्थ्यो । तर, घरमा हुनुहुन्न भनेर ढोकाको जस्केलासम्म टेक्न नदिई फर्काइदिन्थे । यही अनुभवलाई आधार बनाएर मैले पेमालाको छवि निर्माण गरेछु, जुन नितान्त मिथ्यापूर्ण रहेछ ।

••

नारायणगोपाल संगीत कोष स्थापना भयो र बसन्त चौधरीले मलाई त्यहाँको काम गर्न खटाए । बसन्त कोषाध्यक्ष थिए । अन्तिम समयमा नारायणगोपालले 'बसन्तलाई अध्यक्ष बनाउनू' भनेर उर्दी जारी गरेका थिए भन्थिन् पेमाला । तर, बसन्तले नै उनलाई अध्यक्ष हुन कर गरेपछि उनी नारायणगोपालको कृति संरक्षण र उनको सपनाको बीउ छर्न अठोटको पटुका कसेर लागिपरेकी थिइन् ।

पेमाला गुरुवाचार्य नारायणगोपाल जीवित हुन्जेल उनकै लागि बाँचिन् । नारायणको देहावसानपछि पनि उनैका लागि बाँचिन् । उनी नारायणका सांगीतिक-यात्राको एकएक अभिलेख राखेर एउटा संग्रहालय बनाउन चाहन्थिन् । त्यसै अभिप्रायले पनि स्थापना भएको थियो, नारायणगोपाल संगीत कोष ।

नारायणगोपालका मुख्यतः दुई महान् सपना थिए, नेपाली अर्केस्ट्राको निर्माण र नेपाली भाषासँग सहकार्य गर्दै नेपाली संगीतको विकास र विस्तार गर्नु । त्यसबेला पेमालाका निद्रा र भोक भनेकै अर्केस्ट्रा निर्माण थियो ।

यसका लागि पनि उनी मरिमेटेर लागि परिन्, कहिल्यै हताश र निराश भइनन् । त्यही बेला नारायणगोपालको सम्झनामा एउटा भव्य सांगीतिक-साँझ गर्ने निर्णय भयो । नारायणगोपालका मीतज्यू गोपाल योञ्जनको सक्रियतामा प्रज्ञा-प्रतिष्ठानमा एक भव्य कार्यक्रम भयो, जसको आयोजनामा बसन्त चौधरीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यसपछि नारायणगोपाल स्मृति-विशेषांक निकाल्ने प्रस्ताव आयो । नारायणगोपालले कुनै बेला सम्पादन गरेको पत्रिका *बागीना*लाई नै स्मृति-अंकको स्वरूप दिने निर्णय भयो । सम्पादकको जिम्मेवारी मलाई दिइयो । र, सहायक सम्पादकको रविन

तस्बिर : नरेन्द्र श्रेष्ठ

नेपालीलाई । हामी भातपानी नभनी घरघर पुग्यौँ । अधिकांशका भनाइ टेपमा रेकर्ड गरी, त्यसलाई उतार्‍यौँ, सम्पादन गर्‍यौँ र छाप्यौँ । हामीले भदौरे घामपानी पनि भनेनौँ र माघे कठ्यांग्रे जाडोको पनि वास्ता गरेनौँ । त्यसको पछाडि पेमाला भाउजूको धाप र प्रोत्साहन थियो । यिनीहरूलाई भोक लाग्यो, थाके होलान् भनेर खाजा खुवाउँथिन् । आफ्नै भाइलाई जस्तो स्नेह गर्थिन् । यस कार्यमा नगेन्द्र थापा विशेष स्रोत हुन्थे । यसरी प्रकाशित भएको हो, *बागीना : नारायणगोपाल स्मृति अंक* ।

●●

पेमाला लामाले पहिलोपटक नारायणगोपालको स्वर सुनिन्, *रेडियो नेपाल*बाट । उनी त्यसबेला दार्जीलिङको गभर्मेन्ट कलेजमा पढ्थिन् । होस्टेलमा बस्थिन् । उनीसँगै बस्थिन् सिक्किमकी देविका राई । उनकी भान्छे दिदीको एउटा सानो ट्रान्जिस्टर थियो । शनिबार र आइतबार उतातिर बिदा हुने भएकाले उनीहरू त्यही भान्छे दिदीको रेडियोमा नेपाली गीत सुनेर सांगीतिक धित मार्ने गर्थे । त्यही रेडियोमा हो, पहिलोपटक उनले नारायणगोपालको स्वर सुनेको । त्यस दिन उनी लट्ठ परिन् । पहिले कतै नसुनेको, मन्त्रमुग्ध पार्ने, दोहोर्‍याएर सुनिरहूँ लाग्ने स्वर । सायद स्वरको मोहनी यसैलाई भन्छन् होला, उनलाई नारायणगोपालको स्वरले पहिलो झमटमै मोहनी लगायो । तर, उनलाई गीतका शब्द र लयले भने पटक्कै तानेनन् । उनलाई लाग्यो, यस्तो वजनदार, जादुगरी स्वरले हृदयमै हिर्काउने गम्भीर र मार्मिक गीत-संगीत पो गाउनुपर्थ्यो त !

पछि उनी अध्ययन सकेर दार्जीलिङको सुकियापोखरी (माइत)मा शिक्षण गर्न थालिन् । तापनि, त्यो दिन सुनेको नारायणगोपालको स्वरले उनलाई पछ्याउन छाडेन । उनी नारायणगोपालकी फ्यान नै भइन् र नारायणसँग वार्तालाप गर्न लालायित भइन् । नारायणसँग उनको स्वरको बयान गर्न चाहन्थिन् र त्यस्तो स्वरले यस्ता गीत गाउने होइन भनेर सल्लाह दिन पनि चाहन्थिन् । तर, सम्पर्कको कुनै माध्यम थिएन । आजजस्तो न मान्छेका हातहातमा मोबाइल फोन हुन्थे, न त इन्टरनेट, फेसबुक-ट्वीटरमा सर्च गर्नासाथ सम्पर्क सूत्र फेला पार्न सकिन्थ्यो । टेलिफोनसमेत दुर्लभ थियो ।

त्यसबेला पत्रमित्रताको खुब फेसन थियो । तर, पत्रमित्रता गाँस्न टाढाकी उनलाई काठमाडौँमा बस्ने नारायणगोपालको ठेगाना पाउन त्यति सजिलो थिएन । तर, उनले हिम्मत हारिनन् । उनले नारायणगोपालको ठेगाना धुँइधुँइती खोज्न थालिन् । धेरै खोजेपछि उतैका कलेज पढ्ने एक भाइ भीम मुखिया, काठमाडौँमा काम गर्दैछन् भन्ने पत्तो लगाइन् । तिनै भीमले पेमालाको अनुरोध पूरा गरिदिए । अनि, पेमालाले पहिलो पत्रमित्रतास्वरूप काठामाडौँमा पत्राचार गरिन्, नारायणगोपाल गुरुवाचार्यका नाममा । उनले नारायणलाई खालि यत्ति लेखिन्, 'म तपाईंको स्वरकी एक फ्यान हुँ । मलाई तपाईं चिन्नुहुन्न । तपाईंको कण्ठले मेरो मन छोयो ।' अर्को परिच्छेदमा मनको कुरा लेखिन्, 'तर, तपाईंले गाएको भन्दा अझ गम्भीर र मन छुने भावुक गीत गाइदिनुभए म अझ आल्हादित हुने थिएँ ।' नारायणगोपालले प्रत्युत्तर तुरुन्तै पठाइहाले । लेखेका थिए, 'म चाँडै बडोदा जाँदैछु, त्यसैले अब मलाई उतैको ठेगानामा पत्राचार गर्नू ।' अनि, नारायणले बडोदामा आफू संगीत अध्ययन गरिरहेको विश्वविद्यालयको ठेगाना पनि खामेर पठाइदिए ।

उनी असाध्यै खुसी भइन् । पछि बाक्लै पत्राचार हुन थाले । पेमालाले त्यस कालको सन्दर्भ कोट्याउँदै मसँग भनेकी थिइन्, "हाम्रा चिट्ठीमा गीत-संगीतका कुरा मात्र हुन्थे । हामीले कहिल्यै माया-प्रीतिका कुरा कोट्याएनौँ ।"

पत्रमित्रताले गाँसेको सम्बन्ध बिस्तारै-बिस्तारै बाक्लिँदै जान थाल्यो । उनीहरू गीत-संगीतको मात्र होइन, एकअर्काका जीवनकै मित्र हुन पुगे । भेटै नभएकी र देख्दै नदेखेकी पेमाला लामाको मायामा नारायण पनि चुर्लुम्म डुबे । उनी आफ्नी पत्रमित्रको एक झलक पाउन लालायित भए । अनि, बडोदाबाट घर फर्किंदा दार्जीलिङ पसे । यो सन् १९६४ को कुरा हो । आफ्ना परम मित्रद्वय नगेन्द्र थापा र गोपाल योञ्जनसँग मनको कुरा खोले र पेमालासँग भेट्न नारायण, नगेन्द्र, गोपाल र कर्म योञ्जन पुगे सिमानाको सुकियापोखरी र पेमालालाई भेटे ।



तस्बिर सौजन्य : राजकुमार श्रेष्ठ

त्यसको केही कालपछि नारायण र पेमालाले आजीवन सँगै बाँच्ने कसम खाए । र, विवाह बन्धनमा बाँधिए ।

उनीहरूको विवाह पनि अनौठोसँग भएको थियो । केही दिनअघि काठमाडौंमा नगेन्द्र थापाहरूले 'मीतज्यू नाइट' नामक भव्य कार्यक्रम गरेका थिए । खर्च कटाएर १८ हजार रुपियाँ संकलन भएको थियो । विसं ०२७ को कुरा हो, एक-दुई दिनपछि बिहानै नारायणगोपाल एउटा सुटकेस बोकर नगेन्द्र थापाको घरमा आए । नगेन्द्र नारायणगोपालको मनस्थितिलाई सम्झिन्छन् । भन्छन्, "सधैं ख्यालठट्टा गरिरहनुपर्ने नारान, त्यस दिन उदास थियो । मैले के भयो भनेर सोधेँ ।" उसले भन्यो, "म पेमालासँग बिहे गर्न जान लागेको, खल्तीमा सुको दाम छैन । म समस्यामा छु ।" मैले भनेँ, "अनि, किन यति सुर्ता गर्नुहुन्छ । पैसाको जोगाड भइहाल्छ नि ! आज यतै बस्नूस्, भोलि बिहान म व्यवस्था गरूँला ।" थापाले नारायणलाई शान्त बनाउँदै उपाय निकाले । उनीसँग मीतज्यू नाइटको १८ हजार रुपियाँ छँदै थियो अनि भोलिपल्ट बिहानै त्यसमा थपेर पुगनपुग २५ हजार रुपियाँको थैली नारायणगोपालको हातमा राखिदिँदै भने, "ल जानूस्, यतिले झ्याइँझ्याइँ बाजा बजाएर पनि बिहे गर्न पुग्छ ।" यसरी नारायण र पेमालाको विवाह भयो । विवाहमा नारायणका तर्फबाट जन्ती एक जना व्यक्ति मात्र थिए, कर्म योञ्जन । किनभने, उनका अनन्य मित्रद्वय गोपाल र नगेन्द्र काठमाडौंमै थिए ।

जेनतेन विवाह त भयो । तर, नारायणको परिवारले अनुमोदन गरेन । उनीहरू पोखरा गए र भूपी शेरचनको पाहुना भएर लामो समय बसे । पेमालाले रत्नराज्यलक्ष्मीदेवी र नारायणले अमरसिंह विद्यालयमा अध्यापन गरेर जीवन निर्वाह गरे । पोखराबाट फर्केपछि पनि उनीहरू एक वर्षजति मात्र सगोलमा बसे । त्यसपछि क्षेत्रपाटीमा डेरा लिएर सरे ।

उनीहरूका सन्तान नभएकामा पनि नारायणलाई धेरैले अर्को विवाहका लागि उकासेका थिए । विशेषतः यो अन्तर्जातीय विवाहका विरोधी परिवारजनले उनलाई दोस्रो विवाहका लागि उकासिरहे । केही निकटकाले उनीहरूलाई धर्मपुत्र राख्ने सल्लाह पनि दिए । तर, यस्तो सल्लाह पीडादायक थियो । अनि, उनीहरूले निश्चय गरे, धर्मपुत्रको साटो एउटा संगीत विद्यालय खोल्ने । तर, नारायणगोपालले 'नानु' (पेमालालाई नारायणले सम्बोधन गर्ने नाम)को साथ छाडेनन् । पेमालाको कोख शून्य भएको भने होइन । उनी गर्भवती भएकी पनि थिइन् । तर, उनको गर्भपात भयो । फेरि सन्तान जन्माउन नसक्ने स्थिति भएकाले उनीहरू आजन्म निःसन्तान भए । तर, कुनै दिन पनि उनीहरूबीच सन्तानका लागि बहस भएन । पेमालाले भनेकी थिइन्, "म उदास भएका बेला उहाँ सन्तानका कारण होला भनेर मलाई धाप दिँदै सुर्ता नलिन अनुरोध गर्नुहुन्थ्यो । भन्नुहुन्थ्यो, तिमी मेरी पत्नी मात्र होइनौ, जीवनसंगिनी पनि हौ । भविष्यमा हामी एउटा सांगीतिक विद्यालय खोल्नेछौँ, त्यही हाम्रो सन्तान हुनेछ ।"

वास्तवमै पेमाला नारायणगोपालकी असल सल्लाहकार थिइन् । नारायणगोपालले गाउने गीत र संगीतको छनोटमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिन् । नारायणगोपाल घरमै बसेर नयाँ-नयाँ गीत बनाउँथे । पेमाला कार्यालयबाट फर्किनासाथ काँधको ब्याग फ्यात्त हुत्याएर आज बूढाले के नौलो संगीत जन्माएछन् भनेर टेप रेकर्डरको बटन थिच्थिन् र सुन्थिन् । नारायणले पनि नयाँ गीत बनाउँदा पहिला उनैलाई सुनाउँथे । यस्तै बेला हो, उनले हरिभक्त कटुवालको प्रसिद्ध गीत 'मलाई नसोध कहाँ दुख्छ घाउ'को लय सुनेको । त्यो लयले उनको हृदय हल्लाएको थियो । तर, भूपी शेरचनलाई मन परेनछ ।

नारायणगोपाल त्यतिबेला पश्चिमी सांगीतिक शैली 'ब्लुज'माथि काम गरिरहेका थिए । यो गीत विशुद्ध ब्लुजको ढाँचामा ढालिएको थियो । त्यसैले नारायणले गाएका अघिल्ला गीतभन्दा नितान्त फरक शैलीको संगीत थियो यो । पेमालालाई मन परेपछि उनले यो गीत भूपीलाई सुनाए । भूपी र नारायणको सम्बन्ध त उनीहरूको विवाह हुँदादेखि नै घनिष्ठ थियो । नारायण पेमालालाई रिसिभर समाउन लगाएर भूपीलाई नयाँ धुन सुनाउँथे । त्यस दिन पनि पेमालाले टेलिफोनको रिसिभर समाइन् र नारायणले हार्मोनियम बजाउँदै भूपीलाई यो गीत सुनाए । तर, भूपीले मन पराएनन् । "उहाँ (नारायणगोपाल) यस मामालामा मुडी नै हुनुहुन्थ्यो," पेमालाले यसबारे मसँग कुरा हुँदा भनेकी थिइन्, "तर, उहाँले त्यही लयकै गीत रेकर्ड गर्नुभयो, भूपी दाइको कुरा पनि सुन्नुभएन ।"

हुन त नारायणगोपालले पेमालाले मन पराएका कतिपय गीत पनि रेकर्ड गरेनन् । उनी मनचित्तले नखाएसम्म कसैको कुरा सुन्दैनथे । तर, अधिकांश गीतको अन्तिम परीक्षक भने पेमाला नै हुन्थिन् । नारायणगोपाल जीवित हुँदा र उनी दिवंगत भएपछि पनि पेमाला भाउजूले नारायणका नाममा यति योगदान पुऱ्याइन् कि अन्ततः उनी नारायणगोपालकै लागि जन्मिएकी रहिछन् भन्ने सिद्ध गरेर गइन् ।

पेमालाले नारायणगोपालको निधनपछि उनैको वचनलाई समर्थन गर्दै नारायणगोपाल संगीत कोषको स्थापना गरिन् । विसं ०४७ मा स्थापित यस कोषमार्फत नारायणगोपालका कृतिलाई जीवन्त राख्न पेमाला भाउजूले आफ्नो घरखर्चलाई कटाएर आफ्नो तलब, नारायणगोपालका गीतको रोयल्टीलगायत सारा सम्पत्ति र जीवन नै खर्चिइन् । उनीहरूले बहुतै दुःख गरेर बनाएको घर पनि कोषका नाममा लेखापढी गरिदिइन् । भनौँ न, उनी बाँचुन्जेल नारायणगोपालकै लागि बाँचिन् र मृत्युपछि पनि नारायणगोपालकै लागि बाँच्ने सत्कार्य गरिन् । तर, पेमालाको जीवनकालभरि सम्भावनाको बाटो हिँडिसकेको संगीत कोष उनको मृत्युपछि भने यात्राहीन भएको छ । अब त यस्तो लाग्छ, एउटा संगीत विद्यालय खोल्ने र त्यसमार्फत नयाँ-नयाँ प्रतिभा जन्माउने नारायण र पेमालाका सपना सदाका लागि सपनामै सीमित रहने भए । ◆

कुमार नगरकोटी

डीपी भण्डारीको वेडिङ कार्ड

ग्राउन्ड फ्लोरको लिभिङ रुममा मौन बस्या छु । मन भने निर्मौन छ । अटोप्ले-मनमाथि मेरो कुनै नियन्त्रण छैन । चित्त बहलाउन भित्तामा अनेक चित्ताकर्षक चित्रहरू छन्, कफी टेबलमा मिल्क टी विथ थिन आरारुट बिस्कुट र म्यागजिनहरू छन् । तैपनि, मन म्लान्त छ, काया क्लान्त छ ।

यो डीपी भण्डारीको आश्रम हो । दुइटा सोफामा तीन जना बस्या छौं । एउटामा निर्मल बाबा बस्या छन् र अर्कोमा म छु, भण्डारीसितै । एकनासले भण्डारीलाई हेर्दो छु । र, उनीचाहिँ एकतमासले निरन्तर वेडिङ कार्ड खेलाइरहेका छन्, जसरी कुनै बालक आफ्नो खेलौना खेलाइबस्छ ।

यो रातो वेडिङ कार्ड कसले छाडेर गएको थियो ? डब्लू बी यिट्सले ? सन्तनेता कृष्णप्रसाद भट्टराईजीले ? अभि सुवेदीले ? खगेन्द्र संग्रौला या ओशोले ? भण्डारीलाई बिहेभोजमा निम्त्याउने मनुवा को थियो ? आजसम्म यिनी त्यही वेडिङ कार्ड सुमसुम्याइ बसेका छन् ।

१ वैशाख ०७४ । आफूले जीवनभर प्रेम गरेको मनुष्यलाई नूतन वर्षको शुभकामना व्यक्त गर्न म यसरी प्रकट भएको होइन । त्यसो त म शुभकामना-मैत्री-मानव पनि होइन । हू केयर्स शुभकामनाज् !

मलाई त यहाँ आउँदैछु भन्ने बोधसमेत थिएन । म त एकाबिहानै निर्मल बाबाको बाइकमा सहर-सर्फिङ गर्न हिँडेको थिएँ । उनैले मलाई यहाँ लुसुक्क ल्याइपुर्‍याए र डीपी भण्डारीसितै बसाउँदै भने, "भण्डारी एकातिर र नगरकोटी अर्कातिर ! यस्तो कसरी हुन सक्छ ? काठमाडौंका दुई जीवित आत्मा एकअर्कादेखि टाढा र अपरिचित कसरी रहन सक्छन् ? यो त अस्तित्वकै अपमान हुन्छ ।"

लौकिक मनुष्य डीपी भण्डारीलाई मैले सदा अलौकिक प्रेम गर्न रुचाएँ । एक गहन स्पिरिचुअल प्रेम । यिनका अनेक किस्सा र परिहास अनेकका मुखबाट सुनेँ । प्रिय लेखक खगेन्द्र संग्रौलालाई यिनले आत्मीयपूर्वक 'चाबेलको चाउरे' भनेको सुन्दा पुलकित भएँ । ओशोले आफ्नो प्रवचनमा प्रेमपूर्वक यिनको नाम लिँदा डबल पुलकित भएँ । यिनलाई स्नेह र स्निग्धताको गंगोत्री सम्झी आफ्नो किताब समर्पण गरेका मित्र शेखर खरेलको मुखबाट भण्डारीको अल्जाइमर्सबारे सुनेँ, तब म ट्रिपल पुलकित भइगएँ । लाग्यो, जगत्का सारा कुरा बिर्सीवरी भण्डारी इन्लाइटेन्ड भइगए ।

र, इन्लाइटेन्ड म्यानको हातमा अहिले वेडिङ कार्ड छ । कार्डलाई यिनी खामभित्र राख्ने अथक प्रयास गरिरा'छन् । ती हात र औँलाहरू हुरी-बतासमा अल्भ्केका पातझैं कामिरहेछन् । बेलाबेला चियाको मग उठाउँछन्, ओठमा पुर्‍याउँछन् । मग रित्तो छ, चिया अघि निखिसकेको छ । तैपनि, सुरुप-सुरुप गर्छन् । मुख मिठ्याउँछन् । र, पुनः कार्डलाई खामभित्र राख्ने प्रयास जारी राख्छन् ।

के यो त्यही मान्छे हो, जो हिटलरले नरसंहार गर्दा पुतलीहरू समाउँदै वन, उप-वन डुलिहिँड्थ्यो । के यो त्यही प्रोफेसर हो, जो आफूलाई प्रज्ञावान्, विद्वान् र चरित्रवान् नभई गोठालो ठान्थ्यो र एकताका साप्ताहिक लेखमार्फत सहरका युवतीको सेक्सी मनभित्र राज गर्थ्यो ? प्रत्येक पानामा मुग्ध हुँदै मैले पढेको किताब *मृगस्थली* लेख्ने मान्छे यही हो ?

"हो कुमार ! त्यो मै हुँ । तर, अचेल मैले उसलाई बिर्सिसकेको छु । मेरो स्मृतिमा अब त्यो मान्छेको कुनै अवशेष छैन ।"

कम्तीमा यस्तै केही भनिदिए पनि हुन्थ्यो । अफसोस ! यिनले सबैलाई बिर्सिसकेका छन् र यिनलाई पनि सबैले बिर्सिसकेका छन् । जस्तो कि, गृह-बुहारीले भर्खरै भनेकी छन्, "हिजोआज बुबालाई कसैले याद गर्दैन । उहाँलाई पनि कसैको याद रहन्न ।"

हरेक मान्छेको मनभित्र यादहरूको एउटा संग्रहालय हुन्छ । ती यादहरू कहिले तीर्थयात्रामा निस्कन्छन्, कहिले शवयात्रामा । भनिन्छ, शवयात्रामा हिँडेका यादहरू नर्क पुग्छन् र तीर्थयात्रामा हिँडेका यादहरू स्वर्ग । डीपी भण्डारीका केही यादहरू नर्क गए हुनन्, केही याद स्वर्ग ।

यादहरूबिना मान्छे अनाथ हुन्छ । के म आज त्यही अनाथलाई भेट्न आएको हुँ ? यस्तो लाग्दैछ, कम्पित औँलाहरूमा चलमलाइरहेको कार्ड यिनको अन्तिम याद हो र खाम हो मन । आफ्नो रित्तो मनभित्र यिनी बाँकी रहेको अन्तिम यादलाई सँगाल्न चाहन्छन् । सजाएर राख्न चाहन्छन् ।

अन्ततः म उनको हातबाट वेडिङ कार्ड र खाम लिन्छु । उनी मलाई अज्ञेय भावले हेर्छन् । मेरो पालो कार्डलाई खामभित्र राखेर बन्द गर्छु । बन्द खाम उनैको हातमा प्रेमपूर्वक थमाइदिन्छु र भन्छु, "सर यो अन्तिम यादलाई मैले तपाईंको मनभित्र राखिदिएको छु । यसलाई सम्हालेर राख्नूस् ।"

उनको बालसुलभ मुहारमा कृतज्ञताको भाव झल्किन्छ ।

मान्छेलाई बाँच्नका निम्ति सायद एउटै याद पर्याप्त हुन्छ । त्यो यादको रचना मैले भर्खरै गरेको छु । डीपी भण्डारीको यो पहिलो एवं अन्तिम भेट यसरी यादगार भएको छ । निर्मौन मन पनि त मौन छ । यो आश्रममा म अब हजारौं वर्षको विश्राम लिन सक्छु ।

नयाँ वर्ष ! तिमी आउँदै गर्नू, जाँदै गर्नू । दुइटा कुरा भने सदा मनन गर्नू :

१. शुभकामनाको काइते औपचारिकताद्वारा नगरकोटी र भण्डारीलाई कदापि डिस्टर्ब नगर्नू ।

२. आइन्दा यहाँ कहिल्यै पनि वेडिङ कार्ड नल्याउनू । ♦

स्न्यापच्याटमा ग्रुप भिडियो च्याट

*स्न्यापच्याट*ले ग्रुप भिडियो च्याट फिचर सुरू गरेको छ । जसमा, एकैपटकमा १६ जना प्रयोगकर्ताले एक-आपसमा च्याट गर्न सक्नेछन् । यसमा पनि सबैभन्दा रमाइलो फिचर के छ भने ग्रुप च्याटमा टेक्स्ट, भिडियो वा अडियोमार्फत जोडिने भन्ने निर्णय प्रयोगकर्ता आफैंले गर्न सक्छन् ।

जस्तै, कुनै ग्रुप च्याटमा तपाई हुनुहुन्छ र त्यसमा आफ्नो भिडियो नदेखियोस् भन्ने चाहनुहुन्छ भने तपाईंले आफ्नो भिडियो अफ गरेर अडियोमार्फत च्याट गर्न सक्नुहुन्छ । अथवा, टेक्स्ट लेखेर मात्रै पनि त्यो ग्रुप च्याटमा सामेल हुन सक्नुहुन्छ । भिडियो च्याट प्रयोग गर्दा पनि *स्न्यापच्याट*मा उपलब्ध सबै फेस फिल्टर प्रयोग गर्न सकिन्छ । र, यसले ग्रुप च्याट फिचरलाई झनै रोचक बनाएको छ । एकैपटक यति धेरै प्रयोगकर्ता जोडिन सक्ने र जुनसुकै माध्यमबाट पनि च्याटमा सामेल हुन सक्ने फिचर अन्य कुनै सोसल मिडियाले सुरू गरेका छैनन् । तर, *स्न्यापच्याट*को सिको गर्दा अरूले पनि यो फिचर सुरु गर्ने अनुमान गरिएको छ ।

ग्रुप च्याटसँग *स्न्यापच्याट*मा अर्को अपडेट पनि आएको छ । *स्न्यापच्याट*मा स्टोरीहरू सेयर गर्दा त्यसमा अन्य प्रयोगकर्तालाई पनि मेन्सन गर्न सकिन्छ । यसबाट ती स्टोरीमा प्रयोगकर्ताबीचको संलग्नता र कुराकानी झनै बढ्ने अनुमान छ ।



नेपाल आइपुग्यो फोर्डको मस्ट्याङ

फोर्डको बहुचर्चित मस्ट्याङ कार नेपालमा पनि उपलब्ध भएको छ । हालै नेपाली बजारमा लन्च गरिएको मस्ट्याङ गाडीलाई १ करोड ६९ लाख रूपियाँ पर्छ । यो गाडीलाई पछिल्लो नाडा अटो शोमा प्रदर्शनका लागि राखिएको थियो ।

नेपालमा लन्च भएको मस्ट्याङ कारमा पाँच लिटर अर्थात् पाँच हजार सीसीको भीएट इन्जिन छ । जसले ४ सय १० ब्रेक हर्षपावर बराबरको शक्ति निकाल्छ । र, यो कारमा ६ गियरको म्यानुअल ट्रान्समिसन सिस्टम छ । परिस्कृत इन्जिन र राम्रो ट्रान्समिसन सिस्टम भएका कारण यो मस्ट्याङ अघिल्ला मोडलभन्दा राम्रो माइलेजसहित अझ तेज गतिमा कुद्न सक्षम रहेको दाबी गरिएको छ ।

मस्ट्याङ कारको इन्फोटेनमेन्ट पनि आधुनिक प्रविधियुक्त छ । यसले गाडीहरूका लागि बनाइएको *गुगल*को एन्ड्रोइड अटो वा एप्पलको कार प्ले दुवै सपोर्ट गर्छ । जसको मद्दतबाट गाडी चलाउँदै गर्दा बोलेरै स्मार्टफोन प्रयोग गर्न सकिन्छ । र, बोलेरै कमान्ड दिएर यसमा नेभिगेसन, अडियोलगायतका फिचर पनि प्रयोग गर्न सकिन्छ ।



गुगल ड्राइभमा अपडेट

*गुगल*ले सुरू गरेको *गुगल* ड्राइभ क्लाउड स्टोरेज सर्भिस हो । जहाँ प्रयोगकर्ताले आफ्ना फाइल सुरक्षित राख्नुका साथै अन्य प्रयोगकर्तासँग अनलाइन फाइल सेयर गर्न सक्छन् । *गुगल* ड्राइभमा ई-मेलमार्फत फाइल सेयर गर्ने गरिन्छ ।

अचेल च्याट गर्दा देखिने स्मार्ट रिप्लाइजस्तै *गुगल*ले सेयरिङमा पनि त्यस्तै स्मार्ट फाइल सेयरिङ प्रयोगमा ल्याउन निकै कसरत गरेको थियो । र, हालै *गुगल* ड्राइभमा आएको अपडेटबाट यो सम्भव भएको छ । यसका लागि स्मार्ट चेकर फिचरलाई पहिलेको तुलनामा झनै प्रभावकारी बनाइएको छ ।

अब आफ्नो *गुगल* ड्राइभमा भएको जुनसुकै फाइल कसैसँग सेयर गर्नुअघि उक्त प्रयोगकर्तालाई यसअघि त्यो फाइलसम्मको पहुँच भए-नभएको जाँच गर्छ । र, त्यसै अनुसार सुझाव पनि दिन्छ । प्रयोगकर्ताले *गुगल* ड्राइभमा स्टोर गरेका जुनसुकै फाइल बढीमा ३० जनासम्मलाई सेयर गर्न सक्छन् । त्यस्तै, पहुँच हुनुपर्ने प्रयोगकर्तालाई फाइलमा अनुमति दिइएको छैन भने ती प्रयोगकर्तालाई फाइल एक्सेसको अनुमति दिन पनि यसले सुझाउँछ । पछिल्लो अपडेटपछि *गुगल* ड्राइभमा फाइल सेयर गर्न निकै सहज महसुस गरिएको छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट
हो रै छ, अर्घाखाँची सिमेन्ट नै सबैभन्दा उत्कृष्ट रै छ !
अर्घाखाँची सिमेन्ट
USE NO HOOKS
अर्घाखाँची
सिमेन्ट
अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सि.)
ग्राहक सेवा केन्द्र
उत्पादक:
अर्घाखाँची सिमेन्ट प्रा. लि.
मैनहीया, रुपन्देही
नेपालमा बनेको
50 KG Net (When Packed)
सही मूल्य, सही तौल, सही गुणस्तर
आफ्नै खानीको चुनढुंगा
सबैभन्दा बलियो र भरपर्दो
अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधि
सुरक्षित भविष्य
आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधिबाट उत्पादन गरि सही तौल मापन गरिएको सम्भवत: नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग।
सबैभन्दा स्तरीय सिमेन्ट
PRISMA - OSM/18

तस्बिरहरू : महेश प्रधान

कुर्दाकुर्दै हैरानी

व्यावसायिक रूपमा *गाजलु* औसत रह्यो । यही फिल्मबाट अभिनय यात्रा सुरु गरेकी सृष्टि श्रेष्ठले धेरथोर तारिफ बटुलिन् । एकाध अवार्ड पनि जितिन् । सोही कारण पूर्वमिस नेपालसमेत रहेकी सृष्टिको करिअरले गति लिने विश्वास गरिएको थियो । उनी आफैं पनि उत्साही थिइन् । तर, दुई वर्ष बित्यो, उनको दोस्रो फिल्म प्रदर्शन हुन सकेको छैन । त्यसो त यसबीचमा उनले कुनै फिल्म भने नपाएकी होइनन् । *रोमियो एन्ड मुना*को सुटिङ सकिएकै ६ महिना बित्यो तर प्रदर्शनको अत्तोपत्तो छैन । सविर श्रेष्ठ निर्देशित *बाँध मायाले*को हालत उस्तै छ । उता, दुवै फिल्म पोस्ट प्रोडक्सनमा अड्किएका छन् । यता, सृष्टिको करिअर अड्किएको छ । क्या फसाद ! ◆

ज्यानकै सुर्ता

कलाकारको रूपभन्दा फिल्मको बढी चर्चा हुनुपर्ने हो तर वर्षा राउतको हकमा अलि भिन्न छ । *जात्रा, नाइँ नभन्नु ल ४* लगायतका फिल्मबाट प्रशंसा बटुलेकी वर्षालाई शरीरको मोटाइले टाउको दुखाएको छ । अचेल जब वर्षाको कुरा हुन्छ, अभिनय वा फिल्मभन्दा उनको मोटो ज्यानकै अधिक चर्चा हुन्छ । हरेक अन्तर्वार्तामा वर्षालाई मोटोपनकै बारेमा प्रश्न सोधिन्छ, उनी कहिले ज्यान घटाउँदै छु भन्छिन् त कहिले मोटाएको चिन्ता छैन भन्दै उम्किन्छन् । तर, सत्यचाहिं उनलाई आफ्नै ज्यानको सुर्ता छ । *शत्रु गते* उनले मोटोपनकै कारण नखेलेको/नपाएको बताइन्छ । अन्य कतिपय फिल्मको प्रस्ताव पनि अस्वीकार गर्नुपरेको छ । कतै उनको फिल्मी करिअरमै ज्यान बाधक बन्ने त होइन ? भन्नै कलाकारको हुलियाभन्दा अभिनय कौशल सर्वथा प्रधान हुन्छ । ◆

आफ्नै हिरोलाई व्यंग्य

प्रदीप खड्का *प्रेमगीत*बाट आमदर्शकमा चिनिए, पल शाह *म यस्तो गीत गाउँछु*बाट । दुवै फिल्मका निर्देशक हुन्, सुदर्शन थापा । रमाइलो कुरा, आफैंसँग काम गरेका यी दुई अभिनेतामाथि सुदर्शनले व्यंग्य कसेका छन् । कारण यस्तो छ, पलले एक अन्तर्वार्तामा भनिदिए, 'हामी तीन-चार जनाले मात्र फिल्म उद्योग धान्न सक्दैनौं । हामीजस्ता नायक अझ १०-१२ जना चाहिन्छन् ।' जबकि, पलको अपरिपक्व अभिनयको निकै आलोचना हुन्छ । उनले यसो भनिरहँदा प्रदीपचाहिं 'हो मा हो' मिलाइरहेका थिए । पल र प्रदीप यही कारण 'ट्रोल'को सिकार भए । किनभने, कामको स्तरभन्दा घमन्ड हाबी भयो । त्यही भिडियो *फेसबुक*मा पोस्ट गर्दै सुदर्शनले लेखेका छन्, 'फिल्म बोलबच्चन भएर चल्दैन, अभिनयले चल्छ । याद गर्नू ।' सुदर्शनको भनाइ आफैंमा गलत होइन । तर, यहाँ बिर्सन नहुने पक्षचाहिं प्रदीप र पलसँग उनको सम्बन्ध सुमधुर छैन । ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423**
for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म
For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD
05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

‘खानेकुरा राम्रो भए पढाइ पनि राम्रो’

गयालरीमा चित्रकला प्रदर्शनी हुनु अनौठो हुँदै होइन । तर, काठमाडौँको बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा विभिन्न कलाकारले रंग्याएका चित्रकला प्रदर्शनीमा राखिएको छ, कलिला स्कुले विद्यार्थीका लागि खाजा जुटाउन । टेकुमा रहेको सरकारी विद्यालय सरस्वती निकेतन माविले सञ्चालन गरेको प्रदर्शनीको नाम दिइएको छ, 'होप' अर्थात् आशा । प्रदर्शनीको संयोजक रहेका विद्यालयका कला-शिक्षक **मदन श्रेष्ठ**संगको भलाकुसारी :

चित्रकला प्रदर्शनीको उद्देश्य के हो ?

यो एउटा च्यारिटी कार्यक्रम हो । प्रदर्शनीमा राखिएका चित्र बेचेर आएको रकम बैंक खातामा राख्ने र त्यसबापतको ब्याज विद्यालयका पूर्वप्राथमिक विद्यार्थीको खाजा खर्चमा प्रयोग गरिनेछ ।

तस्बिर : भास्वर ओझा

बालबालिकाको खाजाका लागि किन खर्च गर्नुपरेको ?

सरकारी विद्यालयमा पढ्ने बालबालिकाको पारिवारिक-आर्थिक अवस्था कमजोर हुन्छ । कतिपय बालबालिका खाजा नै नलिई आउँछन् । लिएर आउनेहरूको पनि दैनिकजसो बिस्कुट, चाउचाउजस्ता ‘जंक फुड’ मात्रै हुन्छ । स्वास्थ्यवर्द्धक खानेकुरा हुँदैन । कम्तीमा विद्यालयमा उनीहरूलाई सन्तुलित खाजा खुवाउन सकिन्छ कि भनेर यस्तो प्रदर्शनी गरेका हौँ ।

खाजामा भन्दा उनीहरूलाई छात्रवृत्ति वा अन्य यस्तै शैक्षिक कार्यमा खर्च गर्दा अझ राम्रो हुन्थ्योजस्तो लाग्दैन ?

पढाइभन्दा पहिले त खाना नै आउँछ । स्वस्थ खाना भयो भने पढाइ स्वतः राम्रो हुन्छ । खानेकुरासँग पढाइको गहिरो सम्बन्ध हुन्छ । बच्चाहरूको शारीरिक र मानसिक विकासका लागि खानेकुरा नै महत्त्वपूर्ण हो । खाजाका कारण पढाइमा समस्या देखिएपछि यस्तो निर्णय भएको हो ।

भनेपछि यो तपाईंहरूको अनुभव हो ?

हो । केही वर्षदेखि विद्यालयका शिक्षकले नै सके अनुसार पैसा उठाएर बालबालिकाको खाजा जोहो गर्दै आएका थियौँ । यसबाट उनीहरूको पढाइमा राम्रो प्रभाव देखियो । त्यसपछि यसलाई थप व्यवस्थित गर्न रकम जुटाउने उपायको खोजीमा लागेका हौँ ।

पूर्वप्राथमिक तहमा कति विद्यार्थी छन् ?

१ सय ८० जना ।

चित्र बेचेर कति रकम उठाउने लक्ष्य छ ?

१३ लाख रुपियाँ जुटाउने लक्ष्य राखेका छौँ । यसअघि हामीले ‘फुड फेस्टिबल’ गरेर सात लाख रुपियाँ जम्मा गरिसकेका छौँ । २० लाख रुपियाँ जम्मा गर्न सकिए पूर्वप्राथमिक तहका बालबालिकालाई खाजा खुवाउने रकम पुग्छ ।

विद्यार्थी संख्या बढेमा खाजा खर्च पनि स्वतः बढ्छ । यदि त्यस्तो भयो भने थप खर्च कसरी जुटाउने योजना छ ?

हाम्रो विद्यालयमा विद्यार्थी संख्या बढिरहेको छ । त्यसैले यस्तो समस्या पनि आउन सक्छ । तर, हामीले त्यतिबेला केही न केही उपाय निकाल्नेछौँ । अहिले यसै भन्न सकिँदैन ।

चित्रकला प्रदर्शनीका लागि कलाकारलाई कसरी मनाउनुभयो ?

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द डंगोल आफैँ पेन्टिङ गर्नुहुन्छ । उहाँ यसअघि यही विद्यालयको शिक्षक हुनुहुन्थ्यो । उहाँ र मैले नै बालबालिकाको पढाइका लागि कलाकारहरूले चित्र बनाइदिए राम्रो हुन्थ्यो भन्ने सल्लाह गर्‍यौँ । अनि, आफूसँग सम्पर्कमा भएका कलाकारलाई अनुरोध गर्‍यौँ । शशिविक्रम शाह, किरण मानन्धर, उदयचरण, समुद्रमान श्रेष्ठदेखि कलेज तहका ९२ जना कलाकार सबैले हामीलाई पेन्टिङ दिए । एक सयवटा पेन्टिङ छन् ।

॥ मनबहादुर बस्नेत

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

॥ जनक नेपाल

नेपालगन्जमा १९ वर्ष

नेपालगन्जले मलाई पत्रकार बनायो र १९ वर्ष त्यहीं हुर्कायो । यसबीचमा माओवादी 'जनयुद्ध' उत्कर्षमा पुग्यो र शान्तिपूर्ण अवतरण गर्‍यो । संघीयता प्राप्तिका लागि मधेसले नेपालगन्जबाटै विद्रोह सुरु गर्‍यो । नेपालमा महिला क्रिकेटको उदय पनि यसै सहरबाट भयो । यी घटनाको उद्गमथलो नै बन्यो, नेपालगन्ज । एउटा रिपोर्टरका रूपमा यी सबैको साक्षी बन्ने मौका मलाई जुर्‍यो ।

युद्धको बेस क्याम्प



विसं ०५५ तिर माओवादी 'जनयुद्ध' चर्किएका बेला मैले मध्यपश्चिमलाई रिपोर्टिङको कार्यक्षेत्र रोजेको थिएँ । संकटकालपछि खारा, कुसुम, गणेशपुर, सतबरिया, भालुवाङजस्ता ठूलो मानवीय मूल्य गुमाएका भिडन्त स्थल पुगेर आलै रिपोर्टिङ गरियो । सयौं शव र हजारौं घाइते देख्नुपर्‍यो । त्यसभन्दा धेरै द्वन्द्वपीडितका दुःख र आँसुलाई नजिकबाट हेरियो ।

युद्ध जहाँ-जहाँ भए पनि त्यसको बेस क्याम्प नेपालगन्ज बनेको थियो । भिडन्तको खबरले रातभर अनिँदो भएर आफन्तहरू सबेरै विमानस्थल र अस्पताल पुग्थे । आफन्तको वियोगमा मूर्च्छा परेर ढलेका परिवारजनको तस्बिर कसरी लिने ! दुःखको व्यथा कसरी सोध्ने ! त्यो गाह्रो काम पेसागत धर्म ठानेर गरियो ।

द्वन्द्वको मारमा आफैं पनि परियो । दुवैथरी बन्दुकधारीले आफ्नो पक्षमा कलम चलाउन पटक-पटक धम्क्याए । माओवादी नेताको तस्बिर भेटिएकै कारण सेनाको नियन्त्रणमा बस्नुपर्‍यो । अनि, अनुमतिबिना रिपोर्टिङमा आएको भन्दै 'जनअदालत'मा मुद्दा खेप्नुपर्‍यो । अहिले सम्झँदा लाग्छ, धन्न बाँचिएछ र त रिपोर्टिङमा फेरि कुद्न पाइएको छ ।

महिला क्रिकेट

नेपालमा महिला क्रिकेट खेलिंदैनथ्यो, विसं ०६१ सम्म । नेपालगन्जका स्कुले छात्राहरूले त्यो रहर देखाए । क्षेत्रीय क्रिकेट संघले पहल गर्‍यो । अनि, बल र ब्याट लिएका छात्राहरू मैदानमा देखिन थाले । केटाहरू 'अब्बे देखो, क्रिकेटर' भन्दै मजाक उडाउँथे । माघे झरीमा पनि अभ्यास रोकिएन । सहकर्मी वेदप्रकाश तिमिल्सेनालाई लिएर छात्राहरूको क्रिकेट अभ्यास हेर्न नेपालगन्ज र कोहलपुरका थुप्रै स्कुल चहारियो । महिला क्रिकेटको थालनी पक्कै महत्त्वपूर्ण समाचार थियो । हामीले लेख्यौं र पठायौं । त्यो समाचार *कान्तिपुर*मा एंकरका लागि छानियो । तर, पालो कुर्नुपर्‍यो ।

भोलिपल्टै १९ माघ ०६१ । राजा ज्ञानेन्द्रको सम्बोधनलगत्तै टेलिफोन काटिए । काठमाडौंसँग पूरै सञ्चार विच्छेद भयो । फोन-फ्याक्स बन्द भएपछि के रिपोर्टिङ गर्ने ? कसरी पठाउने ? सेना र प्रहरीका गाडीहरू त्रास फैलाउँदै रफ्तारमा कुदिरहेका थिए । नेताहरू कता छन् ? कांग्रेस नेता सुशील कोइराला निवास पुगेको केहीबेरमै प्रहरीले उनलाई पक्राउ गर्‍यो । सञ्चारमाध्यमका कार्यालयमा सैनिक टोली पुगिसकेको थियो । पत्रकारहरूले स्थानीय सञ्चारमाध्यम बन्द गरेर सीमापारि रूपैडिया पुगेर प्रेस स्वतन्त्रताका लागि प्रदर्शन सुरु गरे । त्यो नै शाही कदमविरुद्धको पहिलो आवाज थियो ।

अर्को दिन अखबारमा राजनीतिक समाचार थिएनन् । एंकरका लागि राखिएको समाचार मुख्य समाचार बनेछ । क्रिकेटको 'ब्रेकिङ' कभरेज जायजै थियो । तर, त्यो क्रिकेटको समाचार छाप्ने समय थिएन । पछि तिनै किशोरी क्रिकेटरहरू अन्तर्राष्ट्रिय मैदानसम्म पुगे । सुरुआती १४ सदस्यीय राष्ट्रिय क्रिकेट टोलीमा कप्तान नेरी थापा मगरसहित सात सदस्य नेपालगन्जकै थिए ।

मधेस विद्रोह

तस्बिरहरू : जनक नेपाल

९-११ पुस ०६३ । दुई कारणबाट नेपालगन्जले सधैं सम्झिरहने मिति हो यो । एक, सद्भावना पार्टीले आह्वान गरेको मधेस बन्द भड्किएर भएको मधेसी-पहाडी दंगा । अर्को, त्यही असन्तुष्टिको जगमा उठेको मधेस विद्रोह ।

बन्दमा त्रिभुवन चोक र सदरलाइन बन्द भए पनि सुर्खेत रोड खुलै थियो । बन्दकर्ता लाठी लिएर निस्किए । सटरहरू फटाफट बन्द हुन थाले । बन्दकर्ताले बीपी चोकको एउटा होटलमा पकाइरहेको खाना फ्याँकिदिए । होटलवालाले प्रतिकार गर्दै बन्दकर्तालाई लखेटे । भागेका बन्दकर्ताले रोकिरहेका माइक्रोबस र कारमा त्यो आक्रोश पोखे । थुप्रै गाडीका सिसा फुटाइए । विरोधमा अर्को दिन यातायात व्यवसायीले निकालेको प्रतिकार जुलुस र मधेसी कार्यकर्ताहरू आमने-सामने भए । ढुंगा हानाहान भयो । बीपी चोकमा एउटा समुदाय विशेषका पसल छानीछानी आगो लगाइयो, लुटपाट मच्याइयो । त्रिभुवन चोकमा अर्को समुदायविरुद्ध त्यस्तै व्यवहार गरियो । मधेसी समुदायविरुद्ध गरिएका हर्कत र आगजनीको भिडियो एक माओवादी कार्यकर्ताले खिचेका थिए । दंगा रोकिएपछि उनले त्यसको सिडी बनाएर नेता मातृका यादवलाई दिए । यादवले हृदयेश त्रिपाठीलाई देखाए । पछि मध्यतराईमा आन्दोलन उठाउन त्यो सिडी गाउँ-गाउँमा देखाइयो ।

नेपालगन्जबाट सुरु भएको मधेस आन्दोलनले मुलुकलाई संघीयतामा लगेको छ । तर, भित्रभित्रै सल्किएको मधेसी-पहाडी भड्काउ अभियान मत्थर हुन भने अझै केही समय लाग्नेछ । यो सहरले यस्ता विविध सामाजिक असन्तुष्टि, दंगा र हिंसा बेहोरेको छ । तर, आफैं सम्हालिएर छिट्टै उठ्न सक्ने सद्भावपूर्ण सामर्थ्य मैले नेपालगन्जमा मात्र देखें । ◆

PREMIUM QUALITY
100% PURE VODKA
Nepal's No.1 Vodka
OLD
NEW
Ruslan
VODKA
Triple Distilled
FOR OUTSTANDING SMOOTHNESS
70° PROOF | 750 ML
BLENDED & BOTTLED BY VIJAY DISTILLERY P LTD. NAWALPARASI, NEPAL
PRESENTING
THE STUNNING
NEW PACK...
IT'S TIME TO REVEAL
YOUR FUN-SIDE.
/RuslanVodka
Your friends from Jawalakhel remind you to drink responsibly!

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.